का.जि.प्र.का.द.नं. १००/०५२/६०
२९ कार्तिक २०८३
आइतबार
15 November 2026
Sunday
नेपाल संवत् ११४७
मूल्य रु. ५/-

मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २८४। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




सवारी सुरक्षामा प्रश्न

८ वर्षमा १ लाख ८८ हजार दुर्घटना

२१ हजार बढीको मृत्यु

नेपाल प्रहरीको तथ्यांक अनुसार आर्थिक वर्ष २०७५/७६ देखि २०८३/८४ को असोजसम्म देशभर १ लाख ८७ हजार ९ सय ४९ सडक दुर्घटना भएका छन्। यो अवधिमा सडक दुर्घटनामा परी ५१ हजार ४९ यात्रु गम्भीर घाइते भए भने २१ हजार ३१ जनाको मृत्यु भएको छ।





सवारीसम्बन्धी ऐन संशोधन प्रक्रियामा छ। मस्यौदा ड्राफ्ट गर्दा विभिन्न अध्ययन समितिले दिएका सुझाव समेटिएका छन्।

आनन्द काफ्ले
प्रवक्ता, गृह मन्त्रालय



चालकको लापरबाहीसँगै सडकको कमजोर अवस्था, सवारीको प्राविधिक जाँच नगरिनु दुर्घटनाका मुख्य कारण हुन्।

सुरेश प्रसाद काफ्ले
प्रमुख
उपत्यका ट्राफिक प्रहरी



सडक दुर्घटना न्यूनीकरण गर्न नियम उल्लंघनकर्तालाई कारबाही गर्नेदेखि यातायात ऐनमा समयानुकुल सुधारसम्म गर्नुपर्छ।

रमेश खरेल
सुरक्षा विज्ञ

जीवन शर्मा/मध्यान्ह
काठमाडौं, २८ कार्तिक

बिहीबार मकवानपुरको भीमफेदीस्थित चिसापानीगढीमा विद्युतीय माइक्रोबस दुर्घटना हुँदा चालकसहित १४ जनाको ज्यान गयो। सर्लाही चक्रघट्टा गाउँपालिकाका ४ सुन्दरपुर टोलका एकै परिवारका ६ जनासहित एकै गाउँका १४ जनाले ज्यान गुमाउँदा सुन्दरपुर टोल नै शोकमा छ।

छठ मनाउन गाउँ जानेक्रममा दुर्घटनामा परी ३५ वर्षीया पुनमदेवी यादव, १० वर्षीया अनुकुमारी यादव, ७ वर्षीया दीक्षा यादव, ५ वर्षीया दीपिका यादव, २६ वर्षीय विकेश यादव र २४ वर्षीय सुबोध यादवको ज्यान गुम्यो। विकेश यादव दाजुभाइ, उनकी भाउजू पुनम र पुनमका तीन सन्तान गुमाएकी उनकी आमा अझै बेहोस छिन्। ११ यात्रुको क्षमता रहेको उक्त माइक्रोमा क्षमताभन्दा बढी (२० जना) यात्रु सवार थिए। क्षमताभन्दा बढी यात्रु राखेको र एउटै चालकले रातभर गाडी चलाएका कारण दुर्घटना भएको नेपाल प्रहरीको प्रारम्भिक अनुसन्धानले देखाएको छ।

यद्यपि यसको वास्तविक कारण पत्ता लगाउन स्थगानीय प्रशासनले मकवानपुरका सहायक प्रमुख जिल्ला अधिकारी शेषकान्त पौडेलको संयोजकत्वमा अध्यान समिति गठन गरेको छ। यसअघि २०८३ वैशाख १७ गते रुकुम पूर्वबाट रोल्पा जाँदै गरेको जिप थवाङमा दुर्घटना हुँदा २० जनाको मृत्यु भयो। यसको छानबिन गर्ने डिआइजी यादव ढकाल नेतृत्वको समितिले प्रतिवेदन बुझाइसकेको छ, तर त्यो अहिलेसम्म पृष्ठ २ मा

प्लास्टिक उत्पादन गर्नेले फोहोर पनि उठाउनुपर्ने



प्लास्टिकका झोला र प्याकेजिङ सामग्री उत्पादन तथा वितरण गर्ने कम्पनीलाई निश्चित प्रतिशत फोहोर आफैंले फिर्ता संकलन गर्न बाध्यकारी कानुनी व्यवस्था गर्न नेपाल सरकारको नाममा सर्वोच्च अदालतले आदेश जारी गरेको छ।

मुकुन्द लामिछाने/मध्यान्ह
काठमाडौं, २८ कात्तिक

प्लास्टिकका झोला तथा प्याकेजिङ सामग्री उत्पादन गरेर बजारमा पठाउने कम्पनीले अब त्यसबाट सिर्जना हुने फोहोर व्यवस्थापनको जिम्मेवारी पनि लिनुपर्ने भएको छ।

सर्वोच्च अदालतले उत्पादक तथा वितरक कम्पनीलाई निश्चित प्रतिशत फोहोर आफैंले फिर्ता संकलन गर्नुपर्ने बाध्यकारी कानुनी व्यवस्था गर्न सरकारका नाममा निर्देशनात्मक आदेश जारी गरेको छ।

फोहोर उत्पादन गरेर बजारमा पठाउने, तर त्यसबाट सिर्जना हुने फोहोर व्यवस्थापनको जिम्मेवारीबाट उत्पादक कम्पनीहरू अलग रहन नपाउने गरी अदालतको आदेश आएको हो।

काठमाडौं महानगरपालिकाले संघीय सरकारसँगको विवादका कारण राष्ट्रपति कार्यालय, प्रधानमन्त्री निवास र सिंहदरबार क्षेत्रको फोहोर संकलन नगर्ने निर्णय गरेपछि त्यसविरुद्ध सर्वोच्च अदालतमा रिट परेको थियो। उक्त रिटउपर सुनुवाइ गर्दै सर्वोच्च अदालतका न्यायाधीशद्वय हरिप्रसाद फुयाँल र बालकृष्ण ढकालको संयुक्त इजलासले फोहोरमैला व्यवस्थापनलाई स्थानीय तहको नियमित जिम्मेवारीमा मात्र सीमित नगरी उत्पादन, उपभोग, संकलन, पुनः प्रयोग र अन्तिम विसर्जनसम्मको जिम्मेवारी र दायित्वबारे व्याख्या र आदेश गरेको हो।

यससम्बन्धी २०८२ पुस २१ गते गरेको फैसलाको पूर्णपाठ हालै सार्वजनिक भएको छ। जसमा दीर्घकालीन फोहोर व्यवस्थापनका लागि ११ बुँदे निर्देशनात्मक आदेश पनि संलग्न छ। यसले उत्पादकको जिम्मेवारी कानुनमै बाध्यकारी बनाउनुपर्ने भनेको हो।

फोहोर व्यवस्थापनमा उत्पादक कम्पनीलाई जिम्मेवार बनाउने अवधारणालाई विस्तारित उत्पादक उत्तरदायित्व भनिन्छ। यसअनुसार उत्पादकले आफ्नो उत्पादन बजारमा पठाएपछि त्यसबाट सिर्जना हुने फोहोरको संकलन, पुनः प्रयोग, पुनः प्रशोधन र व्यवस्थापनमा समेत जिम्मेवारी लिनुपर्छ।


यस अन्तर्गत सर्वोच्चले प्लास्टिकका झोला र प्याकेजिङ सामग्री उत्पादन तथा वितरण गर्ने कम्पनीहरूलाई निश्चित प्रतिशत फोहोर फिर्ता संकलन गर्न बाध्यकारी कानुनी व्यवस्था मिलाउन नेपाल सरकारको नाममा आदेश दिएको छ। यद्यपि यस फैसलामा उत्पादन तथा वितरण गर्ने कम्पनीहरू फोहोर संकलन गर्नुपर्ने प्रतिशत भने तोकिएको छैन।

अहिले फोहोर व्यवस्थापनको अधिकांश जिम्मेवारी स्थानीय तहले निर्वाह गर्दै आएका छन्। घर, कार्यालय, व्यवसाय तथा उद्योगबाट निस्कने फोहोर पृष्ठ २ मा

लगानी आकर्षित गर्न फेरिँदै ५९ वटा ऐन

सरकारको आफ्नै समीक्षा : राजस्व बढ्यो, तर भेटिएन लक्ष्य

कानुनी सुधारसँगै लगानी र विकासका लागि राष्ट्रिय पूर्वाधारको खाका, १० वर्षको दूरदृष्टि र लगानीकर्ताले भविष्यमा सामना गर्न सक्ने समस्याको समाधानका लागि एकीकृत रुपमा काम गर्न लागेको सरकारको दाबी छ।



दिवाकर अधिकारी/मध्यान्ह
काठमाडौं, २८ कात्तिक

नेपालमा लगानी आकर्षित गर्न एकैपटक ५९ वटा ऐन संशोधन गरिँदै छ। सरकारले पूर्वाधार परियोजनामा स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्ने उद्देश्यसहित नेपाल पूर्वाधार सम्मेलन २०२६ आगामी मंसिर २३ र २४ गते काठमाडौंमा गर्दै छ।

यस्तो सम्मेलन नेपालमा विगतमा पनि सार्वजनिक-निजी साझेदारीमा आयोजना हुँदै आएको थियो। यसपटक आयोजना हुने सम्मेलनमा नेपाल सरकारले कानुनी दृष्टिकोणबाट नेपालमा लगानी गर्न स्वदेशी तथा विदेशी लगानीकर्ताका लागि उपयुक्त वातावरण निर्माण भएको देखाउने गरी तयारी गरेको छ।

यस अन्तर्गत सम्मेलनमा लगानीयोग्य पूर्वाधार परियोजनाहरू प्रस्तुत गर्नुका साथै केही परियोजनामा लगानी सम्झौता गर्ने तयारी गरिएको छ। सम्मेलनमा लगानी तथा पूर्वाधार विकाससँग सम्बन्धित कानुन सुधारका प्रमुख तीन विषयमा विशेष प्रस्तुति तथा छलफल हुनेछ।

जसमा ६९ वटा विधेयकमार्फत कानुनी सुधार तथा लगानी र विकासका लागि कानुनी संरचनाको आधुनिकीकरण, राष्ट्रिय पूर्वाधारको खाका, प्रस्तावित योजना तथा आगामी १० वर्षको दूरदृष्टि र लगानीकर्ताले सामना गरिरहेका तथा भविष्यमा आउन सक्ने समस्याको समाधानका लागि प्रभावकारी कार्यान्वयन संयन्त्रको विकास रहेका छन्। पृष्ठ २ मा

प्लेअफ पुग्ने चारै टोलीको टुंगो



सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपिएल) को प्लेअफमा पुग्ने चार वटै टोलीको टुंगो लागेको छ। शनिबार लुम्बिनी लायन्सले विराटनगर किंग्सलाई पराजित गरेसँगै प्लेअफ पुग्ने सबै टोलीको टुंगो लागेको हो। प्लेअफमा लुम्बिनीसँगै सुदूरपश्चिम रोयल्स, काठमाडौं गोर्खाज र चितवन राइनोज पुगेका छन्। विराटनगर, कर्णाली याक्स, जनकपुर बोल्ट्स र पोखरा एभेन्जर्स प्रतियोगिताबाट बाहिरिएका छन्।

विस्तृत समाचार पृष्ठ ७ मा

वैदेशिक रोजगार विशेष

जापान, मलेसिया र श्रीलंकाका नेपाली श्रमिकबारे संसदीय अनुगमन

मध्यान्ह संवाददाता
काठमाडौं, २८ कात्तिक

प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिको प्रतिनिधिमण्डल जापान, मलेसिया र श्रीलंकामा रहेका नेपाली श्रमिकको अवस्था तथा नेपाली राजदूतावासहरूको सेवा प्रवाहको अवलोकन र अनुगमन गरेर स्वदेश फर्किएको छ। समितिका तीन जना सांसद र परराष्ट्र मन्त्रालयका एक उपसचिवसहितको टोलीले ती देशमा रहेका नेपाली श्रमिकको अवस्था र राजदूतावासहरूको सेवा प्रवाहको स्थलगत अनुगमन तथा निरीक्षण गरेको हो।

अनुगमन भ्रमण टोलीका सदस्य सांसद महेन्द्रबहादुर शाहीले जापानमा काम गर्दै अध्ययन गरिरहेका विद्यार्थी र मलेसियामा कार्यरत सुरक्षा गार्डका समस्या गम्भीर रूपमा देखिएको बताए।

उनले अध्ययन टोलीले तयार पारेको प्रतिवेदनका आधारमा युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादव र परराष्ट्रमन्त्री शिशिर खनालसँग छलफल गरेर दुवै मन्त्रालयलाई उपयुक्त निर्देशन दिने तयारीमा रहेको बताए।

मलेसियामा नयाँ श्रमिक पठाउने विषयमा समस्या देखिएको बारे मध्यान्ह दैनिकको प्रश्नमा सांसद शाहीले नयाँ श्रमिक पठाउनुभन्दा पहिले पुराना श्रमिकका समस्या समाधान हुनुपर्ने बताए। सुरक्षा गार्डका रूपमा मलेसिया लगिएका नेपाली श्रमिकलाई समस्यामा पारिएको भन्दै उनीहरूलाई पठाउने नेपाली म्यानपावर कम्पनीका सञ्चालकहरूलाई समेत सचेत गराउनुपर्ने अवस्था रहेको उनले बताए।

उनले भने, 'नेपालमा चर्को असुली गरेर पठाउने, उता लगेर अलपत्र पार्ने अवस्था देखियो। सानो जनशक्तिको भरमा रहेको दूतावासलाई नयाँ काम गर्नेभन्दा श्रमिकका गुनासा सुन्नसमेत नभ्याउने अवस्था रहेछ। नयाँ श्रमिक पठाउनुभन्दा पहिले हाल देखिएका समस्या समाधान हुनुपर्छ भन्ने हाम्रो दृष्टिकोण छ।'

मलेसियामा कार्यरत नेपाली श्रमिकहरूले तलब, काम गर्ने समय तथा श्रम अधिकार सुनिश्चित गरिदिन माग गर्दै श्रम मन्त्रालयलाई सातबुँदे ध्यानाकर्षण पत्र पठाएका छन्। उनीहरूले पनि नयाँ रोजगारी खुलाउने विषयलाई मात्रै प्राथमिकतामा राख्दा पुराना श्रमिकको शोषण यथावत् रहने बताएका छन्। त्यस्तै, जापानमा पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

अतिकम विकसित राष्ट्रका लागि जलवायु वित्त तीन गुणा बढाउन अर्थमन्त्री वाग्लेको आग्रह

काठमाडौं/मस-अर्थमन्त्री डा.स्वर्णिम वाग्लेले जलवायु संकटबाट सबैभन्दा बढी प्रभावित अतिकम विकसित राष्ट्रहरूका लागि जलवायु वित्त कम्तीमा तीन गुणाले वृद्धि गर्न तथा अनुदान र सहुलियतपूर्ण वित्तीय सहायता सुनिश्चित गर्न अन्तर्राष्ट्रिय समुदायसँग आग्रह गरेका छन् ।

संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तनसम्बन्धी पक्ष राष्ट्रहरूको ३१औं सम्मेलन (कोप-३१)अन्तर्गत आयोजित जलवायु वित्तसम्बन्धी सातौं द्विवार्षिक उच्चस्तरीय मन्त्रीस्तरीय संवादमा ४४ अतिकम विकसित राष्ट्रको समूहका तर्फबाट सम्बोधन गर्दै उनले जलवायु वित्तको अपर्याप्तता, असमान वितरण र जटिल पहुँच प्रक्रियाले जोखिममा रहेका मुलुकको जलवायुकार्य प्रभावित भएको बताए । उनले पेरिस सम्झौताको प्रभावकारी कार्यान्वयन तथा विश्व तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियसमा सीमित राख्ने लक्ष्य हासिल गर्न अतिकम विकसित राष्ट्र प्रतिबद्ध रहेको उल्लेख गर्दै राष्ट्रिय रूपमा निर्धारित योगदान (एनडीसी), राष्ट्रिय अनुकूलन योजना (एनएपी) र दीर्घकालीन न्यून उत्सर्जन रणनीति कार्यान्वयनका लागि दसौं अर्ब अमेरिकी डलर आवश्यक पर्ने बताए ।



घरेलु स्रोत सीमित र विकासका अन्य प्रतिस्पर्धी आवश्यकता पनि उत्तिकै महत्त्वपूर्ण रहेकाले जलवायु वित्तमा अनुदान तथा सहुलियतपूर्ण स्रोतको हिस्सा बढाउनुपर्ने उनको भनाइ थियो ।

जलवायु वित्तका सन्दर्भमा समय, वित्तको गुणस्तर र पहुँचलाई प्रमुख चुनौतीका रूपमा प्रस्तुत गर्दै अर्थमन्त्री वाग्लेले सन् २०२० देखि २०२५ सम्म वार्षिक १०० अर्ब अमेरिकी डलर उपलब्ध गराउने प्रतिबद्धता अपेक्षाअनुसार पूरा हुन नसकेको बताए । वित्तीय सहायता उपलब्ध गराउन हुने ढिलाइले जलवायु कार्यान्वयनमा समेत ढिलाइ हुने उनले उल्लेख गरे । उनले सन् २०२० देखि २०२४ सम्मको जलवायु वित्तमध्ये अनुकूलन क्षेत्रमा २८ प्रतिशत र जलवायु न्यूनीकरणमा ६२ प्रतिशत मात्र परिचालन भएको तथ्य प्रस्तुत गर्दै अनुकूलन तथा हानि र क्षतिका क्षेत्रमा लगानीको असन्तुलन तत्काल सच्याउनुपर्नेमा जोड दिए । सार्वजनिक जलवायु वित्तमा ऋणको हिस्सा बढी रहेको उल्लेख गर्दै उनले सन् २०२४ मा ३० अर्ब अमेरिकी डलर ऋणका रूपमा प्रवाह भएको र सन् २०३५ सम्म वार्षिक ३०५ अर्ब अमेरिकी डलर आवश्यक पर्ने अनुमान रहेको बताए।

अतिकम विकसित राष्ट्र र साना टापु राष्ट्रका लागि जलवायु वित्त तीन गुणाले वृद्धि गर्दा उनीहरूको आवश्यकताको ४९ देखि ८४ प्रतिशतसम्म पूरा हुन सक्ने उनको भनाइ थियो ।

अतिकम विकसित राष्ट्रले जलवायु वित्त प्राप्त गर्दा जटिल प्रक्रियागत व्यवस्था, अत्यधिक सहवित्तीयकरणको सर्त र रकम निकासामा हुने ढिलाइका कारण समस्या भोगिरहेको उनले बताए । निजी क्षेत्रको लगानी परिचालन आवश्यक भए पनि त्यसले ठूला बजारलाई प्राथमिकता दिने प्रवृत्ति रहेको उल्लेख गर्दै अनुकूलन र हानि तथा क्षतिका क्षेत्रमा निजी लगानीले मात्र आवश्यकता पूरा गर्न नसक्ने स्पष्ट पारे । निजी वित्त सार्वजनिक वित्तको पूरक हुन सक्ने तर त्यसको विकल्प हुन नसक्ने बताउँदै उनले लगानी जोखिम र वित्तीय लागत घटाउने, स्थानीय वित्तीय संस्थाको क्षमता बढाउने तथा प्रत्याभूति र जोखिम बाँडफाँट गर्ने वित्तीय उपकरणको प्रयोग गर्नुपर्नेमा जोड दिए । नेपालको उदाहरण प्रस्तुत गर्दै अर्थमन्त्री वाग्लेले यस वर्ष अगस्ट २६ मा आएको विपद्पछि मुलुकले करिब पाँच अर्ब अमेरिकी डलर बराबरको पुनर्निर्माण दायित्व सामना गर्नुपरेको बताए ।

हात्ती आतंक रोक्न नयाँ सौर्य तारबार र ट्याक्टर परिचालन गर्न माग

भरापा/मस- जंगली हात्तीबाट भइरहेको जनधनको क्षति रोक्न नयाँ सौर्य विद्युतीय तारबार जडान गर्नुपर्ने र हात्ती धपाउन ट्याक्टरको प्रयोगलाई व्यापक बनाउनुपर्ने मेचीनगरका स्थानीयले माग गरेका छन् ।

हात्ती नियन्त्रणको प्रयासबारे अनुगमन तथा प्रभावित बासिन्दासँग अन्तरक्रिया गर्न शुक्रवार मेचीनगर-४ बाहुनडाँगी पुगेका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेलसहित सुरक्षा निकायका प्रमुखको टोलीसमक्ष स्थानीयले यस्तो माग राखेका हुन् ।

मानव-हात्ती द्वन्द्व व्यवस्थापन तथा वातावरण संरक्षण समितिका अध्यक्ष हरिप्रसाद उप्रेतीले एक दशकअघि जडान गरिएको विद्युतीय तारबार जीर्ण भइसकेकाले दीर्घकालीन समाधानका लागि नयाँ तारबार आवश्यक रहेको बताए ।

उनका अनुसार भारतबाट दैनिक करिब १०० को सङ्ख्यामा आउने हात्तीको बथानलाई स्थानीयले रातभर गस्ती गरेर मेची बगरमै रोक्ने प्रयास गरिरहेका छन् । मेचीनगर-४ का वडाध्यक्ष अर्जुनकुमार कार्कीले हात्तीहरू गाउँबस्तीतिर सोझिन थालेको उल्लेख गर्दै पूर्वी सीमा क्षेत्रमा बलियो विद्युतीय घेराबेरा लगाउनुपर्नेमा राज्यले जोड दिनुपर्ने बताए ।

धानबाली पाक्ने समयमा हुल बाँधेर आउने हात्तीलाई सीमामै रोक्न पछिल्लो समय समितिले ट्याक्टरको प्रयोग गरिरहेको छ । स्थानीय राजु दाहालले ट्याक्टरको आवाजले हात्ती तर्सिने भएकाले बाली भित्र्याउने याममा हरेक गौंडामा कम्तीमा दुईवटा ट्याक्टर परिचालन गर्न सुझाव दिए ।

हात्ती नियन्त्रण गर्न परिचालित स्वयम्सेवी युवा समूह (आरआरटी)का अगुवा न्युटन कार्कीले सडक नभएका खेतबारीमा लैजान सकिने भएकाले हात्ती धपाउन ट्याक्टर निकै प्रभावकारी देखिएको बताए ।

स्थानीयको गुनासो सुनेपछि प्रमुख जिल्ला अधिकारी पोखरेलले मानव-हात्ती द्वन्द्व न्यूनीकरणका लागि प्रभावित बासिन्दा र सरोकारवाला निकायबीच साझा दृष्टिकोण र कार्ययोजना आवश्यक रहेको बताए ।

स्थानीयको मागबमोजिम नयाँ योजनाका साथ काम अघि बढाइने प्रतिबद्धता जनाउँदै उनले सीमा क्षेत्रमै हात्ती रोक्न सशस्त्र प्रहरी, नेपाल प्रहरी र वन रक्षकको टोलीलाई प्रभावकारी रूपमा परिचालन गरिएको जानकारी दिए ।

अजिङ्गरे माविका १५० विद्यार्थीलाई वर्मिङ हार्ट्स नेपालको सहयोग

अन्जान गुभाजु/मध्यान्ह
नुवाकोट, २८ कार्तिक



वर्मिङ हार्ट्स नेपालले नुवाकोटको विदुर नगरपालिका-१३ स्थित श्री अजिङ्गरे माध्यमिक विद्यालयमा अध्ययनरत १५० जना विद्यार्थीलाई न्यानो ज्याकेट तथा शैक्षिक सामग्री वितरण गरेको छ । बालकक्षादेखि कक्षा १२ सम्म अध्ययनरत विद्यार्थीलाई लक्षित गरी चिसो मौसमबाट जोगाउन न्यानो ज्याकेट र पठनपाठनमा सहयोग पुऱ्याउने उद्देश्यले आवश्यक लेखन तथा शैक्षिक सामग्री उपलब्ध गराइएको हो ।

विद्यालयका प्रधानाध्यापक सुदर्शन रिमालका अनुसार यस सहयोगले विद्यार्थीहरूको अध्ययनमा सहजता ल्याउनुका साथै उनीहरूमा सिकाइप्रति थप उत्साह जगाउने विश्वास गरिएको छ । विद्यालयको शैक्षिक तथा विद्यार्थीमैत्री वातावरण निर्माणमा यस्ता सहयोगले महत्वपूर्ण योगदान पुऱ्याउने उनले बताए । कार्यक्रममा अनामिका अर्याल, सरोज भण्डारी, रीना गौचन, छेवाङ शेर्पा र पेमा तुलाधरको उपस्थिति रहेको थियो । प्रधानाध्यापक रिमालले सहयोगी संस्था वर्मिङ हार्ट्स नेपाल परिवार तथा कार्यक्रममा उपस्थित सम्पूर्ण अतिथिहरूप्रति विद्यालयको तर्फबाट हार्दिक आभार व्यक्त गरे ।

परम्परागत कोगटी खेतीबाट आयआर्जनमा जुट्दै भोजपुरका किसान

भोजपुर/मस-भोजपुरको अरुण गाउँपालिकाका स्थानीयवासी हराउँदै गएको परम्परागत कोगटी खेतीको संरक्षणसँगै आयआर्जनमा जुटेका छन् । परम्परागत खेतीलाई व्यावसायिक रूपमा अघि बढाउँदै स्थानीय उत्पादनबाट आर्थिक लाभ लिन किसान कोगटी खेतीमा सक्रिय भएका हुन् ।

अरुण गाउँपालिका-६ का वडाध्यक्ष गणेश राईका अनुसार जरायोटारको सिमटार, जोगीटार, वैरेनी, बास्ताङ, बसेरी र चोम्ताङ क्षेत्रमा कोगटी खेती बढी हुने गरेको छ । ती क्षेत्रका २५ देखि ३० घरधुरीले व्यावसायिक रूपमा कोगटी खेती गर्दै आएका छन् । वडाले पनि परम्परागत रूपमा गर्दै आएको कोगटीबाट कपडा बनाउने तथा खेती प्रणालीलाई संरक्षणमा जोड दिएको उनको भनाइ छ ।

कोगटीबाट तयार गरिएको हातले बुनेको कपडाको बजारमा राम्रो मूल्य पाउने भएपछि किसान यस खेतीप्रति आकर्षित भएका छन् । अरुण गाउँपालिकाका किसान देवकुमार राईले कोगटीबाट तयार गरिएको एक थान दौरा सुरुवालको कपडा रु २५ हजारदेखि ३५ हजारसम्ममा बिक्री हुने बताए । कोगटीको हातले तयार गरिएको दौरा सुरुवालको बढी माग हुने गरेको उनको भनाइ छ ।

यस खेतीबाट वार्षिक रु तीन लाखसम्म आम्दानी हुने गरेको राईले जानकारी दिए ।

कोगटीबाट खैरो र सेतो गरी दुई प्रकारका धागो उत्पादन गरिन्छ । उत्पादित धागोलाई परम्परागत तानमा बुनेर दौरा-सुरुवाल, कोट, टोपी, झोला, रुमाललगायतका कपडा तयार गरिन्छ । स्थानीयस्तरमा उत्पादन हुने कोगटीका कपडाको बजारमा माग राम्रो रहेको कृषक दर्जकुमार राईले बताए ।

उनका अनुसार किसान यो क्षेत्रमा समूह गठन गरेर सामूहिक कोगटी खेती गर्दै आएका छन् ।

कोगटी खेतीको संरक्षण तथा विस्तारका लागि गाउँपालिकाले किसानलाई उन्नत जातका बीउ, खेतीका लागि आवश्यक औजार तथा उपकरण उपलब्ध गराउँदै जनाएको छ ।

सवारी...

सार्वजनिक गरिएको छैन । त्यस्तै २०८२ को फागुनमा पोखराबाट काठमाडौं आउँदै गरेको बस धादिङको बेनीघाट रोराङमा दुर्घटना हुँदा १९ जनाको मृत्यु र २५ यात्रु घाइते भएका थिए । उक्त दुर्घटनामा गाडी दुई सय मिटर भन्दा तल खसेको थियो । त्यसबेला गृह मन्त्रालयले सहसचिव ऋषिराम तिवारीको संयोजकत्वमा अध्ययन कार्यदल बनायो । कार्यदलले २९ फागुनमै तत्कालीन गृहमन्त्री ओमप्रकाश अर्याललाई बुझाएको प्रतिवेदन अझै गुमनाम छ ।

२०८१ असार २८ मा भरतपुरको सिमलतालमा पहिरोले दुईवटा बस बगायो । ती बसमा यात्रा गर्ने ६२ यात्रु मध्य तीन जना सकुशल भेटिए भने १९ वटा शव त्रिशूलीमा भेटिए । बाँकी ४० जना बेपत्ता भएको पछिल्लो समयको सबैभन्दा ठुलो दर्घटना थियो । उक्त दुर्घटनाको अध्ययन र छानविन गर्न ततकालिन सहसचिव छवि रिजालको नेतृत्वमा कार्यदल बनेको थियो । कार्यदलले नयाँ सडक सुरक्षा ऐन बनाउने, राष्ट्रिय सडक सुरक्षा परिषद् र नीति तर्जुमा गर्ने, मापदण्ड र कार्यविधि तयार गर्नेजस्ता सुझाव दिएको थियो । जोखिमपूर्ण सडकमा सुरक्षा बारलाई अनिवार्य गर्ने, राजमार्गको जोखिम आकलन सार्वजनिक गर्ने र जोखिमयुक्त स्थानमा सडकबत्ती तथा सीसी क्यामेरा जडान गर्ने सुझाव पनि थिए । यी सुझाव कार्यान्वयन हुन सकेका छैनन् ।

भीमफेदी, थवाङ, बेनीघाट र सिमलताल यी चार ठुला दुर्घटनाको मात्रै होइन नेपालका अधिकांश ठुला सडक दुर्घटनाको छानविन गर्न अध्ययन तथा छानविन समिति बनाउने र प्रतिवेदन तयार गर्ने गरीएको छ । यद्यपि ती प्रतिवेदनहरू कार्यान्वयन भने हुने गरेका छैनन् । नेपाल प्रहरीका अनुसार आर्थिक वर्ष २०७५/७६ देखि २०८३/८४ को असोजसम्म देशभर १ लाख ८७ हजार ९ सय ४९ सडक दुर्घटना भएका छन् । यो अवधिमा सडक दुर्घटनामा परी ५१ हजार ४९ यात्रु गम्भीर घाइते भए भने २१ हजार ३१ जनाको मृत्यु भएको तथ्यांक छ ।

तर अधिकांश दुर्घटनापछि बनेका छानविन कार्यदलले बुझाएका प्रतिवेदन कार्यान्वयन नभएकोप्रति सरोकारवालाहरूले चिन्ता व्यक्त गरेका छन् । राज्य कोषकै खर्चमा हुने अध्ययन प्रतिवेदनमा उल्लेखित दुर्घटनाका कारण, र दुर्घटना न्यूनिकरणका उपाय समेटिएका सुझावसहितको प्रतिवेदनहरू कार्यान्वयनमा नआउदा यस्ता दुर्घटनाहरू रोक्न नसकिएको विज्ञहरूको टिप्पणी छ । नेपाल प्रहरीका पूर्वप्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) भीमप्रसाद ढकाल बढी दुर्घटना चालककै लापरबाहीले हुने गरेको दाबी गर्छन् । तर सरकारले दुर्घटनाको छानविन गर्न बनाएका समितिले बुझाएका प्रतिवेदनमा उल्लेखित दुर्घटना न्यूनिकरणका उपायका सम्बन्धी सुझावहरू कार्यान्वयनमा नआउने विगतदेखिकै समस्या रहेको उनको दाबी छ । 'सडकको कमजोर अवस्था, सवारीको प्राविधिक जाँच नगरिनु दुर्घटनाका मुख्य कारण हुन्, ट्राफिक प्रहरीको जिम्मेवारीमा लामो समय रहेका ढकालले भने, 'जतिपनि ठुला दुर्घटना भएका छन्, त्यसका अध्यान र छानविन गर्न बनाईएका समितिका प्रतिवेदनहरू राज्यका निकायहरूले कार्यान्वयनमा ल्याउनै सकेका छैनन् ।' चालक र स्वयम यात्रुले पनि ट्राफिक नियम पालना नगर्दा बढी दुर्घटना बढ्नेगरेको उनको अनुभव छ ।

विगतका सडक दुर्घटनामा पनि छानविन समिति बनाउने र प्रतिवेदन तयारी गर्ने गरिएको गृहमन्त्रालयलका प्रवक्ता आनन्द काफलेले बताए । दुर्घटनापश्चत बनाईने छानविन समितिबाट आएका सुझावका आधारमा ऐन संशोधनको तयारी भइरहेको उनको भनाई छ । 'पूर्वाधार विकास मन्त्रालयमार्फत सवार ीसम्बन्धी ऐन संशोधनको प्रक्रियामा रहेको छ,' उनले मध्यान्हसँग भने, ' कानुनको मस्यौदा ड्रफ्ट गर्दा विभिन्न समितिले दिएका प्रतिवेदनमा उल्लेखित सुझावलाई समेट्ने काम भएका छन् ।'

काठमाडौं उपत्यका ट्राफिक प्रहरीले तीव्र गति र मादक पदार्थ सेवन गरेर सवारीसाधन चलाउँदा बढी दुर्घटना हुने गरेको दाबी छ । काठमाडौं उपत्यका ट्राफिक प्रहरीप्रमुख प्रहरी वरिष्ठ उपरिक्षक (एसएसपी) सुरेश प्रसाद काफ्ले तीव्र गति र मादक पदार्थ सेवन गरेर सवारी चलाउदा बढी दुर्घटना हुनेगरेको बताउँछन् । त्यस्तै सडक र सवारीको अवस्थाका कारण पनि दुर्घटना हुने उनको कर्त छ । 'चालक र यात्रु दुवैले हतार गर्ने समस्या रहेको छ,' उनले भने, 'चालकको लापरबाहीसँगै सडकको कमजोर अवस्था, सवारीको प्राविधिक जाँच नगरिनु दुर्घटनाका मुख्य कारण हुन् ।' ट्राफिक प्रहरीले पछिल्लो समय सडक र सवारी दुर्घटनासम्बन्धी नियमिचत सचेतना तथा चेक जाँच र कारबाहीलाई पछिल्लो समय कडा पारिएको उनले बताए ।

चाडपर्वको मुखैमा घर जानेको संख्या धेरै हुने भएकाले दुर्घटनाको खतरा बढी हुने गरेको नेपाल प्रहरीका पूर्व डिआइजी रमेश खरेलको दाबी छ । यस्तो अवस्थामा ट्राफिक प्रहरी, यातायात कार्यालय र सडक विभागले बढी ध्यान दिनुपर्ने उनको सुझाव छ । 'दुर्घटना बढी हुने समय र स्थानमा ट्राफिक प्रहरी, सडक विभाग र यातायात क्षेत्रका अधिकारीहरूले बढी चेकजाँचको व्यवस्था मिलाउनुपर्छ,' उनले मध्यान्हसँग भने, 'नियम उल्लंघनकर्तालाई कारबाही गर्ने देखि यातायातसम्बन्धी ऐन-कानुन सुधार गरेर यातायात सम्बन्धी कडा कानुनी व्यवस्था ल्याउनुपर्छ ।' सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १०४ मा लामो दूरीमा यातायात सेवा सञ्चालन गर्ने यात्रुवाहक सार्वजनिक सवारीसाधनमा कम्तीमा दुई चालक अनिवार्य रूपमा राख्नुपर्ने र प्रत्येक ६ घण्टापछि पालो फेरेर सवार ीसाधन चलाउनुपर्ने उल्लेख छ । तर यो व्यवस्था कार्यान्वयनमा छैन । निगरानी गर्ने निकायले पनि चासो नदिदा सवारी दुर्घटना न्यूनिकरण हुन नसकेको विज्ञहरूले बताएका छन् ।

प्लास्टिक...

संकलन, ढुवानी र विसर्जनको काम स्थानीय सरकारको नेतृत्वमा हुने गरेको छ । तर बजारमा प्लास्टिकजन्य सामग्री पठाउने उत्पादक तथा वितरक कम्पनीको जिम्मेवारी स्पष्ट र बाध्यकारी नहुँदा फोहोर व्यवस्थापनको भार सार्वजनिक निकाय र नागरिकमाथि पर्ने गरेको छ । अदालतको आदेशले यसलाई परिवर्तन गर्दै उत्पादकलाई पनि फोहोर व्यवस्थापनको जिम्मेवारीभित्र समेट्ने गरी सर्वोच्चको आदेश आएको हो ।

सर्वोच्चले फोहोर व्यवस्थापनलाई प्रभावकारी बनाउन फोहोरको स्रोतबाटै वर्गीकरण गर्ने व्यवस्था अनिवार्य बनाउन पनि आदेश दिएको छ ।

घर, कार्यालय, व्यवसाय तथा उद्योगबाट निस्कने फोहोरलाई कुहिने र नकुहिने गरी छुट्याउने तथा पुनः प्रयोग गर्न मिल्ने वस्तुको पुनः प्रयोग गर्ने अभ्यासलाई संस्थागत गर्नुपर्ने अदालतको जोड छ ।

यसका लागि एकीकृत फोहोरमैला व्यवस्थापन निर्देशिका तर्जुमा गरी सबै स्थानीय तहमा सम्प्रेषण गर्न आदेश दिइएको छ ।

साथै, फोहोरमैला व्यवस्थापन स्थानीय तहको अधिकार भए पनि त्यसका लागि आवश्यक पूर्वाधार र समन्वयको जिम्मेवारीबाट सङ्घीय सरकार पन्छिन नमिल्ने सर्वोच्चको व्याख्या छ ।

फोहोर व्यवस्थापनका लागि आवश्यक जग्गा अधिग्रहण, मुआब्जा वितरण, सडक निर्माण तथा स्तरोन्नति, सुरक्षा व्यवस्था र प्रभावित स्थानीय बासिन्दाका समस्या समाधानमा संघीय सरकारको सहयोग अनिवार्य हुने फैसलामा उल्लेख छ । स्थानीय तहले संघीय सरकारसँग नीतिगत तथा व्यावहारिक सहयोग माग गरेमा सहजीकरण गर्नु संघीय सरकारको दायित्व हुने अदालतको ठहर छ ।

यही आदेशमा सर्वोच्चले काठमाडौं उपत्यकाको फोहोर विसर्जन हुँदै आएको बन्चरेडाँडा ल्यान्डफिल्ड साइटसँग जोडिएका समस्यालाई पनि समेटेको छ ।

ल्यान्डफिल्ड साइटसम्म पुग्ने मुख्य सडक स्तरोन्नति गर्न, फोहोरबाट निस्कने लिच्चड प्रशोधनको व्यवस्था मिलाउन तथा वातावरणीय प्रभाव न्यूनीकरण गर्न अदालतले आदेश दिएको छ । ल्यान्डफिल्ड साइटको भौतिक निर्माणका काम तोकिएको समयभित्र सम्पन्न गर्न र प्रभावित स्थानीय बासिन्दासँग भएका सम्झौता शीघ्र कार्यान्वयन गर्न पनि निर्देशन दिइएको छ ।

सर्वोच्चको यो फैसला काठमाडौं महानगरपालिकाले संघीय सरकारसँगको विवादका कारण राष्ट्रपति कार्यालय, प्रधानमन्त्री निवास र सिंहदरबार क्षेत्रको फोहोर संकलन नगर्ने निर्णयसँग सम्बन्धित छ ।

महानगरपालिकाले २०७९ चैत २४ गतेदेखि ती क्षेत्रको फोहोर संकलन नगर्ने घोषणा गरेको थियो । त्यसविरुद्ध अधिवक्ता पदमबहादुर श्रेष्ठले २०८० वैशाख ४ गते सर्वोच्च अदालतमा रिट दायर गरेका थिए ।

दस दिनभन्दा लामो समयदेखि फोहोर संकलन रोकिएको भन्दै सर्वोच्चको एकल इजलासले २०८० वैशाख ८ गते तीन दिनभित्र फोहोर संकलन गर्न महानगरपालिकाका नाममा अन्तरिम आदेश जारी गरेको थियो ।

अदालतको आदेशपछि महानगरपालिकाले फोहोर संकलन सुरु गरेको थियो । उक्त रिटमा न्यायाधीशद्वय हरिप्रसाद फुयाँल र बालकृष्ण ढकालको संयुक्त इजलासले २०८२ पुस २१ गते अन्तिम फैसला गरेको हो । अन्तरिम आदेशअनुसार फोहोर संकलनको काम भइसकेको भन्दै अदालतले रिट खारेज गरे पनि दीर्घकालीन फोहोर व्यवस्थापनका लागि ११ बुँदे निर्देशनात्मक आदेश जारी गरेको थियो ।

यही फैसलामा राजनीतिक मतभेद, अधिकार क्षेत्रको असमझदारी वा अन्य कुनै पनि कारणले अत्यावश्यक सरसफाइ सेवा अवरुद्ध गर्न नपाइने उल्लेख छ ।

संविधानको धारा १६ मा रहेको सम्मानपूर्वक बाँच्न पाउने हक र धारा ३० मा रहेको स्वच्छ वातावरणको हकलाई सोझै दिने अदालतले फोहोर संकलनमा अवरोध हुँदा वायु प्रदूषण, कीटजन्य महामारी र जनस्वास्थ्यमा गम्भीर असर पर्ने व्याख्या गरेको छ ।

लगानी...

सम्मेलनमा पूर्वाधार, ऊर्जा, सहरी विकास, क्षेत्रीय यातायातलगायतका १२ वटा विषयगत क्षेत्रमा स्वदेशी लगानीकर्ता तथा स्वदेशी र अन्तर्राष्ट्रिय विषयविज्ञबीच गहन छलफल हुनेछ । यसले सरकार र निजी क्षेत्रबीच पूर्वाधार विकासका प्राथमिकता, लगानीका सम्भावना र कार्यान्वयनका चुनौतीबारे साझा धारणा निर्माण गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

किनभने, वर्तमान सरकारसँग नागरिकको अपेक्षा पनि केवल बजेटको आकार बढाउने वा आर्थिक वृद्धिको लक्ष्य सार्वजनिक गर्नेमा सीमित छैन । नागरिकले सरकारी कार्यालयमा हुने ढिलासुस्ती घटेको, सार्वजनिक सेवा सहज भएको, भ्रष्टाचार र बिचौलियाको प्रभाव कम भएको, रोजगारी र लगानीको वातावरण बनेको तथा महँगीको मार कम भएको अनुभूति खोजिरहेका छन् ।

त्यसका लागि सरकारले खर्च गर्ने क्षमता मात्र होइन, आम्दानी जुटाउने क्षमता पनि बढाउनुपर्ने हुन्छ । अर्थ मन्त्रालयको प्रगति विवरणअनुसार राजस्व संकलनमा हुने वृद्धि सकारात्मक भए पनि त्यसले नागरिकका अपेक्षा पूरा गर्ने आर्थिक आधार तयार पार्न पर्याप्त छ कि छैन भन्ने प्रश्न उठाएको छ ।

सरकारले राजस्व संकलन बढाउन करको दायरा विस्तार, कर चुहावट नियन्त्रण, अनौपचारिक अर्थतन्त्रलाई औपचारिक प्रणालीमा ल्याउने र आर्थिक गतिविधि विस्तार गर्ने कामलाई प्रभावकारी बनाएको बताएको छ । तर, अर्थ मन्त्रालयको असोज मसान्तसम्मको तथ्यांकले सरकारको आम्दानी बढिरहेको तर निर्धारित लक्ष्यभन्दा पछाडि रहेको देखाएको छ । यो पृष्ठभूमिमा सरकारले नेपालमा लगानी आकर्षित गर्न एकैपटक ५९ वटा ऐन संशोधन गर्न लागेको हो ।

अर्थ मन्त्रालयको प्रगति विवरणअनुसार चालु आर्थिक वर्ष २०८३/८४ को पहिलो तीन महिनामा सरकारले लक्ष्यको ९१.२० प्रतिशत राजस्व संकलन गरेको छ । असोज मसान्तसम्म ३ खर्ब ३० अर्ब २२ करोड रुपैयाँ राजस्व उठाउने लक्ष्य राखिएकोमा ३ खर्ब १ अर्ब १६ करोड रुपैयाँ मात्रै संकलन भएको छ । अर्थात् सरकारले तीन महिनामा उठाउने भनेको भन्दा २९ अर्ब ६ करोड रुपैयाँ कम राजस्व उठाएको छ ।

यद्यपि, अघिल्लो आर्थिक वर्षको यही अवधिको तुलनामा राजस्व संकलन १९.९० प्रतिशतले बढेको छ । यसले राजस्व परिचालनमा केही सुधार भएको देखाउँछ । तर सरकारले आफैंले निर्धारण गरेको लक्ष्य लक्ष्य पूरा गर्न सकेन । सरकारले आर्थिक सुधार, सुशासन र सार्वजनिक सेवा प्रवाहमा परिवर्तनको अपेक्षासहित काम गरिरहेको बताइरहेका बेला सरकारी आम्दानीको अवस्थाले भने लक्ष्यअनुसारको प्रगति देखाउन नसकेको हो ।

मन्त्रालयहरूसहित सबै सरकारी कार्यालयहरूले आफ्नो त्रैमासिक प्रगति विवरण सार्वजनिक गर्नुपर्छ । सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम त्रैमासिक प्रगति विवरण स्वतः प्रकाशन गर्नुपर्ने हुन्छ ।

उपदफा ३ मा लेखिएको छ, 'सार्वजनिक निकायले उपदफा (२) बमोजिमको सूचना आफ्नो स्थापना र विकास भएको समयलाई विचार गरी कम्तीमा प्रत्येक तीन महिनामा अद्यावधिक गरी प्रकाशन गर्नु पर्नेछ ।'

सरकारी निकायका कामकारबाहीलाई पारदर्शी, जवाफदेही र खुला बनाउने ऐनको उद्देश्य अन्तर्गत अर्थ मन्त्रालयले पछिल्लो तीन महिनाको प्रगति विवरण सार्वजनिक गरेको हो । यही विवरणमा राजस्व बढेको, तर सरकारले लक्ष्य नभेटाएको तथ्यांक छ । सरकारले वार्षिक बजेट निर्माण गर्दा निश्चित आकारको खर्च र त्यसलाई धान्ने आम्दानीको अनुमान गरेको हुन्छ । त्यसमा राजस्व सबैभन्दा महत्त्वपूर्ण स्रोत हो । राजस्व लक्ष्यअनुसार उठ्न नसके सरकारले विकास निर्माण, पूर्वाधार, सामाजिक सुरक्षा तथा सार्वजनिक सेवा प्रवाहका लागि छुट्याएको बजेट कार्यान्वयनमा समेत दबाब पर्न सक्छ ।

अझ सरकारको प्राथमिकता सार्वजनिक खर्चको प्रभावकारिता बढाउने, अनावश्यक खर्च कटौती गर्ने, विकास आयोजनाको कार्यान्वयन तीव्र बनाउने र नागरिकलाई प्रत्यक्ष अनुभूति हुने गरी सेवा प्रवाह सुधार गर्ने हो भने त्यसका लागि बलियो राजस्व आधार आवश्यक हुन्छ ।

यो पृष्ठभूमिमा सरकारले लगानी आकर्षित गर्न सम्मेलन गर्न लागेको हो । सम्मेलनकै अवसरमा एकैपटक ५९ वटा ऐन बदलेर लगानीपछिको उत्पादन र त्यसको बजारका साथसाथै नाफाको समेत सुनिश्चितता गरिदिन खोजेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ ।

जापान...

दिउँसो कलेज पढ्ने र राति काम गर्नुपर्ने बाध्यताका कारण एक लाखभन्दा बढीको संख्यामा रहेका विद्यार्थी गम्भीर समस्यामा रहेको पाइएको पनि सांसद शाहीले जानकारी दिए ।

उनले भने, 'काम र कलेजमा पढ्ने समयको तालमेल मिलाउन नसक्दा विद्यार्थी ठुलो मानसिक समस्यामा छन् । तनाव व्यवस्थापन गर्न नसक्दा हप्तामा एक जनाले आत्महत्या गर्ने तथ्यांक राजदूतावासले दिएको छ ।'

सांसद शाहीले यसका लागि नेपाली कन्सल्टेन्सीहरूलाई समेत सरकारले सचेत गराउनुपर्ने अवस्था देखिएको उल्लेख गरे ।

आगामी निर्वाचन एमालेका लागि अनुकूल बन्दै गएको छ : ओली

काठमाडौं/मस– नेकपा एमालेका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले आगामी निर्वाचन एमालेका लागि अनुकूल बन्दै गएको बताएका छन् । नेकपा एमाले बागमती प्रदेश कमिटीको बैठकमा प्रतिनिधि सभाको निर्वाचनको तुलनामा आगामी निर्वाचन एमालेलाई अनुकूल बन्दै गएको बताएका हुन् ।

उनले एमालेले स्थानीय तहको निर्वाचन र प्रदेश तहको निर्वाचनको तयारीलाई गम्भीर भएर लाग्ने बताए। उनले स्थानीय तह र प्रदेश सभा निर्वाचन राष्ट्रिय सभा तथा राष्ट्रपति निर्वाचनसँग समेत जोडिएको उल्लेख गरे ।

स्थानीय तह निर्वाचन केवल स्थानीय सरकार गठनमा सीमित नरहेको उल्लेख गर्दै उनले यसले राष्ट्रिय सभा निर्वाचनका लागि मतदाता तयार गर्ने बताए । स्थानीय तहका प्रमुख तथा उपप्रमुख राष्ट्रियसभा निर्वाचनका मतदाता हुने भएकाले स्थानीय तह निर्वाचनको परिणाम राष्ट्रियसभा गठनका दृष्टिले समेत महत्वपूर्ण हुने उनको भनाई छ।

त्यस्तै, प्रदेशसभा निर्वाचनले प्रदेश सरकार गठन, स्रोतसाधन परिचालन र विकास निर्माणका साथै राष्ट्रियसभा निर्वाचनका लागि थप मतभार भएका मतदाता चयन गर्ने उनले बताए ।



प्रदेश सभा सदस्यहरू राष्ट्रपति निर्वाचनका मतदाता समेत हुने भएकाले आगामी निर्वाचनहरू एक अर्कासँग अन्तरसम्बन्धित रहेको उनको भनाई छ । आगामी दिनमा स्थानीय तह, प्रदेश सभा, राष्ट्रिय सभा तथा राष्ट्रपति र उपराष्ट्रपति निर्वाचन हुने उल्लेख गर्दै यी सबै निर्वाचनलाई रणनीतिक महत्वका साथ लिनुपर्ने बताए । उनले स्थानीय तहको निर्वाचनलाई फोकस गरेर संगठन निर्माण गर्न कार्यकर्ताहरूलाई निर्देशन समेत दिए । कार्यकर्ताबीचमा एकता नहुँदा एमालेले निर्वाचनमा धक्का व्यहोर्नुपरेको उनको भनाई छ । उनले निर्वाचनमा असहयोग गर्नेलाई बडा तहमा नै कारबाही गर्न पनि निर्देशन दिए ।

उनले भने, 'अब निर्वाचनहरू आउँदै छन् । अब तुरुन्तै हाम्रा अगाडि स्थानीय तहको निर्वाचन आउँछ । स्थानीय तहको निर्वाचन भनेको स्थानीय तहको निर्वाचन मात्रै होइन । त्यो भोलि गएर राष्ट्रिय सभाको निर्वाचन पनि हो । स्थानीय तहमा प्रमुख, उपप्रमुख जो हुन्छन्, उनीहरूले भोट हाल्ने हो राष्ट्रिय सभालाई । यसको स्थानीय तहमा सरकार बनाउने अथवा स्थानीय तहका अध्यक्ष, उपाध्यक्ष वा प्रमुख, उपप्रमुख, सदस्यहरू, कार्यकारिणी आदि बनाउने कुरासँग मात्रै सम्बन्धित छैन । त्यसकारण यो निर्वाचन राष्ट्रिय सभामा मतदाता तयार गर्ने निर्वाचन हो । देश विकासका काम गर्न, भ्रष्टाचार रोक्न, जनताको सेवा पुऱ्याउन, स्थानीय तहबाट विकासका कामहरूलाई अगाडि बढाउन, शिक्षा क्षेत्र, स्वास्थ्य क्षेत्रलाई अगाडि बढाउन यो स्थानीय तहको निर्वाचनको असाधारण महत्व छ । एक वर्षपछि प्रदेश सभाको निर्वाचन हुन्छ । प्रदेश सभाको निर्वाचन प्रदेशभरिका लागि सरकार बनाउने, त्यहाँका रिसोर्सहरू परिचालन गर्ने, त्यहाँ विकास निर्माण गर्ने, त्यहाँको बजेटको सदुपयोग गर्ने छँदैछ, त्यसबाहेक राष्ट्रिय सभाको मतदाता तयार गर्ने पनि हो । अर्को कुरो त्यसपछि तुरुन्तै राष्ट्रपति निर्वाचन हुन्छ । राष्ट्रपति निर्वाचनमा राष्ट्रपति निर्वाचनका लागि मतदाता भनेका प्रतिनिधि सभाका सदस्य, राष्ट्रिय सभाका सदस्य र प्रदेश सभाका सदस्य हुन् । स्थानीय तहको निर्वाचन, प्रदेश सभाको निर्वाचन, राष्ट्रिय सभाको निर्वाचन, राष्ट्रपतिको निर्वाचन, राष्ट्रपति, उपराष्ट्रपतिको निर्वाचन, यी निर्वाचनहरू हाम्रा अगाडि आउँदै छन् । यो निर्वाचन एक्लै स्वतन्त्र निर्वाचन मात्रै छैन, त्यसको सम्बन्ध फेरि अर्को कुरासँग जोडिएको छ । त्यसको निर्वाचनको माथि राष्ट्रिय सभा गठनसँग जोडिएको छ । यसर्थ हामीले यसमा अत्यन्तै ध्यान दिएर लाग्न जरुरी छ । योजनाबद्ध ढंगले लाग्न जरुरी छ । आगामी निर्वाचनलाई हामीले महत्वको साथ लिएका छौं । हाम्रो लागी अहिले अनुकूल वातावरण पनि छ, विगतको निर्वाचनमा जस्तो अहिले हामीलाई असहज छैन । यद्यपि सरकारको क्रियाकलाप अझै स्वेच्छाचारी नै छ ।'

उनले गत फागुनमा भएको निर्वाचन भदौ २३ र २४ गते भएको अराजकलाई वैधानिकता दिन राज्यशक्तिको दुरुपयोग गरेर गरिएको आरोप लगाए । उनका अनुसार उक्त निर्वाचन राज्यशक्तिको प्रयोग गरेर शान्तिपूर्ण रूपमा बुथ कब्जा गरिएको थियो ।

ढल्यो मधेश सरकार

मध्यान्ह संवाददाता
काठमाडौं, २८ कार्तिक

मधेस प्रदेशको सरकार करिब एक वर्षमा ढलेको छ । २०८२ मङ्सिर १९ गते संविधानको धारा १६८ को उपधारा (२) बमोजिम प्रदेश मुख्यमन्त्री बनेका कृष्णप्रसाद यादवले शनिबार राजीनामा दिएका छन्। उनले प्रदेश प्रमुख सुरेन्द्र लाभ कर्णसमक्ष संविधानको धारा १६९ को उपधारा (१) को खण्ड (क) बमोजिम पदबाट राजीनामा बुझाए ।

उनको राजीनामा स्वीकृत गर्दै प्रदेश प्रमुख सुरेन्द्र लाभ कर्णले नयाँ सरकार गठनको प्रक्रिया अघि बढाएका छन् । नयाँ सरकार गठनको प्रक्रिया अघि बढेको प्रदेश प्रमुख कर्णले जानकारी दिए । प्रदेश प्रमुखको कार्यालयले संविधानको धारा १६८ को उपधारा (२) बमोजिम मुख्यमन्त्री नियुक्तिका लागि बहुमत जुटाउन सक्ने प्रदेशसभा सदस्यलाई दाबी पेस गर्न आह्वान गरेको छ ।



प्रदेशसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेशसभा सदस्यलाई मुख्यमन्त्रीमा नियुक्त गर्ने प्रयोजनका लागि आफ्नो दाबी पेस गर्न आज प्रदेश प्रमुखले आह्वान गरेका हुन् ।

प्रदेश प्रमुखको कार्यालयले इच्छुक प्रदेशसभा सदस्यलाई २०८३ साल मङ्सिर ४ गते शुक्रबार दिउँसो ४ बजेभित्र मधेश प्रदेशको मुख्यमन्त्री पदमा नियुक्तिका लागि आफ्नो दाबी पेस गर्न समय सीमा तोकेको छ ।

मधेश प्रदेश सभामा २८ सिटसहित जनता समाजवादी पार्टी (जसपा) सबैभन्दा ठूलो दल छ । जसपाको नेतृत्वमा नयाँ सरकार गठनको तयारी छ । मधेशमा एमालेका २४, नेपाली कांग्रेसका २२, नेकपाका १४ र जनमत पार्टीका १२ सांसद छन् । नेपाल संघीय समाजवादी पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी र नागरिक उन्मुक्ति पार्टीका एक-एक सांसद छन् । नयाँ सरकार निर्माणका लागी आफ्नो पक्षमा बहुमत पुऱ्याउन दलहरू सक्रिय भएका छन् ।

रौतहटमा मौलाउँदो गाई तस्करी स्थानीयको सक्रियतामा उद्धार

सत्येन्द्र प्रताप सिंह/मध्यान्ह
रौतहट, २८ कार्तिक

रौतहटको सीमावर्ती क्षेत्रमा गाई तस्करीको अवैध धन्दा मौलाउँदै गएको गुनासो बढेको छ । हालै ईशनाथ नगरपालिका वडा नं. १ बन्जरहास्थित पूर्व बाँधतर्फ तस्कर हरूले छाडेर भागेको अवस्थामा बिरामी गाईको स्थानीय युवा तथा समाजसेवीहरूको सक्रियतामा उद्धार गरिएको छ ।

तस्करीको उद्देश्यले नेपालबाट भारततर्फ लैजाँदै गरिएको आशंका गरिएको उक्त गाई उठ्न समेत नसक्ने अवस्थामा फेला परेको थियो । सीमा क्षेत्रका स्थानीयहरूको सक्रियतापछि सो गाईलाई तत्कालै प्रहरीको जिम्मा लगाइएको छ ।

स्थानीय बासिन्दा संदल राम र अमोध कुमार चन्द्रवंशीका अनुसार शुक्रबार बिहान करिब ४ बजेको समयमा बन्जरहास्थित पूर्व बाँध क्षेत्रमा बेवारिसे तथा दयनीय अवस्थामा उक्त चौपाया फेला परेको हो । खुला सीमानाको फाइदा उठाउँदै सीमावर्ती क्षेत्रबाट अवैध रूपमा गाई तस्करी गरी भारततर्फ लैजाँदै गरेका तस्कर हरूले सुरक्षाकर्मी वा स्थानीय युवाको गस्ती आउने सुइँको पाएपछि बिरामी परेको गाईलाई सोही स्थानमा छाडेर फरार भएको



स्थानीय युवाहरूको दाबी छ ।

अत्यन्त कमजोर कुपोषित र बिरामी अवस्थामा रहेको गाईलाई देखेपछि बन्जरहाका युवा तथा समाजसेवीहरू स्वतःस्फूर्त रूपमा एकजुट भएर उद्धार कार्यमा खटिएका थिए । तस्करहरूले क्रूरतापूर्वक हिँडाउँदै वा बोकेर ल्याएर अलपत्र छाडेको ठहर गर्दै स्थानीयहरूले यस अमानवीय घटनाप्रति तीव्र आक्रोश व्यक्त गरेका छन् ।

तस्करहरूले स्थानीय सुरक्षाकर्मीहरूसँगको मिलेमतोमा बाँध नजिकै रहेको केराघारीको बाटो प्रयोग गरी नेपालबाट भारततर्फ नियमित रूपमा गाई तस्करी गरिरहेको स्थानीयले आरोप समेत लगाएका छन् ।

उक्त गाईको उद्धारपश्चात स्थानीय युवा तथा समाजसेवीहरूको टोलीले गाईको उचित संरक्षण, रेखदेख र स्वास्थ्योपचारका लागि इलाका प्रहरी कार्यालय बनजरहाअन्तर्गतको प्रहरी चौकी र सशस्त्र प्रहरी बलको जिम्मा राखेको जानकारी गराएका छन् ।

साथै स्थानीय युवा र समाजसेवीहरूले सीमा क्षेत्रमा यसरी अवैध रूपमा चौपाया तस्करी गर्ने गिरोह नाइके तथा उनीहरूलाई संरक्षण दिने व्यापारीहरूको तत्काल खोजी गरी कडाभन्दा कडा कानुनी कारबाही गर्न सम्बन्धित निकायसँग जोडदार माग गरेका छन् । उद्धार गरिएको गाईको शारीरिक स्थिति अत्यन्तै चिन्ताजनक र गम्भीर रहेकाले जिल्लास्थित पशु चिकित्सक तथा विशेष पशु उपचारसम्बन्धी निकायमार्फत तत्काल प्रभावकारी उपचारको व्यवस्था मिलाउन समेत उनीहरूले जोडदार अनुरोध गरेका छन् ।

छठको मुख्य दिन आज, हर्षोल्लासपूर्वक मनाइँदै

काठमाडौं/मस– आज छठ पर्वको मुख्य दिन, सूर्यको आराधना, उपासना र पूजा गरी उल्लासपूर्वक मनाइँदैछ। काठमाडौं उपत्यकासहित तराई-मधेसका विभिन्न क्षेत्रमा छठ पर्वको विशेष रौनक छ । छठ पर्वका अवसरमा सरकारले आज सार्वजनिक बिदासमेत दिएको छ।

कार्तिक शुक्ल चतुर्थीदेखि सप्तमीसम्म चार दिन मनाइने छठ पर्वको मुख्य दिन आज व्रतालुले साँझ अस्ताउँदो सूर्यलाई पूजा आराधना गरी अर्घ दिनेछन् । सोमबार बिहान उदाउँदो सूर्यलाई अर्घ दिएपछि यस वर्षको छठ पर्व विधिवत् सम्पन्न हुनेछ ।

छठका व्रतालुले कार्तिक शुक्ल चतुर्थीदेखि नै चोखो खानपान गरी शुद्ध भएर व्रत बस्ने परम्परा छ । पर्वको पहिलो दिन स्नान गरी एक छाक खाने, दोस्रो दिन खरना गर्ने र षष्ठीका दिन निराहार व्रत बसेर सूर्यलाई अर्घ दिने चलन छ ।

ऐतिहासिक तथा पौराणिक ग्रन्थ महाभारतमा उल्लेख भएअनुसार द्रौपदीसहित पाँच पाण्डव



अज्ञातवासमा रहँदा आफ्नो गुप्तवास सफल होस् भन्ने कामनासहित सूर्यदेवको आराधना गरेका थिए । त्यसबेला पाण्डव विराट राजाको दरबारमा बास बसेको उल्लेख छ । लोककथनअनुसार त्यही समयदेखि छठ मनाउने परम्परा सुरु भएको मानिन्छ। सूर्य पुराणअनुसार सर्वप्रथम अत्रिमुनिकी पत्नी अनुसूयाले छठ व्रत गरेकी थिइन्। व्रतको प्रभावले उनले अटल सौभाग्य र पतिप्रेम प्राप्त गरेको धार्मिक विश्वास छ । त्यसै समयदेखि छठ पर्व मनाउने परम्परा सुरु भएको मान्यता रहेको छ ।

संसारका सम्पूर्ण भौतिक विकास सूर्यमा निर्भर रहेको धार्मिक तथा सांस्कृतिक विश्वास छ । सूर्यको शक्तिबिना वनस्पति, प्राणी तथा जीवजन्तुको अस्तित्व सम्भव नहुने भएकाले सूर्यलाई जीवन र ऊर्जाको प्रमुख स्रोतका रूपमा पूजा गर्ने परम्परा रहेको छ ।


साम्ब पुराणमा आफ्नै पिता श्रीकृष्ण तथा महर्षि दुर्वासाको श्रापका कारण कुष्ठरोगबाट पीडित साम्ब सूर्यको आराधनाबाट रोगमुक्त भएको प्रसंग उल्लेख छ । छठ पर्वमा व्रत बसे दुःख र दरिद्रताबाट मुक्ति मिल्ने जनविश्वाससमेत रहेको छ । झुप्पा-झुप्पा फलफूल चढाउँदा सूर्यदेव प्रसन्न भई व्रतालु तथा उनका परिवार र सन्तानको कल्याण हुने धार्मिक मान्यता छ ।

यस पर्वमा आफैं व्रत बस्न नसक्नेले अरूमार्फत व्रत गराउने चलनसमेत रहेको छ । आर्थिक अवस्था कमजोर भएका मानिसले भिक्षा मागेरै भए पनि छठ पर्व मनाउने परम्परा रहेको छ ।

छठ पर्वको व्रतविधिअनुसार कार्तिक शुक्ल चतुर्थीका दिन स्नान गरी एक छाक खाने गरिन्छ । पञ्चमीका दिन सखर हालेर बनाइएको खीर अर्थात् खरना षष्ठी मातालाई चढाएर प्रसादका रूपमा ग्रहण गरिन्छ । त्यसपछि नुन नखाई फलाहार गर्ने परम्परा छ । षष्ठीका दिन कठोर निराहार व्रत बसेर साँझ अस्ताउँदो सूर्यलाई अर्घ दिइन्छ। रातभर जागाम बसेर सप्तमीका दिन बिहान उदाउँदो सूर्यलाई विधिपूर्वक अर्घ दिएपछि छठ पर्व सम्पन्न हुन्छ। कार्तिक शुक्लपक्षमा विधिपूर्वक सूर्यको पूजा आराधना गरी अर्घ दिएमा चर्मरोग नलाग्ने धार्मिक विश्वाससमेत रहेको छ ।

२०४६ अघिसम्म तराईका सीमित क्षेत्रमा मात्र मनाइने छठ पर्वले अहिले राष्ट्रिय स्वरूप ग्रहण गरेको छ । वि.सं. २०४६ देखि सरकारले छठ पर्वका अवसरमा देशभर सार्वजनिक बिदा दिँदै आएको छ । छठ पर्वका अवसरमा राजधानीका गुह्येश्वरी, गहनापोखरी, कमलपोखरीलगायत वाग्मती, बल्खु, नख्खु र विष्णुमती नदी किनारमा विशेष सजावट गरिएको छ । ती स्थानमा व्रतालु तथा श्रद्धालुहरूको सहभागितामा छठ पूजा हुँदैछ ।

विराटनगरमा भू-सेवा सञ्चालन गर्ने तयारी



मोरङ/मस– विराटनगर महानगरपालिकाले आफ्नो १९ वटै वडाको भू-उपयोग क्षेत्र वर्गीकरणसम्बन्धी अन्तिम प्रतिवेदन तयार गरी कार्यान्वयनको तयारीमा लागेको छ । यससँगै कित्ताकाट खुलाउन आवश्यक प्रशासनिक तथा प्राविधिक प्रक्रिया पूरा भएको महानगरपालिकाले जनाएको छ ।

विराटनगर महानगरपालिकाको नगर कार्यपालिकाको कार्यालयले २०८३ कार्तिक २७ गते नापी कार्यालयलाई पत्र पठाउँदै भू-उपयोग क्षेत्र वर्गीकरणको विवरण तथा प्रतिवेदन कार्यान्वयन गर्न अनुरोध गरेको हो । नगर कार्यपालिकाको २०८३ असोज २३ गतेको निर्णयअनुसार भू-उपयोग परिषदबाट स्वीकृत आधार तथा मापदण्डका आधारमा तयार पारिएको विवरण नापी कार्यालयमा पठाइएको हो। लामो समयदेखि रोकिँदै आएको जग्गाको कित्ताकाट खुला भएसँगै विराटनगर महानगरपालिका क्षेत्रभित्रको घरजग्गा कारोबारले पुनः गति लिने भएको हो । महानगरपालिकाले वर्गीकरणसम्बन्धी अन्तिम प्रतिवेदनसँगै १९ वटै वडाको विवरण समेटिएको विद्युतीय तथ्याङ्क फाइल र तथ्याङ्कक भण्डारण प्रणालीसम्बन्धी आवश्यक कागजात नापी तथा भूमि प्रशासन कार्यालयमा उपलब्ध गराएको छ ।

भू-उपयोग वर्गीकरणको विवरण आधिकारिक रूपमा सम्बन्धित कार्यालयमा पुगेपछि लामो समयदेखि कित्ताकाटको प्रतीक्षामा रहेका जग्गाधनीलाई राहत मिल्ने अपेक्षा गरिएको छ। कित्ताकाट रोकिँदा प्रभावित हुँदै आएको जग्गा किनबेच, अंशबन्डा, जग्गा छुट्याउने तथा अन्य घरजग्गासम्बन्धी कामले अब सहजता पाउने विश्वास गरिएको महानगर प्रमुख नागेश कोइरालाले बताए । महानगर प्रमुख कोइरालाका अनुसार आगामी एक महिनाभित्र भू-सेवा सञ्चालनमा ल्याउने लक्ष्यसहित आवश्यक तयारी तीव्र पारिएको बताए । उनका अनुसार भू-सेवा सञ्चालनमा आएपछि जग्गासम्बन्धी प्रशासनिक कामलाई थप व्यवस्थित, पारदर्शी र छिटोछरितो बनाउन सहयोग पुग्नेछ ।

पर्वतीय मुलुकका मुद्दालाई कोपको औपचारिक प्रक्रियामा समेट्न नेपालको पहल

काठमाडौं/मस– नेपालले संयुक्त राष्ट्रसंघीय जलवायु सम्मेलन (कोप-३१) मा पर्वत तथा जलवायु परिवर्तनसम्बन्धी छुट्टै कार्य कार्यक्रम बनाउन प्रस्ताव गरेको छ ।

तुर्कीएको अन्ताल्यामा जारी सम्मेलनमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गरेका परराष्ट्र मन्त्री शिशिर खनालले हिमाली तथा पर्वतीय मुलुकका मुद्दालाई कोपको औपचारिक प्रक्रियामा समेट्न नेपालले पहल गरेको बताएका छन् ।

सम्मेलनमा सहभागी भएर शनिवार स्वदेश फर्किएका मन्त्री खनालले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सञ्चारकर्मीसँग कुरा गर्दै उच्चस्तरीय बैठकहरूमा नेपालले पर्वतीय मुलुकका सरोकार उठाएको बताए । यस वर्षको सम्मेलनले ती सरोकारलाई कुनै न कुनै रूपमा सम्बोधन गर्नेमा आफू आशावादी रहेको उनको भनाइ थियो ।

परराष्ट्र मन्त्रालयका अनुसार मन्त्री खनालले सम्मेलनमा विश्वव्यापी अनुकूलन लक्ष्य र नयाँ सामूहिक परिमाणात्मक जलवायु वित्त लक्ष्यमा पर्वतीय क्षेत्रका विशिष्ट सूचक समावेश गर्नुपर्ने धारणा



राखेका थिए । नेपालले जलवायु वित्तमा न्यायोचित पहुँच र जलवायु परिवर्तनबाट हुने हानि-नोक्सानीको प्रभावकारी सम्बोधनमा पनि जोड दिएको मन्त्रालयले जनाएको छ ।

सम्मेलनका क्रममा नेपालले भुटान, किर्गिस्तान, अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) र जोइ इन्भाइरोमेन्ट नेटवर्कसँगको सहकार्यमा पर्वतीय क्षेत्रको उत्थानशीलताका लागि अनुकूलन वित्तसम्बन्धी उच्चस्तरीय कार्यक्रम आयोजना गरेको थियो । नेपाली प्रतिनिधिमण्डलले सम्मेलनका क्रममा द्विपक्षीय तथा उच्चस्तरीय भेटवार्ता पनि गरेको मन्त्रालयले जनाएको छ ।

मन्त्री खनाल स्वदेश फर्किएपछि मन्त्रालयले जारी गरेको विज्ञप्तिअनुसार नेपाली प्रतिनिधिमण्डलले हिमाली पारिस्थितिक प्रणालीको संरक्षण, हिमाली क्षेत्रको वैज्ञानिक अनुगमन र बहुप्रकोपीय पूर्वसूचना प्रणाली सुदृढ बनाउनुपर्ने विषय उठाएको थियो । प्रतिनिधिमण्डलले प्रविधि हस्तान्तरण, क्षमता विकास र क्षेत्रीय सहकार्यका साथै जलवायुजन्य विपद्पछिको पुनर्निर्माण तथा पुनःस्थापनाका लागि अन्तर्राष्ट्रिय सहयोग परिचालन गर्नुपर्नेमा पनि जोड दिएको थियो ।

पर्वत जलजला समाज कतारको अध्यक्षमा पुनः देभाराज कार्की

तिलु शर्मा पौडेल/मध्यान्ह
दोहा, कतार, २८ कार्तिक

पर्वतको जलजला गाउँपालिकाबाट रोजगारी तथा विभिन्न सिलसिलामा कतार पुगेका जलजलावासीहरूको साझा संस्था पर्वत जलजला समाज कतारले तेस्रो वार्षिकोत्सव तथा दोस्रो अधिवेशन भव्य समारोहका बीच सम्पन्न गरेको छ । अधिवेशनको बन्द सत्रबाट जलजला गाउँपालिका-३, मल्लाज निवासी देभाराज कार्कीलाई पुनः अध्यक्षमा सर्वसम्मत चयन गर्दै नयाँ कार्यसमिति गठन गरिएको छ।

नवनिर्वाचित कार्यसमितिको वरिष्ठ उपाध्यक्षमा सूर्यबहादुर खत्री तथा उपाध्यक्षमा अमरबहादुर जिसी र बेलबहादुर कार्की चयन भएका छन् । त्यसैगरी महासचिवमा बाबुराम नेपाली, सचिवमा दिनेश मल्ल, कोषाध्यक्षमा क्षेत्रबहादुर जिसी र सहकोषाध्यक्षमा कर्णबहादुर परियार चयन भएका छन् । सदस्यहरूमा लोकबहादुर खत्री, सन्दीप भण्डारी, फौदबहादुर कार्की, निलकण्ठ सुवेदी, रवि मल्ल, दिलबहादुर खत्री, रितबहादुर नेपाली, बुद्धिमान नेपाली र लालबहादुर क्षेत्री चयन भएका छन् ।

शुक्रबार कतारको प्लाजा मलस्थित मेस्काफे रेस्टुरेन्टमा आयोजित अधिवेशनको खुला सत्र समाजका अध्यक्ष देभाराज कार्कीको सभाध्यक्षता तथा ग्लोबल पर्वत समाजका मध्यपूर्व संयोजक रघुनाथ शर्माको प्रमुख आतिथ्यतामा



सम्पन्न भएको हो । कार्यक्रममा कतारमा स्थापित विभिन्न सामाजिक संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरूको उल्लेख्य सहभागिता रहेको थियो ।

अधिवेशनसँगै आयोजित सांस्कृतिक समारोहले कार्यक्रमलाई थप आकर्षक र उल्लासमय बनाएको थियो । कतारमा रहेका दर्जनौं नेपाली कलाकारले सांगीतिक प्रस्तुति दिँदा समारोह संगीतमय बनेको थियो। समाजका अग्रज व्यक्तित्वहरूका साथै संस्थासँग सहकार्य गर्दै आएका विभिन्न संघसंस्थालाई सम्मानसमेत गरिएको थियो। जलजलावासीहरूको साझा संस्थाको वार्षिकोत्सव भए पनि सहभागिता, व्यवस्थापन र सांस्कृतिक प्रस्तुतिका हिसाबले कार्यक्रमले जिल्लास्तरीय भव्य समारोहको झल्को दिएको थियो ।

कार्यक्रममा समाजको संस्थागत पहिचान र उद्देश्यबारे उठेको जिज्ञासालाई सम्बोधन गर्दै प्रमुख अतिथि शर्माले पर्वत जलजला समाज कतार कुनै अर्को संस्थाको समानान्तर वा प्रतिस्पर्धी संस्था नभएको स्पष्ट पारे । जलजला गाउँपालिकाका कतारमा रहेका बासिन्दाहरूको सक्रियतामा स्थापित यो विशुद्ध सामाजिक संस्था भएको उल्लेख गर्दै उनले सामाजिक हित र सेवाका लागि सबै संस्थासँग सहकार्य आवश्यक रहेको बताए । शर्माले समाजले एक कार्यकालमै ५० हजार कतारी रियालभन्दा बढीको आर्थिक कारोबार गर्न सफल हुनु आफैंमा सुखद उपलब्धि भएको उल्लेख गरे । संस्थाले सामाजिक सेवाका क्षेत्रमा देखाएको सक्रियताको प्रशंसा गर्दै उनले आगामी दिनमा पनि यस्ता गतिविधिलाई निरन्तरता दिनुपर्नेमा जोड दिए ।

अधिवेशनको खुल्ला शत्रको समापन गर्दै सभाध्यक्ष कार्कीले कार्यकालभरी सहयोग गर्ने सबैलाई धन्यवाद दिँदै उनले आगामी दिनमा कतारस्थित नेपाली संघसंस्थासँग समन्वय र सहकार्य गर्दै अघि बढ्ने प्रतिबद्धता जनाए । नेपालमा आइपर्ने प्राकृतिक विपत्ति तथा अन्य कठिन परिस्थितिमा समेत सबैसँग हातेमालो गरी सामाजिक सेवा र सहयोगका गतिविधिलाई निरन्तरता दिने बताए ।

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

सम्पादकीय

फोहोरमा फेरि राजनीति नहोस्

फोहोर व्यवस्थापन सडक र घरआँगन सफा राख्ने विषय मात्रै होइन, यो नागरिकको स्वास्थ्य, स्वच्छ वातावरण र सम्मानपूर्वक बाँच्न पाउने मौलिक हकसँग जोडिएको छ । त्यसैले फोहोर व्यवस्थापनको जिम्मेवारी कसको हो र त्यसमा राज्यका कुन तह तथा निजी क्षेत्रको कस्तो भूमिका हुनुपर्छ भन्ने प्रश्न महत्वपूर्ण छ । सर्वोच्च अदालतले काठमाडौंको फोहोर संकलन अवरोधसम्बन्धी विवादमा गरेको व्याख्याले यही प्रश्नको जवाफ दिएको छ । काठमाडौं महानगरपालिकाले तत्कालीन संघीय सरकारसँगको विवादपछि २०७९ चैत २४ गतेदेखि राष्ट्रपति कार्यालय, प्रधानमन्त्री निवास र सिंहदरबार क्षेत्रको फोहोर संकलन नगर्ने निर्णय गरेको थियो । त्यसविरूद्ध अधिवक्ता पदमबहादुर श्रेष्ठले २०८० वैशाख ४ गते सर्वोच्च अदालतमा रिट दायर गरेका थिए । यही रिटबारे २०८२ पुस २१ गते सर्वोच्च अदालतले गरेको फैसलाको पूर्ण पाठ हालै सार्वजनिक भएको छ । जसमा राजनीतिक मतभेद, अधिकार क्षेत्रको विवाद वा अन्य कुनै कारण देखाएर अत्यावश्यक सरसफाइ सेवा रोक्न नपाइने व्याख्या गरिएको छ ।

संविधानको धारा १६ ले सुनिश्चित गरेको सम्मानपूर्वक बाँच्न पाउने हक र धारा ३० ले प्रत्याभूत गरेको स्वच्छ वातावरणको हकलाई जोड्दै अदालतले फोहोर संकलनमा अवरोध गर्नु नागरिकको मौलिक हकमाथिको प्रहार हुने व्याख्या गरेको हो । यो फैसलामा जिम्मेवारीको बाँडफाँटबारे पनि व्याख्या गरिएको छ । फोहोरमैला व्यवस्थापन स्थानीय तहको अधिकार भए पनि आवश्यक पूर्वाधार, जग्गा अधिग्रहण, मुआब्जा, सडक, सुरक्षा र प्रभावित बासिन्दाका समस्या समाधानमा संघीय सरकारको सहयोग अनिवार्य हुने ठहर छ । प्लास्टिकका झोला तथा प्याकेजिङ सामग्री उत्पादन गर्ने कम्पनीले निश्चित प्रतिशत फोहोर फिर्ता संकलन गर्नुपर्ने बाध्यकारी कानुनी व्यवस्था गर्नसमेत अदालतले आदेश गरेको छ । फोहोर उत्पादन गर्नेले त्यसको व्यवस्थापनमा पनि जिम्मेवारी लिनुपर्छ भन्ने मान्यता यसले स्थापित गरेको छ । यसकारण विविध कोणबाट यो फैसला फोहोर व्यवस्थापनका सन्दर्भमा महत्वपूर्ण र ऐतिहासिक व्याख्या हो ।

अब अदालतको आदेश कार्यान्वयन गर्ने जिम्मेवारी नेपाल सरकारको हो । आदेश कागजमा सीमित राखेर फोहोर व्यवस्थापनको समस्या समाधान हुँदैन । सरकारले आवश्यक कानुन तथा निर्देशिका बनाउनुपर्छ । सर्वोच्चले एकीकृत फोहोरमैला व्यवस्थापन निर्देशिका बनाउन, स्रोतबाटै फोहोर वर्गीकरण र पुनः प्रयोगको व्यवस्था प्रभावकारी बनाउन तथा तहगत सरकारबीच समन्वयका लागि स्थायी संयन्त्र विकास गर्न आदेश गरेको छ । बन्चरेडाँडाको सडक स्तरोन्नति, लिच्चड प्रशोधन, वातावरणीय प्रभाव न्यूनीकरण र प्रभावित स्थानीयसँग भएका सम्झौता कार्यान्वयन गर्न भनेको छ । सर्वोच्च अदालतको आदेशअनुसार उत्पादक कम्पनीको जिम्मेवारी पनि निश्चित गर्नुपर्नेछ । तीन तहका सरकारबीच समन्वय गर्ने गरी स्थायी संयन्त्र बनाउनुपर्छ। स्थानीय तहले स्रोतमा वर्गीकरण र पुनः प्रयोगलाई व्यवहारमा उतार्नुपर्छ । प्रभावित समुदायसँग भएका सम्झौता कार्यान्वयन गर्नुपर्नेछ । नागरिकले पनि यही चाहेका छन्, अब सर्वोच्चको आदेशअनुसारका सबै जिम्मेवारी सम्बन्धित पक्षले इमानदारीपूर्वक पूरा गरून् । फोहोरमा फेरि राजनीति नगरून् ।

नयाँ सत्ता, पुरानै प्रवृत्ति

नयाँ राजनीतिक शक्तिले पुरानो शासन संस्कार बदल्ने वाचासहित जनादेश पाएको थियो । तर कार्यकाल पूरा नहुँदै प्रहरी महानिरीक्षक परिवर्तन गर्ने निर्णयले सरकारको नियतमाथि प्रश्न उठाएको छ । इनम सापकोटा प्रकरण, अनुसन्धानको स्वतन्त्रता र राजनीतिक हस्तक्षेपका आशंकाले नयाँ सत्ताको सुशासन प्रतिबद्धताको परीक्षा लिइरहेका छन् ।

अग्रलेख



● भुपेन्द्र थापा 'माधव'

राज्य सञ्चालनको वास्तविक चरित्र ठूला घोषणा र प्रतिबद्धतामा होइन, अप्ठ्यारा प्रश्न उठ्दा सरकारले देखाउने व्यवहारमा प्रकट हुन्छ । आफूअनुकूल हुँदा कानुनको प्रशंसा गर्ने र प्रतिकूल हुँदा संस्थागत मर्यादा बिर्सने प्रवृत्ति नेपाली राजनीतिमा पुरानै रोग हो । नयाँ राजनीतिक शक्तिले यही रोगको उपचार गर्ने प्रतिबद्धतासहित जनादेश पाएको थियो । तर प्रहरी महानिरीक्षक दानबहादुर कार्कीलाई कार्यकाल पूरा नहुँदै हटाएर मनोजकुमार केसीलाई नेतृत्व सुम्पिएको घटनाले फेरि प्रश्न उठाएको छ- नेपालमा सत्ता फेरिएको हो कि सत्ताको संस्कार मात्र नयाँ अनुहारमा दोहोरिएको हो ?

प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको सरकारले २०८३ कात्तिक १८ गते कार्कीलाई प्रहरी महानिरीक्षकबाट हटाएर प्रधानमन्त्रीको विशेष सुरक्षा सल्लाहकारको जिम्मेवारी दियो । सरकारले यसलाई कारबाही नभई जिम्मेवारी हेरफेर भनेको छ । तर कार्यकाल बाँकी रहँदै प्रहरी संगठनको प्रमुख परिवर्तन गर्ने निर्णयले कानुनी औचित्य, संस्थागत स्वतन्त्रता र राजनीतिक हस्तक्षेपको प्रश्न जन्माएको छ । यस घटनाको पृष्ठभूमिमा निर्वाचन प्रहरीको पोसाक खरिद विवाद, सांसद खगेन्द्र सुनारसँगको सार्वजनिक भनाभन, उच्चपदस्थ व्यक्तिमाथिको अनुसन्धान र इनम सापकोटा प्रकरणसमेत जोडिएका छन् ।



इनम प्रकरण र प्रहरी नेतृत्व परिवर्तनको प्रश्न

यो घटनाको सबैभन्दा संवेदनशील पक्ष इनम सापकोटासँग जोडिएको विवाद हो । सम्पत्ति शुद्धीकरण र बैंकिङ कसुरसम्बन्धी अनुसन्धानका क्रममा पक्राउ परेका सापकोटाको सम्पर्क सञ्जालमा न्यायिक क्षेत्र, प्रहरीका उच्च अधिकारी, राजनीतिक व्यक्तित्व र विभिन्न विवादमा जोडिएका व्यक्तिहरू रहेको विवरण सार्वजनिक भएका छन् । उनको मोबाइलमा भेटिएका संवाद र सम्पर्क विवरणका आधारमा अनुसन्धान अघि बढाइएको समाचारमा उल्लेख छ । यद्यपि, कुनै व्यक्तिसँग सम्पर्क हुनु मात्र अपराधमा संलग्न भएको प्रमाण होइन ।

यसै प्रकरणमा प्रहरी महानिरीक्षक कार्की र प्रधानमन्त्रीको सचिवालयबीच असमझदारी बढेको विवरण सार्वजनिक भएको छ । कान्तिपुरको खोजमूलक समाचारअनुसार, प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार कुमार बेन र इनम सापकोटाबीच भएको भनिएको कुराकानी तथा त्यससँग सम्बन्धित संवेदनशील सूचना प्रधानमन्त्रीसमक्ष पुऱ्याउने क्रममा कार्की र सचिवालयबीच विवाद बढेको थियो । कार्कीले केही विवरण सार्वजनिक हुँदा सरकारलाई अप्ठ्यारो पर्न सक्ने आशय व्यक्त गरेको र त्यसपछि सम्बन्ध थप तनावपूर्ण बनेको सरकारी स्रोतको दाबी छ । अर्कोतर्फ, कार्कीले सापकोटासँग कुनै अनुचित सम्बन्ध नरहेको र आफूले कानुनी प्रक्रिया पालना गर्न खोजेको बताएका विवरण पनि सार्वजनिक भएका छन् ।

यहींनेर गम्भीर प्रश्न उठ्छ- इनम सापकोटा प्रकरणको अनुसन्धानमा देखिएका सम्पर्क, सूचना आदानप्रदान र सम्भावित प्रभाववारे प्रहरी नेतृत्वले उठाएका प्रश्न नै कार्कीको पदमुक्तिको भित्री कारण त बनेनन् ? प्रधानमन्त्रीको सचिवालयसँग सम्बन्धित व्यक्तिबारे अनुसन्धानका क्रममा कुनै संवेदनशील विवरण बाहिर आएको थियो भने त्यसको निष्पक्ष छानबिन गर्नु सरकारको दायित्व होइन र ?

इनमको मोबाइल र सम्पर्क विवरणबाट के-कस्ता सम्बन्ध खुले ? राजनीतिक सल्लाहकार र अनुसन्धानमा रहेका व्यक्तिबीच भएको भनिएको संवादको वास्तविक प्रकृति के हो ? प्रहरीले प्रधानमन्त्रीलाई दिएको जानकारीमा के थियो ? सूचना चुहावट भएको हो भने कसले र किन गऱ्यो ? यी प्रश्नको जवाफ सार्वजनिक नभएसम्म प्रहरी प्रमुख हटाइनुको वास्तविक पृष्ठभूमिबारे आशंका रहिरहन्छ ।

यहाँ कसैलाई दोषी ठहऱ्याउनु उद्देश्य होइन । तर अनुसन्धानको दायरामा आएका व्यक्ति, राजनीतिक पहुँच भएका व्यक्तिहरू र सुरक्षा निकायका अधिकारीबीचको सम्बन्धबारे निष्पक्ष छानबिन हुनुपर्छ । इनमसँग सम्पर्क भएको आधारमा मात्र कुनै अधिकारी दोषी हुँदैनन् । त्यस्तै, राजनीतिक पदमा रहेको आधारमा कसैले अनुसन्धानबाट उन्मुक्ति पाउनु पनि हुँदैन । सरकार आफैंमाथि प्रश्न उठ्ने सम्भावना भए पनि अनुसन्धानलाई स्वतन्त्र रहन दिन सक्नु नै सुशासनको वास्तविक परीक्षा हो ।

नेपाली राजनीतिमा राज्यका निकायलाई दलगत स्वार्थअनुसार परिचालन गर्ने, नियुक्तिमा भागबन्डा खोज्ने, आलोचकलाई प्रतिपक्षी ठान्ने र शक्तिशाली व्यक्तिलाई अनुसन्धानबाट जोगाउने प्रवृत्ति लामो समयदेखि देखिँदै आएको छ । सरकार परिवर्तनसँगै प्रहरी र प्रशासनको नेतृत्व परिवर्तन गर्ने अभ्यासले संस्थागत निरन्तरतामाथि प्रश्न उठाएको छ ।

नयाँ राजनीतिक शक्तिले यिनै प्रवृत्तिको अन्त्य गर्ने वाचा गरेको थियो । तर नयाँ हुनु र नयाँ चरित्र देखाउनु फरक कुरा हुन् । नयाँ नेतृत्वले पनि आफ्नो अनुकूल निर्णय खोज्ने, आलोचनालाई असहज ठान्ने र संस्थागत प्रश्न उठाउने अधिकारीलाई जिम्मेवारीबाट पन्छाउने प्रवृत्ति अपनायो भने पुरानो र नयाँबीचको भिन्नता कहाँ रहन्छ ?

प्रहरी महानिरीक्षकको नियुक्ति र पदमुक्ति सरकारको अधिकारक्षेत्रभित्र पर्छ । तर त्यो अधिकार मनोमानी रूपमा प्रयोग गर्न मिल्दैन । सर्वोच्च अदालतले विगतमा प्रहरी महानिरीक्षक अच्युतकृष्ण खरेल र विद्युत् प्राधिकरणका पूर्वकार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यसम्बन्धी विवादमा सार्वजनिक पदाधिकारीलाई पर्याप्त आधार र औचित्यविना हटाउन नहुने सिद्धान्त प्रतिपादन गरेको छ । कार्कीको हकमा पनि निर्णयको कानुनी आधार, प्रक्रिया र औचित्य परीक्षण हुनुपर्छ ।

वाचापत्र र शासनशैलीबीचको दूरी

राष्ट्रिय स्वतन्त्र पार्टीले निर्वाचनअघि भ्रष्टाचार नियन्त्रण, सार्वजनिक पदाधिकारीको सम्पत्ति छानबिन, प्रशासनिक सुधार, रोजगारी सिर्जना, उत्पादन वृद्धि र नागरिकमैत्री शासनलाई प्रमुख प्रतिबद्धता बनाएको थियो । सार्वजनिक पदमा बसेकाहरूको सम्पत्ति छानबिन गर्ने, पुराना भ्रष्टाचारका फाइल खोल्ने र राज्यका निकायलाई राजनीतिक हस्तक्षेपबाट मुक्त बनाउने वाचा त्यसका महत्त्वपूर्ण पक्ष थिए ।

सरकार बनेपछि सार्वजनिक गरिएको सयवुँदे सुशासन सुधार कार्ययोजनाले पनि प्रशासनिक सुधार, डिजिटल सेवा, स्वास्थ्य, शिक्षा, कृषि र भ्रष्टाचार नियन्त्रणलाई प्राथमिकता दिएको थियो । तर पहिलो सय दिनको मूल्यांकनमा सयमध्ये ३८ प्रतिबद्धता मात्र कार्यान्वयन भएको विवरण सार्वजनिक भयो । निजामती सेवा सुधार, कानुनी संरचना निर्माण र प्रशासनिक पुनर्संरचनाका कतिपय काम अझै प्रक्रियामै रहेको समाचार आएका छन् ।

यसले चुनावी वाचापत्र र शासनशैलीबीचको दूरीबारे प्रश्न उठाउँछ । चुनावअघि राजनीतिक हस्तक्षेप अन्त्य गर्ने प्रतिबद्धता गर्ने दलले सत्तामा पुगेपछि प्रहरी र प्रशासनलाई कति स्वतन्त्र छोडेको छ ? भ्रष्टाचारका पुराना फाइल खोल्ने क्रममा सत्ता निकट व्यक्ति पनि अनुसन्धानको दायरामा पर्छन् कि पर्दैनन् ? सुशासनको मापदण्ड विपक्षीका लागि एउटा र आफ्ना लागि अर्को त हुँदैन ?

संसद्मा प्राप्त बलियो जनादेशले सरकारलाई नीतिगत निरन्तरता र दीर्घकालीन सुधारको अवसर दिएको छ । तर बहुमत हुनु नै राजनीतिक स्थायित्वको पूर्ण आधार होइन । संविधान, विधिको शासन, स्वतन्त्र संस्था र राजनीतिक सहमतिले मात्र स्थायित्वलाई दिगो बनाउँछन् ।

सरकारले कृषि, उद्योग, जलविद्युत्, पर्यटन, सूचना प्रविधि र रोजगारी विस्तारलाई समृद्धिको आधार बनाउने लक्ष्य अघि सारेको छ । आगामी दशकमा औसत सात प्रतिशत आर्थिक वृद्धि हासिल गर्ने महत्त्वाकांक्षी लक्ष्यसमेत सार्वजनिक गरिएको छ । तर उत्पादन बढाउने वातावरण, लगानीको सुरक्षा, उद्यमशीलताको विकास, बजारको सुनिश्चितता र प्रशासनिक पारदर्शिताविना यस्ता लक्ष्य पूरा हुन सक्दैनन् ।

विदेशिने युवालाई स्वदेशमै अवसर सिर्जना गर्ने, कृषि उत्पादनलाई बजारसँग जोड्ने, उद्योगलाई प्रोत्साहन गर्ने र विप्रेषणमा निर्भर अर्थतन्त्रलाई उत्पादनमुखी बनाउने काममा सरकारले ठोस परिणाम देखाउनुपर्छ । समृद्धि भाषण, भ्रमण र घोषणाले होइन, नागरिकको आम्दानी, रोजगारी र जीवनस्तरमा आएको परिवर्तनले मापन हुन्छ ।

नागरिकको खबरदारी आवश्यक

मुलुक अहिले महत्त्वपूर्ण राजनीतिक मोडमा छ । नयाँ नेतृत्वप्रति आशा राख्नु स्वाभाविक हो, तर अन्धसमर्थन गर्नु लोकतान्त्रिक चेतना होइन । सरकारका राम्रा कामलाई समर्थन गर्ने र कमजोरीमाथि प्रश्न उठाउने दुवै जिम्मेवारी नागरिकको हो । दल र नेताभन्दा माथि संविधान, राष्ट्रिय हित र सार्वजनिक जवाफदेहिता हुनुपर्छ ।

नागरिक समाज, सञ्चारमाध्यम, बौद्धिक समुदाय र राजनीतिक दलले सार्वजनिक नियुक्ति, बजेट, विकास आयोजना र चुनावी प्रतिबद्धताको नियमित निगरानी गर्नुपर्छ । भ्रष्टाचारविरुद्धको आवाज कुनै दलको पक्ष वा विपक्षमा सीमित हुनु हुँदैन । प्रमाणमा आधारित प्रश्न, शान्तिपूर्ण दबाब र लोकतान्त्रिक खबरदारीलाई बलियो बनाउनुपर्छ ।

अन्त्यमा, इनम सापकोटा प्रकरण र प्रहरी महानिरीक्षकको पदमुक्ति एउटा व्यक्तिको पद र जिम्मेवारीको विषय मात्र होइन । यो राज्यका संस्था कति स्वतन्त्र छन्, सत्ता कति जवाफदेही छ र नयाँ राजनीतिक नेतृत्वले कस्तो शासन संस्कार स्थापित गर्न खोजेको छ भन्ने परीक्षण पनि हो ।

सरकारले इनम प्रकरणको निष्पक्ष छानबिन गर्नुपर्छ, प्रहरी नेतृत्व परिवर्तनको कानुनी आधार सार्वजनिक गर्नुपर्छ र अनुसन्धानमा कुनै पनि राजनीतिक दबाब पर्न दिनु हुँदैन । नयाँ प्रहरी नेतृत्वले पनि आफ्नो निष्ठा सत्ता निकटताबाट होइन, कानुनको समान कार्यान्वयनबाट प्रमाणित गर्नुपर्छ ।

व्यक्ति परिवर्तनले मात्र व्यवस्था बलियो हुँदैन । राजनीतिक स्थायित्वको अर्थ सत्तामा टिकिरहनु होइन, राज्यका संस्थामा नागरिकको विश्वास स्थापित गर्नु हो । नयाँ सरकारको वास्तविक सफलता पुरानो नेतृत्वलाई विस्थापित गर्न सक्नुमा होइन, पुरानो राजनीतिक संस्कार बदल्न सक्नुमा हुनेछ । सत्ता नयाँ भएर मात्र पुग्दैन, सत्ताको सोच, संस्कार र व्यवहार पनि नयाँ हुनुपर्छ । अन्यथा परिवर्तनको नाममा अनुहार फेरिन्छ, जनताको नियति फेरिँदैन ।

आस्था, प्रकृति र संस्कृतिको उत्सव

छठ



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

सूर्य उपासनामा आधारित छठ धार्मिक आस्था, प्रकृतिप्रतिको सम्मान र सामूहिक एकताको पर्व हो । अस्ताउँदो र उदाउँदो सूर्यको पूजा गरिने यस पर्वले जीवनको निरन्तरता, अनुशासन र प्रकृतिसँगको सम्बन्धलाई स्मरण गराउँछ ।

दसैं गयो, तिहार पनि गयो, छठ आयो । चाडपर्व आउँदै र जाँदै छन् । दुःखलाई पनि सुख सम्झेर बाँच्ने हाम्रो बानी छ । भोटेकोशी होस् वा बूढीगण्डकी, विपद्का घटना भइरहँदा पनि बाँचेका मानिस खुसी मनाउन छाड्दैनन् । तिहारमा विद्युत् खपत बढेर यसपटक एक हजार ७८० मेगावाट पुगेको छ । भ्याट लाग्दा पनि खपत नघट्नु सकारात्मक पक्ष हो ।

धर्म र संस्कृतिमा हाम्रो देश समृद्ध छ । फूलैफूलको चाड तिहारमा यसपटक फूल आयातमा प्रतिबन्ध लागे पनि बजारमा फूल महँगो भयो । हरेक वस्तु आयात भएपछि मात्र बजार सहज हुने अवस्था बनेको छ । लोकतन्त्रले धेरै सपना बाँडे पनि मौलिक संस्कृति, धर्म र धरोहर संरक्षणमा अपेक्षित काम हुन सकेको छैन । सांस्कृतिक पहिचान जोगाउने दायित्व सरकारको हो ।

हामी वैदिक सनातनी हौं । घूसखोरी हाम्रो संस्कृति होइन । तर तिहारकै आसपास प्रमुख प्रशासकीय अधिकृत ३३ लाख रुपैयाँ घूससहित पक्राउ परेको घटनाले सुशासनको अवस्थामाथि प्रश्न उठाएको छ । 'नीतिले कमाऊ, रीतिले बाँच र प्रीतिले अरूलाई बाँच्न देऊ' भन्ने हाम्रो सांस्कृतिक मान्यता हो । व्यवहारमा भने नैतिकता र आचरणभन्दा स्वार्थ हावी हुँदै गएको छ ।

छठ मूलतः तराईको सांस्कृतिक पर्व भए पनि अहिले सर्वव्यापी बन्दै गएको छ । सडक जलाउने हाम्रो संस्कृति होइन, दीपावली गर्ने हो । छठमा नदी र जलाशयमा समेत दीप प्रज्वलन गरिन्छ । तर राजनीतिक विकृति, सत्ता संघर्ष र बेरुजुको भार बढाउने प्रवृत्तिले समाजको संस्कारमाथि प्रश्न उठाएको छ । धर्म र संस्कृति आडम्बरमा होइन, आचरण र चरित्रमा देखिनुपर्छ ।

सूर्य उपासनाको पर्व

छठ सूर्य पूजा र उपासनाको पर्व हो । सूर्यको प्रकाश र ताप पृथ्वीमा जीवनका आधार हुन् । वैदिक संस्कारले सूर्यलाई सम्पूर्ण जीवात्माको जीवनाधार मानेको छ । अथर्ववेदमा सूर्यका किरणमा रोग निवारण गर्ने शक्ति रहेको उल्लेख पाइन्छ । निरोगिता, आयु, आरोग्य र बलवृद्धिको कामनासहित सूर्य उपासनाको परम्परा विकसित भएको धार्मिक विश्वास छ ।

जनकपुरको जानकी क्षेत्र र काठमाडौंको रानीपोखरीमा छठका अवसरमा भव्य उत्सव देखिन्छ । सूर्यको पूजा



गर्दै अस्ताउँदो र उदाउँदो दुवै अवस्थालाई सम्मान गर्ने परम्पराले यस पर्वलाई विशिष्ट बनाएको छ ।

पौराणिक मान्यता

छठ पर्वसँग विभिन्न पौराणिक कथा र मान्यता जोडिएका छन् । धार्मिक विश्वासअनुसार, अत्रि ऋषिकी पत्नी अनुसूयाले पतिको दीर्घायुको कामना गर्दै छठी माताको पूजा आरम्भ गरेकी थिइन् । भविष्यपुराणमा श्रीकृष्णका पुत्र शाम्बले कुष्ठरोग निवारणका लागि छठ व्रत गरेको प्रसंग उल्लेख छ ।

त्यस्तै, च्यवन ऋषिकी पत्नी सुकन्याले षष्ठी व्रत गरी छठ पूजा गरेको र अश्विनीकुमारहरूको सहयोगमा अन्धा पति च्यवनलाई पुनः दृष्टि प्राप्त भएको कथा प्रचलित छ । महाभारतकालमा पाँच पाण्डवले वनवास र गुप्तवासका क्रममा सूर्य उपासना गरेको तथा सूर्यदेवबाट शक्ति प्राप्त गरेको मान्यता पनि छ ।

हिन्दु नारीहरूले पौष महिनामा हरेक आइतबार सूर्य उपासना गर्ने परम्परा छ । सूर्य गायत्री मन्त्रले आत्मबल, इच्छाशक्ति र मनोबल बढाउने धार्मिक विश्वाससमेत रहेको छ ।

प्रकृति र जीवनको सम्बन्ध

धार्मिक दर्शनमा सूर्यलाई ब्रह्मा, विष्णु र शिवको संयुक्त स्वरूपका रूपमा व्याख्या गरिएको छ । सूर्यले प्राणीलाई ताप र ऊर्जा दिन्छन् । कार्तिकदेखि जाडो बढ्दै जाने भएकाले यस समयमा सूर्यको तापको महत्त्व झन् महसुस हुन्छ । सूर्यले दिनमा र चन्द्रमाले रातमा आफ्नो महत्त्व दर्शाउँछन् ।

जीवनको आरम्भ जलबाट हुन्छ । जल, माटो र अग्नि जीवनका आधारभूत तत्त्व हुन् । पूर्वीय दर्शनले मानव शरीरलाई स्थूल, सूक्ष्म र कारण गरी तीन स्वरूपमा व्याख्या गरेको छ । स्थूल शरीर भौतिक शरीर हो, सूक्ष्म शरीर मन हो भने कारण शरीर आत्मा हो ।

छठमा साँझ चन्द्रमालाई खीरलगायत प्रसाद अर्पण गर्ने चलन पनि छ । माटोको घडा, जलाशय, फलफूल, मिठाई, पक्वान्न र नरिवलसहित सूर्यदेवको पूजा गरिन्छ । यसले प्रकृतिका विभिन्न तत्त्वप्रति सम्मान र समर्पणको भाव व्यक्त गर्छ ।

साँझ अस्ताउँदो सूर्यलाई अर्घ्य दिएर जलाशयमा डुबुल्की मार्ने, गीत गाउने, नाच्ने, भजनकीर्तन गर्ने र रातभर जाग्राम बस्ने परम्परा छ । भोलिपल्ट बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिएपछि पर्व सम्पन्न हुन्छ ।

छठ केवल धार्मिक अनुष्ठान होइन, प्रकृति, जीवन र सामूहिक एकताप्रतिको सम्मान व्यक्त गर्ने सांस्कृतिक पर्व पनि हो । अस्ताउँदो सूर्यलाई सम्मान गर्नु र उदाउँदो सूर्यको स्वागत गर्नुले जीवनमा निरन्तरता, परिवर्तन र पुनःउदयको सन्देश दिन्छ । यही आस्था र प्रकृतिप्रतिको समर्पणले छठलाई विशिष्ट बनाएको छ ।

इतिहासको पाना

● सन्तोष खडेरी

नेपाली चेली, ग्वालियरकी राजमाता



भारतको ग्वालियर राजघरानाकी महारानी हुँदै राजमाता बनेकी नेपाली चेली किरणराज्यलक्ष्मी राणाको विवाहपछिको नाम माधवी राजे सिन्धिया हो । उनको सन् २०२४ मे १५ मा नयाँ दिल्लीमा निधन भएको थियो ।

उनी नेपालका जनरल युवराजशमशेर र रानी इन्दिरादेवीकी एक्ली छोरी थिइन् । जनरल युवराजशमशेर महाराज जुद्धशमशेरका नाति तथा लेफ्टिनेन्ट जनरल सूर्यशमशेरका एकमात्र छोरा थिए । ग्वालियरका महाराज माधवराव सिन्धियासँग किरणराज्यलक्ष्मीको विवाह २०२३ वैशाख २४ गते दिल्लीमा भएको थियो । विवाहपछि मराठा परम्पराअनुसार उनको नाम माधवी राजे सिन्धिया राखियो । विवाहमा नेपाल राजदरबारलाई निमन्त्रणा गरिएकाले तत्कालीन युवराज वीरेन्द्र पनि सहभागी भएका थिए ।

माधवराव र माधवी राजेका दुई सन्तान छन्- छोरा ज्योतिरादित्य सिन्धिया र छोरी चित्राङ्गदा सिन्धिया । चित्राङ्गदाको विवाह जम्मु-कश्मीरका महाराज डा. करण सिंहका छोरा विक्रमादित्य सिंहसँग भएको हो ।

ग्वालियरका महाराज जीवाजीराव सिन्धियाको विवाह खड्गशमशेरकी छोरी चूडादिव्येश्वरीकी छोरी लेखादिव्येश्वरीसँग भएको थियो । लेखादिव्येश्वरी पछि महारानी विजयाराज्यलक्ष्मी सिन्धिया र राजमाता बनिन् ।

जीवाजीराव र विजयाराज्यलक्ष्मीका एक छोरा र चार छोरी थिए । छोरा माधवराव सिन्धियाले नेपालका जनरल युवराजशमशेरकी छोरी किरणराज्यलक्ष्मीसँग विवाह गरेका थिए । उनीहरूकी छोरी राजकुमारी उपाराजेको विवाह महाराज मोहनशमशेरका नाति पशुपतिशमशेरसँग भएको थियो ।

भारतको केन्द्र सरकारमा मन्त्री रहेका ज्योतिरादित्य सिन्धिया माधवराव र नेपाली चेली माधवी राजेका छोरा हुन् । केही समयअघि सिक्किममा नेपाली भाषामा सम्बोधन गर्दै उनले आफू 'नेपाली आमाको छोरा' भएको र आफ्नो नसामा नेपाली रगत बगेको बताएका थिए ।

ज्योतिरादित्यकी पत्नी प्रियदर्शनी बडोदाकी राजकुमारी हुन् । उनी बडोदाका राजा संग्रामसिंह गायकवाडकी छोरी हुन् । प्रियदर्शनीकी आमा आशाराजे नेपालका जनरल सिंहशमशेरकी नातिनी तथा जनरल अर्जुनशमशेरकी छोरी हुन् ।

यस राजपरिवारसँग जोडिएको अर्को रोचक प्रसंग चूडादिव्येश्वरीको हो । उनले म्याट्रिक उत्तीर्ण गरेकी थिइन् । शमशेर राणाका छोरीमध्ये म्याट्रिक पास गर्ने उनी पहिलो भएको बताइन्छ । उनको विवाह भारतका महेन्द्रपाल सिंहसँग भएको थियो । उनीहरूकी छोरी लेखादिव्येश्वरी जन्मिएको नौ दिनपछि नै चूडादिव्येश्वरीको निधन भएको थियो । त्यसपछि लेखादिव्येश्वरी मामाघर सागरमा हुर्किएकी थिइन् । उनी आफ्नो समयकी अत्यन्त सुन्दर महिला मानिन्थिन् ।

Nepal Automobile Importers and Manufacturers Association (NAIMA)

Empowering Growth Through Mobility

Address: SAN Complex- 1st Floor, Kamalpokhari, Kathmandu, Nepal | Contact Number: +977-1-4534079 | E-mail: info@naimanepal.org | www.naimanepal.org

सवारी तथा ढुवानी साधन आयात गर्ने कम्पनीहरूको अधिकतम खुद्रा मूल्य (MRP) सूची

MAXIMUM RETAIL PRICE (MRP) LIST OF VEHICLE AND TRANSPORT IMPORTER COMPANIES

Distributor's Name: **CIMEX INC. PVT. LTD.**
Address: Narayanchaur, Kathmandu | Contact Number: 015970733
EXIM Code: 6042390310154 NP | VAT No: 604239031

S.N.	Vehicle Details	Shape/ Size	Brand	Model	Capacity	Country of Origin	Unit	Per Unit Cost	(MRP in NPR)
1	Hatchback	EV-Hatchback	BYD	BYD ATTO 1 (Dynamic)	45kW	China	1	3,075,000	**3,075,000**
2	Hatchback	EV-Hatchback	BYD	BYD ATTO 1 (Premium)	45kW	China	1	3,480,000	**3,480,000**
3	Hatchback	EV-Hatchback	BYD	BYD Dolphin	70kW	China	1	41,15,000	**41,15,000**
4	SUV	EV-SUV	BYD	BYD ATTO 2 (Essestial)	100kW	China	1	4,595,000	**4,595,000**
5	SUV	EV-SUV	BYD	BYD ATTO 2 (Premium)	100kW	China	1	4,899,000	**4,899,000**
6	SUV	EV-SUV	BYD	BYD ATTO 2 (Superior)	100kW	China	1	5,199,999	**5,199,999**
7	SUV	EV-SUV	BYD	BYD ATTO 3 2024 Version(Advance)	100kW	China	1	6,290,000	**6,290,000**
8	SUV	EV-SUV	BYD	BYD ATTO 3 2024 Version (Superior)	100kW	China	1	78,00,000	**78,00,000**
9	SUV	EV-SUV	BYD	BYD Sealion 7	100kW	China	1	9,299,999	**9,299,999**
10	Sedan	EV-Sedan	BYD	BYD Seal (Dynamic)	150kW	China	1	1,10,00,000	**1,10,00,000**
11	Sedan	EV-Sedan	BYD	BYD Seal (Premium)	230kW	China	1	1,45,50,000	**1,45,50,000**
12	Sedan	EV-Sedan	BYD	BYD Seal (Performance)	390kW	China	1	1,95,00,000	**1,95,00,000**
13	MPV	EV-MPV	BYD	BYD M6	100kW	China	1	5,890,000	**5,890,000**

Distributor's Name: **AGNI INCORPORATED PVT. LTD.**
Address: Panipokhari, Kathmandu | Contact Number: 01-4006711
EXIM Code: 3000455720112NP | VAT No: 300045572

S.N.	Vehicle Details	Shape/ Size	Brand	Model	Capacity	Country of Origin	Unit	Per Unit Cost	(MRP in NPR)
SINGLE CAB									
1	MAHINDRA BOLERO CAMPER SC XL FB PS 2WD BSVI	S/C PICKUP	MAHINDRA	BOLERO CAMPER SC XL FB PS 2WD BSVI	2523	INDIA	1	27,45,000	**27,45,000**
2	MAHINDRA BOLERO CAMPER SC 4WD BSVI	S/C PICKUP	MAHINDRA	BOLERO CAMPER SC 4WD BSVI	2523	INDIA	1	29,65,000	**29,65,000**
3	MAHINDRA BOLERO MAXX PUP HD 1.7 LX 2WD BSVI	S/C PICKUP	MAHINDRA	BOLERO MAXX PUP HD 1.7 LX 2WD BSVI	2523	INDIA	1	29,95,000	**29,95,000**
4	MAHINDRA BOLERO MAXX PUP HD 2.0L SXi 2WD BSVI	S/C PICKUP	MAHINDRA	BOLERO MAXX PUP HD 2.0L SXi 2WD BSVI	2523	INDIA	1	32,95,000	**32,95,000**
DOUBLE CAB									
5	MAHINDRA BOLERO CAMPER DC PS 2WD BSVI	D/C PICKUP	MAHINDRA	BOLERO CAMPER DC PS 2WD BSVI	2523	INDIA	1	33,25,000	**33,25,000**
6	MAHINDRA BOLERO CAMPER DC PS 4WD BSVI	D/C PICKUP	MAHINDRA	BOLERO CAMPER DC PS 4WD BSVI	2523	INDIA	1	35,85,000	**35,85,000**
7	MAHINDRA SCORPIO PIKUP DC 4WD S6 EVI	D/C PICKUP	MAHINDRA	SCORPIO PIKUP DC 4WD S6 EVI	2.2 Ltr	INDIA	1	54,00,000	**54,00,000**
8	MAHINDRA SCORPIO PIKUP DC 4WD S10 EVI	D/C PICKUP	MAHINDRA	SCORPIO PIKUP DC 4WD S10 EVI	2.2 Ltr	INDIA	1	57,35,000	**57,35,000**
SUV TYPE VEHICLE									
9	MAHINDRA BOLERO NEO N8 MT 2WD BSVI 7STR	SUV	MAHINDRA	BOLERO NEO N8 MT 2WD BSVI 7STR	1493	INDIA	1	53,00,000	**53,00,000**
10	MAHINDRA SCORPIO CLASSIC S MT 2WD BSVI 7/9STR	SUV	MAHINDRA	SCORPIO CLASSIC S MT 2WD BSVI 7/9STR	2.2Ltr	INDIA	1	66,00,000	**66,00,000**
11	MAHINDRA SCORPIO N DIESEL Z4 2WD MT BSVI 7STR	SUV	MAHINDRA	SCORPIO N DIESEL Z4 2WD MT BSVI 7STR	2.2Ltr	INDIA	1	82,50,000	**82,50,000**
12	MAHINDRA SCORPIO N DIESEL Z4 4WD MT BSVI 7STR	SUV	MAHINDRA	SCORPIO N DIESEL Z4 4WD MT BSVI 7STR	2.2Ltr	INDIA	1	93,00,000	**93,00,000**
13	MAHINDRA SCORPIO N DIESEL Z8 4WD MT BSVI 7STR	SUV	MAHINDRA	SCORPIO N DIESEL Z8 4WD MT BSVI 7STR	2.2Ltr	INDIA	1	1,15,50,000	**1,15,50,000**
14	MAHINDRA SCORPIO N DIESEL Z8T 4WD MT BSVI 7STR	SUV	MAHINDRA	SCORPIO N DIESEL Z8T 4WD MT BSVI 7STR	2.2Ltr	INDIA	1	1,18,00,000	**1,18,00,000**
15	MAHINDRA SCORPIO N DIESEL Z8L 4WD AT BSVI 7STR	SUV	MAHINDRA	SCORPIO N DIESEL Z8L 4WD AT BSVI 7STR	2.2Ltr	INDIA	1	1,29,00,000	**1,29,00,000**
16	MAHINDRA XUV300 W6 PM MT 2WD BSVI 5STR	SUV	MAHINDRA	XUV300 W6 PM MT 2WD BSVI 5STR	1197	INDIA	1	49,95,000	**49,95,000**
17	MAHINDRA XUV300 W8 PM MT 2WD BSVI 5STR	SUV	MAHINDRA	XUV300 W8 PM MT 2WD BSVI 5STR	1197	INDIA	1	57,50,000	**57,50,000**
18	MAHINDRA XUV3XO MX2 PM MT 2WD BSVI 5STR	SUV	MAHINDRA	XUV3XO MX2 PM MT 2WD BSVI 5STR	1198	INDIA	1	48,00,000	**48,00,000**
19	MAHINDRA XUV3XO MX2 PM AT 2WD BSVI 5STR	SUV	MAHINDRA	XUV3XO MX2 PM AT 2WD BSVI 5STR	1198	INDIA	1	55,00,000	**55,00,000**
20	MAHINDRA XUV3XO MX3 PM MT 2WD BSVI 5STR	SUV	MAHINDRA	XUV3XO MX3 PM MT 2WD BSVI 5STR	1198	INDIA	1	50,75,000	**50,75,000**
21	MAHINDRA XUV3XO AX5 PM MT 2WD BSVI 5STR	SUV	MAHINDRA	XUV3XO AX5 PM MT 2WD BSVI 5STR	1198	INDIA	1	57,65,000	**57,65,000**
22	MAHINDRA XUV700 AX5 MT PET FWD BSVI 7STR	SUV	MAHINDRA	XUV700 AX5 MT PET FWD BSVI 7STR	1997	INDIA	1	87,75,000	**87,75,000**
23	MAHINDRA XUV700 AX7L MT PET FWD BSVI 7STR	SUV	MAHINDRA	XUV700 AX7L MT PET FWD BSVI 7STR	1997	INDIA	1	1,05,00,000	**1,05,00,000**
24	MAHINDRA XUV700 AX7L AT PET FWD BSVI 7STR	SUV	MAHINDRA	XUV700 AX7L AT PET FWD BSVI 7STR	1997	INDIA	1	1,13,00,000	**1,13,00,000**
25	MAHINDRA XUV400 EL (O) 5STR	EV	MAHINDRA	XUV400 EL (O) 5 STR	110 KW	INDIA	1	52,50,000	**52,50,000**
26	BE 6 ONE ABOVE B59 E	EV	MAHINDRA	BE 6 ONE ABOVE B59 E	99KW	INDIA	1	57,00,000	**57,00,000**
27	BE 6 TWO B59 E	EV	MAHINDRA	BE 6 TWO B59 E	99KW	INDIA	1	61,00,000	**6100000**
28	BE 6 THREE SELECT B59 E	EV	MAHINDRA	BE 6 THREE SELECT B59 E	99KW	INDIA	1	68,00,000	**6800000**
29	BE 6 THREE B79 E	EV	MAHINDRA	BE 6 THREE B79 E	99KW	INDIA	1	1,20,00,000	**1,20,00,000**
30	XEV 9e TWO B59 E	EV	MAHINDRA	XEV 9e TWO B59 E	99KW	INDIA	1	69,00,000	**69,00,000**
31	XEV 9e THREE SELECT B59 E	EV	MAHINDRA	XEV 9e THREE SELECT B59 E	99KW	INDIA	1	77,25,000	**77,25,000**
32	XEV 9e THREE B79 E	EV	MAHINDRA	XEV 9e THREE B79 E	199KW	INDIA	1	95,00,000	**95,00,000**
33	XEV 9S ONE ABOVE B59	EV	MAHINDRA	XEV 9S ONE ABOVE B59	170KW	INDIA	1	60,00,000	**60,00,000**
34	XEV 9S TWO ABOVE B79	EV	MAHINDRA	XEV 9S TWO ABOVE B79	210KW	INDIA	1	86,50,000	**86,50,000**
35	XEV 9S THREE B79	EV	MAHINDRA	XEV 9S THREE B79	210KW	INDIA	1	89,00,000	**89,00,000**

Distributor's Name: **G.O AUTOMOBILES PVT. LTD.**
Address: Thapathali, Kathmandu | Contact Number: 01-5344254/5357001
EXLM Code: 3025977090140NP | VAT No: 302597709

S.N.	Vehicle Details	Shape/ Size	Brand	Model	Capacity	Country of Origin	Unit	Per Unit Cost	(MRP in NPR)
1	Ford Ranger XLT	Pickup	Ford	Ranger XLT	2.0-liter 4-cylinder bi-turbo diesel engine	Thailand	1	1,39,90,000	**1,39,90,000**
2	Ford Ranger WildTrak	Pickup	Ford	Ranger WildTrak	2.0-liter 4-cylinder bi-turbo diesel engine	Thailand	1	1,69,90,000	**1,69,90,000**
3	Ford Ranger Raptor	Pickup	Ford	Ranger Raptor	3.0-liter EcoBoost V6 twin-turbocharged gasoline engine	Thailand	1	2,60,00,000	**2,60,00,000**
1	Comet	Mini hatchback	MG	Comet EV Executive	31 KW	India	1	18,75,000	**18,75,000**
2	Comet	Mini hatchback	MG	Comet EV Excite	31 KW	India	1	21,50,000	**21,50,000**
3	Windsor	CUV	MG	Windsor EV Commute	100 KW	India	1	35,99,000	**35,99,000**
4	Windsor	CUV	MG	Windsor EV Excite	100 KW	India	1	41,49,000	**41,49,000**
5	Windsor	CUV	MG	Windsor EV Exclusive	100 KW	India	1	44,25,000	**44,25,000**
6	Windsor	CUV	MG	Windsor EV Essence	100 KW	India	1	46,99,000	**46,99,000**
7	Hector	SUV	MG	Hector Select Pro MT	1.5L petrol engine	India	1	66,99,000	**66,99,000**
8	Hector	SUV	MG	Hector Smart Pro MT	1.5L petrol engine	India	1	69,99,000	**69,99,000**
9	Hector	SUV	MG	Hector Smart Pro CVT	1.5L petrol engine	India	1	78,49,000	**78,49,000**
10	Hector	SUV	MG	Hector Plus Sharp Pro MT 7-seater	1.5L petrol engine	India	1	80,99,000	**80,99,000**
11	Hector	SUV	MG	Hector Sharp Pro CVT	1.5L petrol engine	India	1	83,99,000	**83,99,000**
12	Hector	SUV	MG	Hector Plus 7 Sharp Pro CVT	1.5L petrol engine	India	1	85,99,000	**85,99,000**
13	Hector	SUV	MG	Hector Plus 7 Savvy Pro CVT	1.5L petrol engine	India	1	89,99,000	**89,99,000**
14	Majestor	SUV	MG	Majestor 4*4 Savvy Pro	2.0L Twin Turbo Diesel Engine	India	1	2,50,00,000	**2,50,00,000**
15	Hector TOMAHAWK	SUV	MG	Hector Tomahawk EV Excite	150 KW	India	1	61,99,000	**61,99,000**
1	Kaiyi E-04	Mini Hatchback	Kaiyi	E-04	55 KW	China	1	26,96,000	**26,96,000**

Distributor's Name: **HIMALAYA MOTROX PVT. LTD.**
Address: Hattisar, Kathmandu | Contact Number: 9802803121/9802803119
EXIM Code: 6096299290157NP | VAT No: 609629929

S.N.	Vehicle Details	Shape/ Size	Brand	Model	Capacity	Country of Origin	Unit	Per Unit Cost	(MRP in NPR)
1	Passanger Vehicle	EV Pickup	Maxus	eTerron 9 Comfort	102.2 KWh	China	1	88,00,000	**88,00,000**
2	Passanger Vehicle	EV Pickup	Maxus	eTerron 9 Premium	102.2 KWh	China	1	1,28,00,000	**1,28,00,000**
3	Commercial Vehicle	EV Van	Maxus	e Deliver	65 KWh	China	1	69,50,000	**69,50,000**

Distributor's Name: **VAIDYA ENERGY PVT. LTD.**
Address: VOITH Complex, Dhumbarahi, Kathmandu | Contact Number: 9841231015
EXIM Code: 6068467010148NP | VAT No: 606846701

S.N.	Vehicle Details	Shape/ Size	Brand	Model	Capacity	Country of Origin	Unit	Per Unit Cost	(MRP in NPR)
1	Electric Scooter	SCOOTER	ATHER	450X R35	Peak Motor Power 6.4 kW , Rated Motor Power 3.3kW, Battery 3.5kWh	INDIA	1	4,34,900	**4,34,900**
2	Electric Scooter	SCOOTER	ATHER	RIZTA Z R35	Peak Motor Power 4.3kW, Rated Motor Power 3.3kW, Battery 3.5kWh	INDIA	1	4,19,900	**4,19,900**
3	Electric Scooter	SCOOTER	ATHER	450X LR	Peak Motor Power 6.4 kW, Rated Motor Power 3.3kW, Battery 2.9 kWh	INDIA	1	3,99,900	**3,99,900**
4	Electric Scooter	SCOOTER	ATHER	450S LR	Peak Motor Power 5.4 kW , Rated Motor Power 3.3kW, Battery 2.9 kWh	INDIA	1	3,39,900	**3,39,900**
5	Electric Scooter	SCOOTER	ATHER	RIZTA S FX09	Peak Motor Power 4.3kW, Rated Motor Power 3.3kW, Battery 2.7kWh	INDIA	1	3,19,900	**3,19,900**

Distributor's Name: **HANSRAJ HULASCHAND & CO PVT. LTD.**
Address: Teku Road, Kathmandu | Contact Number: 5330001/5368088
EXIM Code: 3000370960136NP | VAT No: 300037096

S.N.	Vehicle Details	Shape/ Size	Brand	Model	Capacity	Country of Origin	Unit	Per Unit Cost	(MRP in NPR)
1	BAJAJ - Platina 100 ES BS6	Bike	BAJAJ	Platina 100 ES	99.59	NEPAL	1	261,900	**261,900**
2	BAJAJ - Pulsar 125 Neon BS6	Bike	BAJAJ	Pulsar 125 Disc	124.38	NEPAL	1	314,900	**314,900**
3	BAJAJ - Pulsar 150 SD BS6	Bike	BAJAJ	Pulsar 150 SD	149.5	NEPAL	1	369,900	**369,900**
4	BAJAJ - Pulsar 150 TD BS6	Bike	BAJAJ	Pulsar 150 TD	149.5	NEPAL	1	390,900	**390,900**
5	BAJAJ - Pulsar NS 125 ABS FI BS6	Bike	BAJAJ	Pulsar NS 125 ABS FI BS6	124.45	NEPAL	1	351,900	**351,900**
6	BAJAJ - Pulsar N 125 FI BS6	Bike	BAJAJ	Pulsar N 125 FI BS6	124.59	NEPAL	1	326,900	**326,900**
7	BAJAJ - Pulsar N 150 FI BS6	Bike	BAJAJ	Pulsar N150 FI BS6	149.68	NEPAL	1	403,900	**403,900**
8	BAJAJ - Pulsar N160 FI DC ABS BS6-UG2	Bike	BAJAJ	Pulsar N160 FI DC ABS BS6-UG2	164.82	NEPAL	1	447,900	**447,900**
10	BAJAJ - Pulsar 220 F ABS FI BS6 LED	Bike	BAJAJ	Pulsar 220 F ABS FI BS6 LED	220	NEPAL	1	474,901	**474,901**
11	BAJAJ - Pulsar 200 NS FI DC ABS BS6	Bike	BAJAJ	Pulsar 200 NS FI DC ABS BS6	199.5	NEPAL	1	479,900	**479,900**
12	BAJAJ - Pulsar 250 N FI Dual ABS BS6	Bike	BAJAJ	Pulsar 250 N FI Dual ABS BS6	249.07	NEPAL	1	532,900	**532,900**
13	BAJAJ - Avenger 220 Cruise ABS BS6	Bike	BAJAJ	Avenger 220 Cruise	220	NEPAL	1	484,900	**484,900**
14	BAJAJ-Pulsar 400 NS Z FI BS6	Bike	BAJAJ	Pulsar 400 NS Z BS6	373.27	NEPAL	1	629,900	**629,900**
15	BAJAJ - Dominar 400 ABS FI BS6	Bike	BAJAJ	Dominar 400 FI ABS BS6	373.27	NEPAL	1	663,900	**663,900**
16	BAJAJ - RE 4S Petrol BS6	3-Wheeler	BAJAJ	RE 4S Petrol BS6	236.2	NEPAL	1	659,900	**659,900**
17	BAJAJ-WEGO	3-Wheeler EV	BAJAJ	BAJAJ-WEGO	9.216 kWh	INDIA	1	874,900	**874,900**
18	Chetak 3501	2-Wheeler	CHETAK	Chetak 3501	4.5 KW (Peak Power)	INDIA	1	389,900	**389,900**
19	Chetak C3501	2-Wheeler	CHETAK	Chetak C3501	4.85 KW (Peak Power)	INDIA	1	389,900	**389,900**
20	Chetak C3503	2-Wheeler	CHETAK	Chetak C3503	3.4 KW (Peak Power)	INDIA	1	349,900	**349,900**
21	Chetak C2501	2-Wheeler	CHETAK	Chetak C2501	2.2 KW (Peak Power)	INDIA	1	281,900	**281,900**
22	Triumph Speed T4	Bike	Triumph	Speed T4	349cc	INDIA	1	649,900	**649,900**
23	Triumph Speed 400	Bike	Triumph	Speed 400	398.15cc	INDIA	1	719,900	**719,900**
24	Triumph Scrambler 400X	Bike	Triumph	Scrambler 400X	398.15cc	INDIA	1	777,900	**777,900**
25	Triumph Scrambler 400XC	Bike	Triumph	Scrambler 400XC	398.15cc	INDIA	1	855,900	**855,900**
26	KTM 200 Duke	Bike	KTM	200 Duke	199.5cc	INDIA	1	6,44,900	**6,44,900**
27	KTM 250 Duke	Bike	KTM	250 Duke	249.07cc	INDIA	1	7,79,900	**7,79,900**
28	KTM 390 Duke	Bike	KTM	390 Duke	398.63cc	INDIA	1	10,09,900	**10,09,900**
29	KTM 250 Adventure	Bike	KTM	250 Adventure	249.07cc	INDIA	1	8,09,900	**8,09,900**
30	KTM 390 Adventure R	Bike	KTM	390 Adventure R	398.63cc	INDIA	1	11,39,900	**11,39,900**
31	KTM 390 Enduro R	Bike	KTM	390 Enduro R	398.7 cc	INDIA	1	10,84,900	**10,84,900**

Distributor's Name: **SYAKAR TRADING COMPANY PVT. LTD.**
Address: Jyoti Bhawan- Jamal | Contact Number: 015357488
EXIM Code: 6002305950152 NP | VAT No: 600230595

S.N.	Vehicle Details	Shape/ Size	Brand	Model	Capacity	Country of Origin	Unit	Per Unit Cost	(MRP in NPR)
1	DIO STD BS6	Scooter	HONDA	DIO STD BS6	110	NEPAL	1	2,69,900	**2,69,900**
2	DIO DLX BS6	Scooter	HONDA	DIO DLX BS6	110	NEPAL	1	2,84,900	**2,84,900**
3	DIO 125 STD	Scooter	HONDA	DIO 125 STD	125.00	NEPAL	1	3,14,900	**3,14,900**
4	DIO 125 DLX Smart	Scooter	HONDA	DIO 125 DLX Smart	125.00	NEPAL	1	3,31,900	**3,31,900**
5	SP 125 DRS BS6	Motorcycle	HONDA	SP 125 DRS BS6	125.00	INDIA	1	3,12,900	**3,12,900**
6	SP 125 DSS BS6	Motorcycle	HONDA	SP 125 DSS BS6	125.00	NEPAL	1	3,22,900	**3,22,900**
7	Shine 125 DRS BS6	Motorcycle	HONDA	Shine 125 DRS BS6	125	INDIA	1	2,99,900	**2,99,900**
8	Shine 125 DSS BS6	Motorcycle	HONDA	Shine 125 DSS BS6	125	INDIA	1	3,09,900	**3,09,900**
9	CRF 300 Rally	Motorcycle	HONDA	CRF 300 Rally	300	THAILAND	1	23,50,000	**23,50,000**
10	CBR 250R	Motorcycle	HONDA	CBR 250R	250	INDIA	1	6,79,900	**6,79,900**

Distributor's Name: **SYAKAR TRADING COMPANY PVT. LTD.**
Address: Jyoti Bhawan, Jamal | Contact Number: 01-5357488
EXIM Code: 6002305950152NP | VAT No: 600230595

S.N.	Vehicle Details	Shape/ Size	Brand	Model	Capacity	Country of Origin	Unit	Per Unit Cost	(MRP in NPR)
1	AMAZE SMT	CAR	HONDA	AMAZE SMT	1.2	INDIA	1	46,79,000	**46,79,000**
2	AMAZE VX MT	CAR	HONDA	AMAZE VX MT	1.2	INDIA	1	55,32,000	**55,32,000**
3	AMAZE S CVT	CAR	HONDA	AMAZE S CVT	1.2	INDIA	1	51,54,000	**51,54,000**
4	AMAZE VX CVT	CAR	HONDA	AMAZE VX CVT	1.2	INDIA	1	59,60,000	**59,60,000**
5	AMAZE VMT	CAR	HONDA	AMAZE VMT	1.2	INDIA	1	49,25,000	**49,25,000**
6	AMAZE ZX MT	CAR	HONDA	AMAZE ZX MT	1.2	INDIA	1	59,63,000	**59,63,000**
7	AMAZE V CVT	CAR	HONDA	AMAZE V CVT	1.2	INDIA	1	55,47,000	**55,47,000**
8	AMAZE ZX CVT	CAR	HONDA	AMAZE ZX CVT	1.2	INDIA	1	64,45,000	**64,45,000**
9	CITY 5TH GEN SVMT	CAR	HONDA	CITY 5TH GEN SVMT	1.5	INDIA	1	63,50,000	**63,50,000**
10	CITY 5TH GEN VMT	CAR	HONDA	CITY 5TH GEN VMT	1.5	INDIA	1	71,00,000	**71,00,000**
11	CITY 5TH GEN TOP MT	CAR	HONDA	CITY 5TH GEN TOP MT	1.5	INDIA	1	85,15,000	**85,15,000**
12	CITY 5TH GEN ZX MT	CAR	HONDA	CITY 5TH GEN ZX MT	1.5	INDIA	1	80,75,000	**80,75,000**
13	CITY 5TH GEN V CVT	CAR	HONDA	CITY 5TH GEN V CVT	1.5	INDIA	1	75,95,000	**75,95,000**
14	CITY 5TH GEN TOP CVT	CAR	HONDA	CITY 5TH GEN TOP CVT	1.5	INDIA	1	90,15,000	**90,15,000**
15	CITY 5TH GEN ZX CVT	CAR	HONDA	CITY 5TH GEN ZX CVT	1.5	INDIA	1	85,75,000	**85,75,000**
16	CITY e:HEV VC-VT	CAR	HONDA	CITY e:HEV VC-VT	1.5	INDIA	1	90,40,000	**90,40,000**
17	CITY e:HEV ZX-CVT	CAR	HONDA	CITY E-HEV ZX-CVT	1.5	INDIA	1	1,07,50,000	**1,07,50,000**
18	ELEVATE SVMT	CAR	HONDA	ELEVATE SVMT	1.5	INDIA	1	62,54,000	**62,54,000**
19	ELEVATE VMT	CAR	HONDA	ELEVATE VMT	1.5	INDIA	1	64,94,000	**64,94,000**
20	ELEVATE VX MT	CAR	HONDA	ELEVATE VX MT	1.5	INDIA	1	73,30,000	**73,30,000**
21	ELEVATE ZX MT	CAR	HONDA	ELEVATE ZX MT	1.5	INDIA	1	80,65,000	**80,65,000**
22	ELEVATE V CVT	CAR	HONDA	ELEVATE V CVT	1.5	INDIA	1	72,42,000	**72,42,000**
23	ELEVATE VX CVT	CAR	HONDA	ELEVATE VX CVT	1.5	INDIA	1	80,40,000	**80,40,000**
24	ELEVATE ZX CVT	CAR	HONDA	ELEVATE ZX CVT	1.5	INDIA	1	88,12,000	**88,12,000**
25	ELEVATE ZX+MT	CAR	HONDA	ELEVATE ZX+MT	1.5	INDIA	1	87,65,000	**87,65,000**
26	ELEVATE ZX+CVT	CAR	HONDA	ELEVATE ZX+CVT	1.5	INDIA	1	95,12,000	**95,12,000**
27	ELEVATE ZX+DT CVT	CAR	HONDA	ELEVATE ZX+DT CVT	1.5	INDIA	1	95,90,000	**95,90,000**
28	ELEVATE BLACK EDITION (ZX+BLK MT)	CAR	HONDA	ELEVATE BLACK EDITION (ZX+BLK MT)	1.5	INDIA	1	87,60,000	**87,60,000**
29	ELEVATE BLACK EDITION (ZX+BLK CVT)	CAR	HONDA	ELEVATE BLACK EDITION (ZX+BLK CVT)	1.5	INDIA	1	94,95,000	**94,95,000**
30	CRV	CAR	HONDA	CRV	1.5	THAILAND	1	2,06,50,000	**2,06,50,000**

Distributor's Name: **GLOBAL AUTOMOBILES PVT. LTD.**
Address: VOITH COMPLEX, Dhumbarahi, Kathmandu | Contact Number: 9841231015
EXIM Code: 6035833330153NP | VAT No: 603583333

S.N.	Vehicle Details	Shape/ Size	Brand	Model	Capacity	Country of Origin	Unit	Per Unit Cost	(MRP in NPR)
1	Morbidelli-T502X	Bike	Morbidelli	T502X	486CC	China	1	14,99,900	**14,99,900**
2	Morbidelli-T352X	Bike	Morbidelli	T352X	349.2CC	China	1	10,84,900	**10,84,900**
3	Morbidelli-F352	Bike	Morbidelli	F-352	349CC	China	1	10,50,900	**10,50,900**
4	Morbidelli-C252V	Bike	Morbidelli	C-252V	249.1CC	China	1	10,79,900	**10,79,900**
5	Morbidelli-T250X	Bike	Morbidelli	T250X	249CC	China	1	8,75,000	**8,75,000**

Distributor's Name: **UNITED TRADERS SYNDICATE PVT. LTD.**
Address: Ananadanagar, Dhumbarahi | Contact Number: 9841231015
EXIM Code: 3000473720100NP | VAT No: 300047372

S.N.	Vehicle Details	Shape/ Size	Brand	Model	Capacity	Country of Origin	Unit	Per Unit Cost	(MRP in NPR)
1	TOYOTA HILUX AT	PICK UP	TOYOTA	GUN226R-DXTMXX	2755	INDIA	1	1,55,00,000	**1,55,00,000**
2	RAV4 HYBRID	SUV	TOYOTA	AXAL64R-ANXGB	2487	JAPAN	1	2,13,00,000	**2,13,00,000**
3	LC 250 PRADO AR	SUV	TOYOTA	GDJ250R-GNZRY	2755	JAPAN	1	3,22,00,000	**3,22,00,000**
4	LC 250 PRADO LUX	SUV	TOYOTA	GDJ250R-GNZLY	2755	JAPAN	1	3,79,00,000	**3,79,00,000**
5	LAND CRUISER 300	SUV	TOYOTA	FJA300R-GNUZY	3346	JAPAN	1	5,39,00,000	**5,39,00,000**
6	FORTUNER AT	SUV	TOYOTA	GUN156R-SXTHXX	2755	INDIA	1	2,83,00,000	**2,83,00,000**

Distributor's Name: **UNITED TRADERS SYNDICATE PVT. LTD.**
Address: Ananadanagar, Dhumbarahi | Contact Number: 9841231015
EXIM Code: 3000473720100NP | VAT No: 300047372

S.N.	Vehicle Details	Shape/ Size	Brand	Model	Capacity	Country of Origin	Unit	Per Unit Cost	(MRP in NPR)
1	Morbidelli-T1002VX	MOTORCYCLE	MORBIDELLI	T1002VX	997	CHINA	1	42,00,000	**42,00,000**

बाँकी क्रमशः पृष्ठ ६ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com


‘ककाकिकी’को ट्रेलर : अस्पताल बनाउन बैंक लुट्ने गाउँलेको कथा

काठमाडौं/मस– हास्य टेलिभिजन सो ‘कमेडी दरबार’को समूहले निर्माण गरेको नेपाली फिल्म ‘ककाकिकी’को ट्रेलर सार्वजनिक गरिएको छ । शनिबार काठमाडौंमा आयोजित एक विशेष कार्यक्रममा सार्वजनिक ट्रेलरले ग्रामीण परिवेशमा आधारित फिल्मको हास्यप्रधान कथावस्तु र पात्रहरूको संघर्षलाई प्रस्तुत गरेको छ ।

फिल्मको ट्रेलर सार्वजनिक कार्यक्रममा भने फिल्मको कथाभन्दा बढी एउटा नाटकीय घटनाले उपस्थित सञ्चारकर्मी र दर्शकको ध्यान खिच्यो । कार्यक्रम चलिरहेका बेला अचानक प्रहरीको टोली हलभित्र प्रवेश गऱ्यो । त्यसपछि निर्देशक बिक्की अग्रवाल, अभिनेत्री गौरी मल्लसहित केही कलाकारलाई नियन्त्रणमा लिएर प्रहरी भ्यानमा राख्दै लगियो । सुरुमा वास्तविक प्रहरी कारबाहीजस्तो देखिएको उक्त दृश्यले कार्यक्रमस्थलमा केही समय अन्योल र आश्चर्य सिर्जना गऱ्यो ।

तर, कलाकारलाई प्रहरीले नियन्त्रणमा लिएको उक्त घटना वास्तविक पक्राउ नभई फिल्मको प्रचार रणनीतिको हिस्सा रहेको खुलेको छ । फिल्मको कथामा समावेश प्रहरी नियन्त्रणको दृश्यलाई ट्रेलर सार्वजनिक कार्यक्रममै जीवन्त रूपमा प्रस्तुत गर्दै निर्माण टिमले दर्शकको ध्यान आकर्षित गर्ने प्रयास गरेको हो ।

करिब एक घण्टा लामो कार्यक्रम अन्तिम चरणमा पुग्दै थियो । सञ्चालक तथा फिल्म पत्रकार गोपीकृष्ण चापागाईंले सञ्चारकर्मीलाई अन्तिम



प्रश्नका लागि आग्रह गरिरहेका थिए । एक पत्रकारले प्रश्न सोधिरहेकै बेला चारदेखि पाँच जनाको संख्यामा प्रहरी हलभित्र प्रवेश गरेपछि कार्यक्रमको माहोल एकाएक बदलियो ।

प्रहरीको अप्रत्याशित प्रवेशले हलमा उपस्थित सञ्चारकर्मी, कलाकार तथा अन्य सहभागी आश्चर्यमा परे । प्रहरीले कार्यक्रम रोक्न लगाउँदै निर्देशक अग्रवाल, अभिनेत्री गौरी मल्ल तथा कलाकार मनोज गजुरेल, शिशिर वाङ्देललगायतलाई बाहिर निस्कन निर्देशन दियो । त्यसपछि उनीहरूलाई हलबाट बाहिर निकालेर प्रहरी भ्यानमा राखिएको थियो ।

अचानक देखिएको यो दृश्यले कार्यक्रमस्थलमा उपस्थित सञ्चारकर्मी मात्रै होइन, बाहिर रहेका सर्वसाधारणसमेतलाई चकित बनायो । सामाजिक सञ्जालमा समेत ‘ककाकिकी’को ट्रेलर सार्वजनिक कार्यक्रममा कलाकारलाई प्रहरीले पक्राउ गरेर लगेको भन्दै विभिन्न प्रतिक्रिया आउन थाले । तर, केही समयपछि उक्त घटना फिल्मको प्रचारात्मक प्रस्तुति भएको स्पष्ट भएको थियो ।

फिल्मको कथामा गाउँलेहरू विभिन्न समस्याका कारण प्रहरीको नियन्त्रणमा पुग्ने प्रसंग रहेको छ । सोही कथालाई वास्तविक घटनाजस्तो देखाउने उद्देश्यले निर्माण टिमले ट्रेलर सार्वजनिक कार्यक्रमलाई नै प्रचारको माध्यम बनाएको हो । फिल्मको कथासँग जोडिएको दृश्यलाई हलभित्रै पुनः सिर्जना गरेर निर्माण टिमले परम्परागत ट्रेलर सार्वजनिक कार्यक्रमभन्दा फरक शैली अपनाएको देखिन्छ ।

‘ककाकिकी’को ट्रेलरले स्वास्थ्य चौकीसमेत नभएको कुलेबारी गाउँको कथा प्रस्तुत गर्छ । सामान्य उपचारका लागि समेत समस्यामा पर्ने गाउँलेहरू आफ्नो गाउँमा अस्पताल निर्माण गर्न चाहन्छन् । तर, अस्पताल बनाउन आवश्यक आर्थिक स्रोतको अभाव भएपछि उनीहरू बैंक लुट्ने योजनासम्म पुग्छन् ।

गाउँमा अस्पताल बनाउने उद्देश्यले बैंक लुट्ने योजना त तयार हुन्छ, तर त्यसलाई कार्यान्वयन गर्ने आँट भने कसैमा हुँदैन । त्यसपछि गाउँलेहरूले निकाल्ने अनेक उपाय, जुक्ति र प्रयासले कथालाई हास्यपूर्ण बनाउने संकेत ट्रेलरले दिएको छ ।

सामाजिक आवश्यकताबाट जन्मिएको असामान्य योजनालाई हास्य शैलीमा प्रस्तुत गरिएको फिल्मले ग्रामीण क्षेत्रका आधारभूत स्वास्थ्य सेवासम्बन्धी समस्यालाई पनि कथाको केन्द्रमा राखेको देखिन्छ । गाउँमा अस्पताल नहुँदा स्थानीयले भोग्नुपर्ने कठिनाइ र त्यसको समाधान खोज्ने क्रममा उनीहरू पुग्ने अनौठो परिस्थितिलाई फिल्मले मनोरञ्जनात्मक ढंगले प्रस्तुत गर्ने अपेक्षा गरिएको छ ।

ट्रेलरमा दुई दशकअघि चर्चित बनेको गीत ‘मायाले बाध्यौ लौ रेशम’लाई पृष्ठभूमिमा प्रयोग गरिएको छ । पुरानो चर्चित गीतको प्रयोगले दर्शकलाई पुरानो समयको सम्झना गराउने प्रयास गरिएको देखिन्छ । यद्यपि, ट्रेलरभरि एउटै गीतलाई निरन्तरता दिँदा दृश्य र कथाको प्रवाहमा केही असर परेको अनुभूति हुन्छ । कथाका फरक प्रसंगलाई प्रस्तुत गर्दा संगीतमा विविधता अपनाइएको भए ट्रेलर अझ प्रभावकारी बन्न सक्ने देखिन्छ ।

‘कमेडी दरबार’का बिक्की अग्रवाल र श्रद्धा प्रसाईंको संयुक्त निर्देशनमा बनेको फिल्ममा नेपाली मनोरञ्जन क्षेत्रका परिचित कलाकारहरूको ठूलो समूह देख्न सकिन्छ ।

फिल्ममा गौरी मल्ल, तृप्ति नाडकर, रेखा थापा, महेश त्रिपाठी, माओत्से गुरुङ, मनोज गजुरेल, दीया मास्के, प्रकाश धिमिरे, शिशिर वाङ्देल, सुवास गजुरेल, खड्गबहादुर पुन (खबपु), पवन खतिवडा (म्याकुरी) र रेअर राईलगायतको अभिनय रहेको छ ।

हास्य प्रस्तुतिका लागि परिचित ‘कमेडी दरबार’ समूहका कलाकारहरूको सहभागिताले फिल्मप्रति दर्शकको चासो बढाउने अपेक्षा निर्माण टिमको देखिन्छ । विशेषगरी हास्य अभिनयमा स्थापित कलाकारहरूलाई एउटै पर्दामा उतारिएकाले फिल्ममा फरक शैलीको मनोरञ्जनात्मक प्रस्तुति देख्न पाइने अपेक्षा गर्न सकिन्छ ।

फिल्मको कथा तथा संवाद सरोज भण्डारी, विकास अर्याल र बिक्की अग्रवालले संयुक्त रूपमा लेखेका हुन् । पटकथा भने बिक्की अग्रवालकै रहेको छ । श्रद्धा प्रसाईं र सुमित्रा थापा फिल्मका निर्माता हुन् ।

प्राविधिक पक्षमा सुदीप बरालले छायांकनको जिम्मेवारी सम्हालेका छन् । फिल्मको सम्पादन मिलन विक्रम शाहले गरेका छन् भने नवीन चौधरीको मास्टरिङ र शिशिर ठटालको पार्श्व संगीत रहेको छ ।

ग्रामीण परिवेश, स्वास्थ्य सेवाको अभाव र गाउँलेहरूको असामान्य योजनालाई हास्यप्रधान कथामा समेटेको ‘ककाकिकी’ आगामी मंसिर ११ गतेदेखि देशभर प्रदर्शनमा आउने तयारीमा छ ।

‘तिलस्मी’ पुस २४ मा



काठमाडौं/मस– निर्देशक तारा अधिकारीको निर्देशनमा बनेको नेपाली फिल्म ‘तिलस्मी’ आगामी पुस २४ गतेदेखि प्रदर्शनमा आउने भएको छ । पृथ्वी जयन्तीको अवसर पारेर प्रदर्शनमा ल्याउन लागिएको फिल्मको निर्माण पक्षले फर्स्टलुक पोस्टर सार्वजनिक गर्दै प्रदर्शन मिति घोषणा गरेको हो ।

सार्वजनिक पोस्टरमा फिल्मका मुख्य कलाकार सुनिशा बजगाईं, जाहन्वी बस्नेत र महेश खड्का देखिएका छन् । टौवा क्रियसनले तयार पारेको पोस्टरमा सुनिशा र जाहन्वीले महेशको ज्याकेटको कलर समातेर तानिरहेको दृश्य समेटिएको छ । पोस्टरमा जाहन्वी सिन्दुर र पोतेसहित देखिएकी छन् भने सुनिशाको पहिरन र प्रस्तुतिले फरक पात्रको संकेत गर्छ ।

पोस्टरमा प्रस्तुत दृश्यले फिल्ममा प्रेम, सम्बन्ध र पारिवारिक द्वन्द्वको कथा समेटिएको हुन सक्ने संकेत गरे पनि निर्माण पक्षले कथावस्तुबारे औपचारिक जानकारी सार्वजनिक गरेको छैन ।

सुनौलो तारा मोसन पिक्चर्सको ब्यानरमा निर्माण भएको फिल्ममा सुनिशा, जाहन्वी र महेशसँगै आरजे सिंह, रश्मि भट्ट, भविष्य कार्की तथा सुभाष भण्डारीलगायत कलाकारको अभिनय छ । फिल्मको कथा र निर्माण निर्देशक अधिकारीकै रहेको छ भने पटकथा तथा संवाद बाबुराम निरौलाले तयार पारेका हुन् ।

फिल्मका गीतमा सुमन केसी र किरण कँडेलको संगीत रहेको छ । विनोद बलको छायांकन, नहकुल खड्काको सम्पादन, अमित श्रेष्ठको ध्वनि संयोजन तथा पार्किष गिरी र अमित श्रेष्ठको पार्श्व संगीत फिल्ममा समावेश छ । त्यस्तै, राजीव समरले कोरियोग्राफी र राजेन्द्र मोक्तानले रंग संयोजन गरेका छन् ।

पारिवारिक कथावस्तुमा आधारित भनिएको फिल्मको वितरण कृति इन्टरटेनमेन्ट र नेसनल सिने ग्रुपले संयुक्त रूपमा गर्नेछन् ।

पृष्ठ ५ बाट बाँकी

NAIMA
Empowering Growth Through Mobility

Nepal Automobile Importers and Manufacturers Association (NAIMA)

Address: SAN Complex- 1st Floor, Kamalpokhari, Kathmandu, Nepal | Contact Number: +977-1-4534079 | E-mail: info@naimanepal.org | www.naimanepal.org

सवारी तथा ढुवानी साधन आयात गर्ने कम्पनीहरूको अधिकतम खुद्रा मूल्य (MRP) सूची

MAXIMUM RETAIL PRICE (MRP) LIST OF VEHICLE AND TRANSPORT IMPORTER COMPANIES

Distributor's Name: **TRAYANA MOBILITY PVT. LTD.**
Address: Ananadanagar, Dhumbarahi | Contact Number: 9841231015
EXIM Code: 6224258940124 NP | VAT No: 622425894

S.N.	Vehicle Details	Shape/ Size	Brand	Model	Capacity	Country of Origin	Unit	Per Unit Cost	(MRP in NPR)
1	ELECTRIC BIKE	BIKE	ULTRAVIOLATE	X47	Peak Motor Power 20.3 kW , Rated Motor Power 9kW, Battery 7.1kWh	INDIA	1	6,84,900	**6,84,900**
2	ELECTRIC BIKE	BIKE	ULTRAVIOLATE	X47 Original Plus	Peak Motor Power 20.3 kW , Rated Motor Power 9kW, Battery 7.1kWh	INDIA	1	8,44,900	**8,44,900**
3	ELECTRIC BIKE	BIKE	ULTRAVIOLATE	X47 RECON Plus	Peak Motor Power 21.2kW, Rated Motor Power 9kW, Battery 10.3kWh	INDIA	1	9,74,900	**9,74,900**
4	ELECTRIC BIKE	BIKE	ULTRAVIOLATE	X47 RECON Desert Wing	Peak Motor Power 21.2kW, Rated Motor Power 9kW, Battery 10.3kWh	INDIA	1	10,54,900	**10,54,900**
5	ELECTRIC BIKE	BIKE	ULTRAVIOLATE	F77	Peak Motor Power 30 kW , Rated Motor Torque 100NM, Battery 10.3kWh	INDIA	1	1,075,000	**1,075,000**

Distributor's Name: **LAXMI INTERCONTINENTAL PVT. LTD.**
Address: Bhagwati Marg, Naxal, Kathmandu | Contact Number: 9801201537
EXIM Code: 3029584290122NP | VAT No: 302958429

S.N.	Vehicle Details	Shape/ Size	Brand	Model	Capacity	Country of Origin	Unit	Per Unit Cost	(MRP in NPR)
1	Grand i10 NIOS	Hatchback	Hyundai	Era	1197cc	India	1	3,496,000	**3,496,000**
	Grand i10 NIOS	Hatchback	Hyundai	Sportz	1197cc	India	1	4,096,000	**4,096,000**
	Grand i10 NIOS	Hatchback	Hyundai	Magna AMT	1197cc	India	1	4,126,000	**4,126,000**
	Grand i10 NIOS	Hatchback	Hyundai	Sportz AMT	1197cc	India	1	4,396,000	**4,396,000**
2	Exter	Mini SUV	Hyundai	HX2	1197cc	India	1	3,796,000	**3,796,000**
3	Venue	Compact SUV	Hyundai	HX2	1197cc	Nepal	1	4,896,000	**4,896,000**
	Venue	Compact SUV	Hyundai	HX5+	1197cc	Nepal	1	5,296,000	**5,296,000**
	Venue	Compact SUV	Hyundai	HX5 DCT	998cc	Nepal	1	5,896,000	**5,896,000**
	Venue	Compact SUV	Hyundai	N Line N6	998cc	India	1	6,796,000	**6,796,000**
4	Creta	Compact SUV	Hyundai	1.5 E	1497cc	Nepal	1	5,556,000	**5,556,000**
	Creta	Compact SUV	Hyundai	1.5 S(O) MT	1497cc	Nepal	1	6,556,000	**6,556,000**
	Creta	Compact SUV	Hyundai	1.5 SX MT	1497cc	Nepal	1	6,856,000	**6,856,000**
	Creta	Compact SUV	Hyundai	1.5 S(O) IVT	1497cc	Nepal	1	6,956,000	**6,956,000**
	Creta	Compact SUV	Hyundai	1.5 SX(O) IVT	1497cc	Nepal	1	8,056,000	**8,056,000**
5	Creta Electric	Compact SUV	Hyundai	Executive Tech (AT)	99 KW	India	1	6,096,000	**6,096,000**
6	Tucson	Full Size SUV	Hyundai	GL 2 WD MT	1999cc	South Korea	1	10,796,000	**10,796,000**
	Tucson	Full Size SUV	Hyundai	GLX 2 WD AT	1999cc	South Korea	1	13,796,000	**13,796,000**
	Tucson	Full Size SUV	Hyundai	GLX 4 WD AT	1999cc	South Korea	1	16,096,000	**16,096,000**
7	Kona	Full Size SUV	Hyundai	GL	100 KW	South Korea	1	5,996,000	**5,996,000**
	Kona	Full Size SUV	Hyundai	GLS	100 KW	South Korea	1	6,496,000	**6,496,000**
8	IONIQ 5	Full Size SUV	Hyundai	GLS	124.9 KW	South Korea	1	10,396,000	**10,396,000**
9	IONIQ 9	Full Size SUV	Hyundai	Long Range - RWD	160 KW	South Korea	1	21,996,000	**21,996,000**

Distributor's Name: **LAXMI E MOBILITY PVT. LTD.**
Address: Bhagwati Marg, Naxal, Kathmandu | Contact Number: 01-4533674, 4533780
VAT No: 606750941

S.N.	Vehicle Details	Shape/ Size	Brand	Model	Capacity	Country of Origin	Unit	Per Unit Cost	(MRP in NPR)
1	E04	Electric	KAIYI	E04	55 kW	China	1	26,96,000	**26,96,000**

Distributor's Name: **SPG AUTOMOBILES PVT. LTD.**
Address: Thapathali, Kathmandu | Contact Number: 01-5911678
EXIM Code: 6010971860120NP | VAT No: 601097186

S.N.	Vehicle Details	Shape/ Size	Brand	Model	Capacity	Country of Origin	Unit	Per Unit Cost	(MRP in NPR)
1	Omoda E5 Pro	SUV	Omoda Jaecoo	Omoda E5 Pro - Single Tone	99 KW	China	1	51,59,000	**51,59,000**
2	Omoda E5 Pro	SUV	Omoda Jaecoo	Omoda E5 Pro - Dual Tone	99 KW	China	1	51,99,000	**51,99,000**
3	Omoda E5	SUV	Omoda Jaecoo	Omoda E5 - Single Tone	99KW	China	1	56,99,000	**56,99,000**
4	Omoda E5	SUV	Omoda Jaecoo	Omoda E5 - Dual Tone	99KW	China	1	57,39,000	**57,39,000**
5	Jaecoo J5 Pro	SUV	Omoda Jaecoo	Jaecoo J5 Pro	155KW	China	1	51,59,000	**51,59,000**
6	Jaecoo J5	SUV	Omoda Jaecoo	Jaecoo J5	155KW	China	1	56,99,000	**56,99,000**
7	Jaecoo J6T	SUV	Omoda Jaecoo	Jaecoo J6T	135KW	China	1	71,99,000	**71,99,000**
8	Icaur V23	SUV	Icaur	Icaur V23	100KW	China	1	53,99,000	**53,99,000**

Distributor's Name: **PIONEER MOTO CORP PVT. LTD.**
Address: Thapathali, Kathmandu | Contact Number: 01-4101171/01-4101170
EXIM Code: 6022772950128 NP | VAT No: 602277295

S.N.	Vehicle Details	Shape/ Size	Brand	Model	Capacity	Country of Origin	Unit	Per Unit Cost	(MRP in NPR)
1	Tekton HR10 BASE E1 MT	SUV	Nissan	Tekton T160 HR10 MT (Visia)	999cc	India	1	5,699,000	**5,699,000**
2	Tekton HR10 MID E2 MT	SUV	Nissan	Tekton T160 HR10 MT (Accenta)	999cc	India	1	6,099,000	**6,099,000**
3	Tekton HR 10 UPP E3 MT	SUV	Nissan	Tekton T160 HR10 MT (N-Connecta)	999cc	India	1	6,799,000	**6,799,000**
4	Tekton HR 13 MID E2 DCT	SUV	Nissan	Tekton T160 HR13 MT (Accenta)	1333cc	India	1	7,699,000	**7,699,000**
5	Tekton HR13 UPR E3 MT	SUV	Nissan	Tekton T280 HR13 MT (N-Connecta)	1333cc	India	1	7,799,000	**7,799,000**
6	Tekton HR13 UPR E3 DCT	SUV	Nissan	Tekton T280 HR13 DCT (N-Connecta)	1333cc	India	1	8,599,000	**8,599,000**
7	Tekton HR13 PRM E4 MT	SUV	Nissan	Tekton T280 HR13 MT (Tekna)	1333cc	India	1	8,599,000	**8,599,000**
8	Tekton HR13 PRM E4 DCT	SUV	Nissan	Tekton T280 HR13 DCT (Tekna)	1333cc	India	1	9,299,000	**9,299,000**
9	Magnite Visia	SUV	Nissan	Magnite Visia	999cc	India	1	3,575,000.00	**3,575,000**
10	Magnite Visia +	SUV	Nissan	Magnite Visia +	999cc	India	1	3,675,000.00	**3,675,000**
11	Magnite Acenta AMT	SUV	Nissan	Magnite Acenta AMT	999cc	India	1	4,049,000.00	**4,049,000**
12	Nagnite N-Connecta	SUV	Nissan	Nagnite N-Connecta	999cc	India	1	4,299,000.00	**4,299,000**
13	Magnite N-Connecta Dual	SUV	Nissan	Magnite N-Connecta Dual	999cc	India	1	4,334,000.00	**4,334,000**
14	Magnite N-Connecta AMT	SUV	Nissan	Magnite N-Connecta AMT	999cc	India	1	4,549,000.00	**4,549,000**

Distributor's Name: **PIONEER MOTO CORP PVT. LTD.**
Address: Thapathali, Kathmandu | Contact Number: 01-4101171/01-4101170
EXIM Code: 6022772950128 NP | VAT No: 602277295

S.N.	Vehicle Details	Shape/ Size	Brand	Model	Capacity	Country of Origin	Unit	Per Unit Cost	(MRP in NPR)
1	Chery Q	EV	Chery	Chery Q	90 KW	China	1	3,599,000	**3,599,000**

Distributor's Name: **LAXMI MOTORHUB PVT. LTD.**
Address: Bhagwati Marg, Naxal, Kathmandu | Contact Number: 01-4533674, 4533780
VAT No: 610075917

S.N.	Vehicle Details	Shape/ Size	Brand	Model	Capacity	Country of Origin	Unit	Per Unit Cost	(MRP in NPR)
1	BJ30E	Hybrid Electric (Petrol/Electric)	BAIC	BJ30e	1498 cc	China	1	1,25,96,000	**1,25,96,000**
2	T1 LV2	Electric	ARCFOX	T1 LV2	70 KW	China	1	34,96,000	**34,96,000**
3	T1 LV3	Electric	ARCFOX	T1 LV3	70 KW	China	1	37,96,000	**37,96,000**

Distributor's Name: **LAXMI MOTORHUB PVT. LTD.**
Address: Bhagwati Marg, Naxal, Kathmandu | Contact Number: 01-4533674, 4533780
VAT No: 610075917

S.N.	Vehicle Details	Shape/ Size	Brand	Model	Capacity	Country of Origin	Unit	Per Unit Cost	(MRP in NPR)
1	T1 I-DM	Plug In Hybrid (Petrol/Electric)	JETOUR	T1 i-DM	1499 cc	China	1	1,44,96,000	**1,44,96,000**
2	T2 I-DM	Plug In Hybrid (Petrol/Electric)	JETOUR	T2 i-DM	1499 cc	China	1	1,59,96,000	**1,59,96,000**
3	T2	Petrol	JETOUR	T2	1998 cc	China	1	1,59,96,000	**1,59,96,000**

एनपिएलको प्लेअफ समीकरण पूरा



काठमाडौं/मस– सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपिएल)को प्लेअफमा पुग्ने चार वटै टोलीको टुंगो लागेको छ। शनिवार लुम्बिनी लायन्सले विराटनगर किंग्सलाई पराजित गरेसँगै प्लेअफ पुग्ने सबै टोलीको टुंगो लागेको हो । प्लेअफमा लुम्बिनीसँगै सुदूरपश्चिम रोयल्स, काठमाडौं गोर्खाज र चितवन राइनोज पुगेका छन् । विराटनगर, कर्णाली याक्स, जनकपुर बोल्ट्स र पोखरा एभेन्जर्स प्रतियोगिताबाट बाहिरिएका छन् । विराटनगरविरुद्धको जितसँगै लुम्बिनी शीर्ष स्थानमा रहने पक्का भएको छ ।

लुम्बिनीले लिग चरणमा ७ खेलबाट ११ अंक जोड्दै शीर्ष स्थानमा उक्लिएको छ। सुदूरपश्चिम ७ खेलबाट १० अंकसहित दोस्रो, काठमाडौं ५ खेलबाट ८ अंकसहित तेस्रो र चितवन ६ खेलबाट ७ अंकसहित चौथो स्थानमा छ । लिग चरणको ७ वटै खेल खेलिसकेको विराटनगर भने यो हारपछि ६ अंकसहित पाँचौं स्थानमै सीमित रह्यो ।

लुम्बिनीले विराटनगरलाई ४ विकेटले पराजित गरेको हो । विराटनगरले दिएको १६७ रनको लक्ष्य पछ्याएको लुम्बिनीले १९.५ ओभरमा ६ विकेट गुमाएर पूरा गरेको हो । लुम्बिनीको जितमा ओपनर डार्सी सर्टले ३८ बलमा ३ चौका र १ छक्काको सहयोगमा ४५ रन बनाए । आसिफ शेखले पनि ४१ बलमा ३ चौका र १ छक्काको सहयोगमा ४५ रन नै बनाए ।

सन्दीप जोराले ११ बलमा ३ छक्का र १ चौकाको सहयोगमा अविजित २५ रन जोड्दा अली शेखले १९ बलमा २ छक्का र १ चौकाको सहयोगमा २७ रन बनाए ।

निरोशन डिकवेला र दिलिप नाथ शून्य रनमा आउट भए भने कप्तान रोहितकुमार पौडेल ९ रन बनाएर रनआउट भए ।

बलिङमा विराटनगरका लागि अपराजित पौडेलले २ र चरित असलंका र रुपेश सिंहले १-१ विकेट लिए ।

त्यसअघि कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा टस हारेर पहिले ब्याटिङ गरेको विराटनगरले चरिथ असलंकाको अर्धशतक महतमा निर्धारित २० ओभरमा ४ विकेट गुमाएर १६६ रन बनाएको थियो ।

विराटनगरका लागि असलंकाले ४३ बलमा १ चौका र ६ छक्का प्रहार गर्दै सर्वाधिक ६४ रन बनाए । शुभम रन्जानेले २४ बल खेल्दै ४ चौका सहयोगमा अविजित ३१ रन बनाए ।

ओपनर इमरान शेख २४ रन बनाएर रिटायर्ट हर्ट भए । अर्का ओपनर लोकेश बमले १७ बलमा १५ रन जोडे । सेहान जयासूर्या १ र इसुरु उडाना ६ रनमा आउट भए ।

बलिङमा लुम्बिनीका लागि किशोर महतो, रुबेन ट्रम्पलम्यान र अभिशेष गौतमले १-१ विकेट लिए ।

युु-१९ महिला क्रिकेट

भारतसँग नेपाल पराजित



काठमाडौं/मस– महिला यु-१९ 'ए' महिला क्रिकेटमा भारतविरुद्ध नेपाल १२५ रनले पराजित भएको छ । शनिवार सम्पन्न खेलमा भारतले दिएको २०६ रनको लक्ष्य पछ्याएको नेपालले निर्धारित २० ओभरमा नौ विकेट गुमाएर ८० रन मात्र बनायो ।

नेपालका लागि सावित्री धामीले १९ र तृषना विश्वकर्माले १८ रन जोडिन् । बाँकी नेपाली ब्याटरले भने दोहोरो अंकमा समेत रन बनाउन सकेनन् ।

भारतका लागि बलिङतर्फ मैत्री मनियारले तीन ओभरमा एक मेडनसहित सात रन दिएर सर्वाधिक चार विकेट लिइन् । त्यसअघि भारतको बेंग्लुरुस्थित भारतीय क्रिकेट नियन्त्रण बोर्ड (बिसिसिआई) को क्रिकेट मैदानमा टस जितेर ब्याटिङ रोजेको भारतले निर्धारित २० ओभरमा चार विकेट गुमाएर २०५ रन बनाएको थियो ।

भारतका लागि भाविका अहिरेले ४८, तानिष्का शर्माले ३६, आर्या पोइ्दे र निधि महतोले ३५-३५ र इरा जाधवले २६ रन बनाइन्। नेपालका लागि बलिङतर्फ टीका साहले दुई, रचना चौधरी र आशिका महराले समान एक-एक विकेट लिइन् ।

भारत भ्रमणअन्तर्गत श्रृंखलाको पहिलो खेलमा नेपाली टोली नौ विकेटले पराजित भएको थियो । नेपालले अब तेस्रो खेल बुधबार खेल्ने तालिका छ। नेपालले आगामी वर्ष घरेलु मैदानमा आयोजना हुने यु-१९ विश्वकपको तयारीका लागि भारतमा अभ्यास गरिरहेको हो ।

क्षितिज, सिन्दरा, राजीव र पदमकृष्णलाई वडाध्यक्ष कप चेसको उपाधि



काठमाडौं/मस– प्रथम काठमाडौं २८ वडाध्यक्ष कप अल नेपाल फिडे रेपिड रेटिङ चेस प्रतियोगिताको क्याटोगोरी 'ए'मा क्षितिज भण्डारीले उपाधि जितेका छन् । उनले ७ चरणको खेलमा ५ स्कोर गरे। समान अंक भएका सुशील चौधरी दोस्रो र कमल श्रेष्ठ तेस्रो भए । क्याटागोरी ' बी'मा सिन्दिरा जोशी ५.५ अंकसहित पहिलो भइन् । सो स्पर्धामा समान अंक भएकी राधिका पौडेल दोस्रो भइन् । ५ अंक भएकी कुसुम घिसिङ तेस्रो भइन् ।

क्याटोगारी 'सी'मा राजीव कार्की पहिलो भए । सो स्पर्धामा महेन्द्र कुमार साम्बाहाम्पे दोस्रो भए। क्याटोगोरी 'डी'मा पदमकृष्ण श्रेष्ठ पहिलो भए ।

काठमाडौं महानगरपालिका २८ वडा कार्यालय र थापाथली चेस पार्कको संयुक्त आयोजनामा जारी प्रतियोगितामा करिब २०० खेलाडीको सहभागिता थियो । प्रतियोगिताका विजयी खेलाडीलाई काठमाडौं २८ का अध्यक्ष भाइराम खड्गी, प्रतियोगिता निर्देशक इन्द्र बस्नेत, थापाथली चेस पार्कका अध्यक्ष सानुराज बज्राचार्य, पूर्व राष्ट्रिय च्याम्पियन नवीन तुण्डकार र मुख्य निर्णायक ज्ञानेन्द्र खाइजु लगायतले पुरस्कार प्रदान गरे ।

प्रतियोगिताले नेपाली चेस खेलको विकासमा थप सहयोग गर्ने विश्वास रहेको बस्नेतले बताए ।

१०औं राष्ट्रिय खेलकुदका लागि सुदूरपश्चिममा खेलाडी छनोट सुरु



धनगढी/मस– १०औं राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारीस्वरूप सुदूरपश्चिम प्रदेशस्तरीय खेलाडी छनोट प्रतियोगिता सुरु भएको छ।

कर्णाली प्रदेशको सुर्खेतमा आयोजना हुने राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि सुदूरपश्चिम प्रदेशबाट ३० विधाका खेलाडी छनोट गर्न लागिएको हो । प्रदेश खेलकुद परिषद्को आयोजनामा सुरु भएको छनोट प्रतियोगिता मंसिर १ गतेसम्म सञ्चालन हुनेछ ।

कैलाली, कञ्चनपुर र डडेल्धुरामा सञ्चालन हुने प्रतियोगिताको उद्घाटन धनगढी रंगशालामा गरिएको हो । प्रतियोगिताको उद्घाटन मुख्यमन्त्री खगराज भट्टले गरेका थिए । प्रदेश खेलकुद परिषद्का सदस्यसचिव लोकबहादुर खड्काका अनुसार कैलालीमा फुटबल, एथलेटिक्स, क्रिकेट, बास्केटबल, ह्यान्डबल, ब्याडमिन्टन, टेबलटेनिस, बुद्धिचाल, बक्सिङ, उसु, खोखो, सुटिङ, जिम्न्यास्टिक, रग्बी, भारोत्तोलन, शारीरिक सुगठन र ई-स्पोर्ट्सका प्रतियोगिता सञ्चालन हुनेछन्। त्यस्तै, कञ्चनपुरमा कबड्डी, तेक्वान्दो, करांते, फुलकन्ट्याक्ट करांते, आइटिएफ तेक्वान्दो, कुस्ती र जुडोका खेल सञ्चालन गरिनेछ । डडेल्धुरामा महिला तथा पुरुष भलिबल प्रतियोगिता आयोजना हुनेछ । प्रदेशका नौवटै जिल्लाबाट छनोट भएर आएका दुई हजार ४६४ खेलाडीले प्रदेशस्तरीय प्रतियोगितामा प्रतिस्पर्धा गर्ने परिषद्ले जनाएको छ। प्रतियोगितामा खेलाडी, प्रशिक्षक र अफिसियल गरी ७४४ जनाको सहभागिता रहनेछ ।

उद्घाटन कार्यक्रममा मुख्यमन्त्री भट्टले खेलकुदले मानिसलाई अनुशासित बनाउन महत्वपूर्ण भूमिका खेल्ने बताए । प्रदेश सरकारले आफ्नो क्षमता र स्रोतअनुसार खेल क्षेत्रको विकासका लागि सहकार्य गर्ने उनले उल्लेख गरे । कार्यक्रममा सामाजिक विकासमन्त्री सन्तोष शर्मा थापाले प्रतियोगिताको सफलताको शुभकामना व्यक्त गरेका थिए ।

एनएफएलमा तीन नयाँ टोली थप्ने बोलपत्रको म्याद शुक्रबारसम्म थपियो



काठमाडौं/मस– नेपाल फुटबल लिग (एनएफएल)मा थप तीन टोली सहभागी गराउने उद्देश्यले आह्वान गरिएको बोलपत्र पेस गर्ने म्याद शुक्रबारसम्म थप गरिएको छ ।

चाडपर्वको बिदालाई मध्यनजर गर्दै इच्छुक पक्षलाई आवश्यक तयारीका लागि थप समय उपलब्ध गराउन बोलपत्र पेस गर्ने अन्तिम मिति मंसिर ४ सम्म पुऱ्याइएको एनएफएलका चेयरमेन कल्याण गुरुङले बताएका छन् । यसअघि कात्तिक ३० सम्मको समय दिइएको थियो ।

एनएफएलले विराटनगर, धरान, जनकपुर, वीरगञ्ज, हेटौंडा, भक्तपुर, नेपालगञ्ज र सुर्खेत सहरको प्रतिनिधित्व गर्ने नयाँ फुटबल क्लब स्थापनाका लागि बोलपत्र आह्वान गरेको थियो ।

नयाँ क्लबका लागि आवेदन दिने पक्षले आफ्नो व्यावसायिक तथा वित्तीय इतिहास, आगामी १० वर्षको क्लब सञ्चालन योजना र सामाजिक विश्वसनीयतासम्बन्धी विवरण पेस गर्नुपर्नेछ ।

नेपाली फुटबललाई व्यावसायिक दिशातर्फ अघि बढाउने लक्ष्यसहित एनएफएलको पहिलो संस्करण आगामी फागुन १ गतेदेखि सुरु हुने घोषणा भइसकेको छ । पहिलो संस्करणमा घरेलु फुटबलका सात क्लबले सहभागिता जनाउने निश्चित छ ।

नेपाल फुटबल लिगमा काठमाडौं रेजर्स, ललितपुर सिटी, एफसी चितवन, पोखरा थन्डर्स, बुटवल लुम्बिनी, धनगढी एफसी र झापा एफसी पुरानै क्लबका रुपमा हुनेछन् । थप तीन टोली समावेश भएपछि लिगमा सहभागी क्लबको संख्या १० पुग्नेछ ।

रंगशालाको उपलब्धताका आधारमा प्रतियोगिता होम एन्ड अवे प्रणालीमा सञ्चालन गर्ने जनाएको छ । तयारी अवधिसहित एनएफएल करिब चार महिना सञ्चालन हुनेछ ।

सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८३/०७/२९)

श्री गणेश प्लाईउड इण्डष्ट्रिज प्रा. लि.

बहादुरगंज वार्ड नं. २ (कपिलवस्तु), कृष्णनगर – नेपाल

(दर्ता नं. ३०२६१४६३४/उद्योग रजिष्ट्रर्ड नं. ३०६४/०६०-६१)

विषय: सम्मानित सर्वोच्च अदालतको फैसला कार्यान्वयन तथा पारिश्रमिक बुझिलिने बारे ।

श्री शिवपूजन चौबे
वडा नं. ८, मौजा देवानगढिया

उपरोक्त सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको रिट/मुद्दा नं. ०७५-WO-०६१० मा मिति २०८१ साल माघ २ गते भएको फैसला कार्यान्वयनको लागि यस उद्योगबाट पठाइएको पत्रमार्फत उपस्थित हुन जानकारी गराइएकोमा तपाईंले उक्त पत्र बुझ्न अस्वीकार गर्नुभएको व्यहोरा अवगत नै छ ।

तसर्थ, उक्त फैसला बमोजिम मिति २०७३ देखि हालसम्मको नियमानुसार पाउनुपर्ने पारिश्रमिक यस उद्योगको कार्यालयमा हरहिसाब गरी बुझिलिन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले १० (दस) दिनभित्र यस उद्योगको कार्यालयमा उपस्थित भई सम्पूर्ण हिसाब-किताब गरी रकम बुझिलिनुहुन जानकारी गराइन्छ । तोकिएको म्यादभित्र कार्यालयमा उपस्थित नभएमा सम्मानित अदालतको फैसला कार्यान्वयनसम्बन्धी कानुन बमोजिम आवश्यक कानुनी प्रक्रिया अगाडि बढाइने व्यहोरासमेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

बोधार्थ : श्रम तथा रोजगार कार्यालय, बुटवल, रूपन्देही ।
व्यवस्थापक/अधिकार प्राप्त अधिकारी
श्री गणेश प्लाईउड इण्डष्ट्रिज प्रा. लि.
कृष्णनगर-२, कपिलवस्तु, नेपाल

कक्षा १२ को प्रमाणपत्रहरू हराएको सूचना

मिति २०८३/०७/१४ गते मनेहरा धनगढी बाट चौराहा जाने क्रममा मेरो निम्न विवरण भएको कक्षा १२ को प्रमाणपत्रहरु हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न नम्बरमा सम्पर्क गरि बुझाईदिनु हुन अनुरोध गर्दछु ।

नाम : बिबेक रोकाया
रजिस्ट्रेसन नं.: 793271970002
सिम्बोल नं. : 92749396
सम्पर्क नं : 9849559086

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६४/१२/२२ मा दर्ता भएको **प्रा.लि.नं. ५२७५६/०६४/०६५** को **तुलजा मल्टी कन्सर्न प्रा. लि.** को मिति २०८३/०७/१९ को विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

लिक्वीडेटर: राधिका गोसाई,
इजाजत पत्र नं. ४८०, सम्पर्क ५८४१६७५८०३

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०८०/०६/२५ मा दर्ता भएको **प्रा. लि. नं. ३२१८२२** को **बिसौनी मिडिया प्रा. लि.** को मिति २०८३/०७/२१ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

लिक्वीडेटर: कुमार गुरुङ, इजाजत पत्र नं. ५२१, पोन नं. ५८४१८६१६३०

भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि प्रशासन कार्यालय,
महेन्द्रनगर, कञ्चनपुर
(भूमि सुधार शाखा)

मोहियानी हकदावी सम्बन्धी ३५ दिने सूचना

प्रकाशित मितिः- २०८३/०७/२५

तपसिलमा लेखिएको निवेदकले शेरबहादुर लुहार पौयल गएको/बेपत्ता भएको मृत्यु हुँदा निजको नामको निम्न लिखित जग्गा नामसारी गरी पाउँ भनी जिल्ला कञ्चनपुर शुक्लाफाटा न.पा/गा.पा.को सिफारिससहित नामसारी दा.ख.माग गर्न आएकोमा उक्त जग्गा निवेदकहरुका नाउमा नामसारी हुनु नपर्ने कुनै कारण भए वा निवेदक बाहेक अरु हकदार भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र सबुत प्रमाण सहित हक दावी गर्न आउनु होला । अन्यथा माग भए अनुसार निवेदकको नाममा नामसारी भई जानेछ । पछि कुनै किसिमको दावी उजुरी नलाग्ने व्यहोरा समेत सर्व साधारण सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नामसारी माग भएको जग्गाको व्यहोरा

न.पा./गा.पा.	वडा नं.	प्लट नं./सिट नं.	कित्ता नं.	क्षेत्रफल	मोही	जग्गाधनीको नाम	कैफियत
पिपलाडी	८	०२६/०१४९	८	३३९.००	-	शेर बहादुर लुहार	

तपसिल

निवेदकको नाम	बाबु/पति	बाजे/ससुरा	ठेगाना
तारा लुहार	शेर बहादुर लुहार	कालु लुहार	शुक्लाफाटा न.पा. वडा नं. ४, पिपलाडी, कञ्चनपुर

साइप्रसमा रोजगार कम्पनी: MEDEON INTERNATIONAL PLACEMENT AGENCY LTD शहर : CYPRUS,LIMASSOL
पूर्व स्वीकृत मिति: २०८२/०७/२० चलानी नं.: ६०२४५५४८ L.T. No.: 350175

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब EURO	मासिक तलब रु. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cook A.	5	0	सम्बन्धित कामका दक्ष	750	१,२४,८२२	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Cook B	5	0		750	१,२४,८२२							
3.	Cook C.	5	0		700	१,१६,५०१							
4.	Kitchen Helper	5	0		700	१,१६,५०१							
5.	Spa Therapist	0	5		700	१,१६,५०१							

कम्पनी: MEDEON INTERNATIONAL PLACEMENT AGENCY LTD शहर : CYPRUS,LIMASSOL
पूर्व स्वीकृत मितिः २०८२/०७/२० चलानी नं.: ६०२६३३२४ L.T. No.: 350183

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब EURO	मासिक तलब रु. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Waiters/waitress	5	5	सम्बन्धित कामका दक्ष	700	१,१६,५०१	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Chambermaid	5	5		700	१,१६,५०१							
3.	Barista	5	0		700	१,१६,५०१							

कम्पनी: MEDEON INTERNATIONAL PLACEMENT AGENCY LTD शहर : CYPRUS,LIMASSOL
पूर्व स्वीकृत मितिः २०८२/०७/२० चलानी नं.: ६०२६३३२६ L.T. No.: 350184

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब EURO	मासिक तलब रु. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	General Worker	10	0	सम्बन्धित कामका दक्ष	700	१,१६,५०१	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Agriculture	7	8		700	१,१६,५०१							

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८३ मंसिर ६ गते (22 November 2026) **मा हुनेछ ।**

स्वदेशमा वर्ष सेडिकलको शुल्क बस्ने व्यहोर्ने र कति लाग्ने	विदेशमा वर्ष सेडिकलको खर्च बस्ने व्यहोर्ने	स्वदेशमा गरिने म्याद जीवन बिमा बस्ने व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा दुर्घ/खुने र प्रिमियम बस्ने तिर्ने	कामदारलाई हवाइ टिकट बस्ने दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क बस्ने व्यहोर्ने	भिषा स्टाम्पीङ शुल्क बस्ने व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र बस्ने व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र बस्ने व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४८६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,४०० कामदारले	नि:शुल्क

वैदेशिक रोजगार विभागबाट सरदर्ता जाजकारी :– १. आफ्नो नामना बिना प्राप्त भईआने विदेशित भएपछि मात्र कम्पनीमा मई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला । २. आफ्नु काम गर्न जाने सुनुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हर समयमा राख्नु होला । आफ्नु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कतिपनि नबुझिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा ईन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफ्नु जाने मुलुक, काम दिने कम्पनी, पाउने तलब तथा सुविधा र अन्य जानकारी रासलिम पोर्टल मार्फत सम्पतिमा पछाडी हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामना विदेश जाउँदा नेपालकै विमालयमार्फत प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, सहायतामा सम्पर्क गर्नु होला ।

ANGELOS GROUP PVT.LTD Govt.Lic. No. 1792/082/83
Lalitpur-15, Satdobato, Nepal, Tel No: +977-1-5415656
Email: angelosgrouppvtltd@gmail.com, info@angelosgrouppvtltd.com
Web: www.angelosgrouppvtltd.com

युएईमा रोजगार कम्पनी: DOUGLAS OHI - L.L.C - O.P.C शहर: UAE
पूर्व स्वीकृत मितिः २०८३/०३/२२ चलानी नं.: ६०२५७३४७ LT. No.:344361 पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब रु. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Carpenter	21	0	सम्बन्धित कामका दक्ष	1500	६१,४७०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Engineer	4	0		6000	२,४५,८८०							
3.	Heavy Driver Trailer	1	0		2000	८१,९६०							
4.	Light Vehical Driver	3	0		2000	८१,९६०							
5.	Mason General	25	0		1500	६१,४७०							
6.	Scafolder	18	0		1500	६१,४७०							
7.	Surveyor	3	0		2500	१,०२,४५०							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ मंसिर ६ गते (22 November 2026) **मा हुनेछ ।**

स्वदेशमा वर्ष सेडिकलको शुल्क बस्ने व्यहोर्ने र कति लाग्ने	विदेशमा वर्ष सेडिकलको खर्च बस्ने व्यहोर्ने	स्वदेशमा गरिने म्याद जीवन बिमा बस्ने व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा दुर्घ/खुने र प्रिमियम बस्ने तिर्ने	कामदारलाई हवाइ टिकट बस्ने दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क बस्ने व्यहोर्ने	भिषा स्टाम्पीङ शुल्क बस्ने व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र बस्ने व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र बस्ने व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४८६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,४०० कामदारले	रु.१०,०००

वैदेशिक रोजगार विभागबाट सरदर्ता जाजकारी :– १. आफ्नो नामना बिना प्राप्त भईआने विदेशित भएपछि मात्र कम्पनीमा मई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला । २. आफ्नु काम गर्न जाने सुनुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हर समयमा राख्नु होला । आफ्नु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कतिपनि नबुझिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा ईन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफ्नु जाने मुलुक, काम दिने कम्पनी, पाउने तलब तथा सुविधा र अन्य जानकारी रासलिम पोर्टल मार्फत सम्पतिमा पछाडी हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामना विदेश जाउँदा नेपालकै विमालयमार्फत प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, सहायतामा सम्पर्क गर्नु होला ।

AASTHA CONSULTING PVT.LTD श्रम इजाजत पत्र नं. १०१२/०६८/०६५
सात्विक (Elite Human Resource Pvt. Ltd.)
G.P.O. Box: 3451, Gongabu town planning, Kathmandu-29, Nepal. Tel: +977-1-4987995, 4989849
9851088873 (Jhabindra Parajuli) Email: aasthaconsultingnepal@gmail.com, www.asthaconsulting.com.np

युएईमा रोजगार कम्पनी: GECKO MIDDLE EAST SERVICES L.L.C. शहर: DUBAI
पूर्व स्वीकृत मितिः २०८३/०७/२६ चलानी नं.: ६०२६३३१९ LT. No.: 349947

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब रु. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	A Cleaner	35	0	स. काममा दक्ष	1000	४०,४८०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ मंसिर ६ गते (22 November 2026) **मा हुनेछ ।**

स्वदेशमा वर्ष सेडिकलको शुल्क बस्ने व्यहोर्ने र कति लाग्ने	विदेशमा वर्ष सेडिकलको खर्च बस्ने व्यहोर्ने	स्वदेशमा गरिने म्याद जीवन बिमा बस्ने व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा दुर्घ/खुने र प्रिमियम बस्ने तिर्ने	कामदारलाई हवाइ टिकट बस्ने दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क बस्ने व्यहोर्ने	भिषा स्टाम्पीङ शुल्क बस्ने व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र बस्ने व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र बस्ने व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४८६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,४०० कामदारले	नि:शुल्क

वैदेशिक रोजगार विभागबाट सरदर्ता जाजकारी :– १. आफ्नो नामना बिना प्राप्त भईआने विदेशित भएपछि मात्र कम्पनीमा मई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला । २. आफ्नु काम गर्न जाने सुनुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हर समयमा राख्नु होला । आफ्नु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कतिपनि नबुझिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा ईन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफ्नु जाने मुलुक, काम दिने कम्पनी, पाउने तलब तथा सुविधा र अन्य जानकारी रासलिम पोर्टल मार्फत सम्पतिमा पछाडी हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामना विदेश जाउँदा नेपालकै विमालयमार्फत प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, सहायतामा सम्पर्क गर्नु होला ।

ROYAL AND PARTNERS SERVICES PVT. LTD.
Tokha -10, Kathmandu, Nepal | Phone no.: 01-5914938
Mobile: 9823401265, 9813743203.
Email : info@rpmanpower.com | Web. : www.rpmanpower.com
श्रम इजाजत पत्र नं. १४८१/०७४/०८०

साउदीमा रोजगार कम्पनी: EKAL HUMAN RESOURCES COMPANY शहर: SAUDI
पूर्व स्वीकृत मितिः २०८३/०५/२५ चलानी नं.: ६०२६३२६० LT. No.: 350260

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब SR	मासिक तलब रु. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि

अर्थ वाणिज्य

www.madhyanhadaiy.com

गा.हु.का.द.नं. ३३/०६९/०७०

२९ कार्तिक २०८३ आइतबार
15 November 2026 Sunday



नाङ्लो र थुन्सेको व्यापार

संखुवासभाको सदरमुकाम खादबारीको शनिबारे हटियामा बेच्न राखिएको बाँसको चायोबाट बुनेको नाङ्लो र भकारीलगायत सामग्री । बाँसबाट बनेको नाङ्लो प्रतिगोटा १०० र थुन्से प्रतिगोटा एक हजार रुपैयाँसम्म पर्दछ । **तस्बिर : भविन कार्की/रासस**

घान्द्रुक, सिक्लेस र ल्वाङ गाउँ पर्यटकले भरिभराउ

अग्रिम बुकिङ नगरे बास पाउन कठिन

कास्की/रासस– तिहार र छठको बिदासँगै पर्यटकीय याम उत्कर्षमा पुगेपछि कास्कीका घान्द्रुक, सिक्लेस र ल्वाङ गाउँ पर्यटकले भरिभराउ भएका छन् । आन्तरिक पर्यटकको उल्लेख्य आगमनसँगै यी गाउँका होटल र घरबासमा पाहुनाको चाप बढेको छ । कतिपय पर्यटकले अग्रिम बुकिङ नगर्दा आवास पाउन कठिन भएको छ ।

अन्नपूर्ण गाउँपालिका-१० र ११ मा पर्ने घान्द्रुकमा तिहारको भोलिपल्टदेखि पर्यटकको चहलपहल बढेको हो । घान्द्रुक पर्यटन व्यवस्थापन समितिका अध्यक्ष विक्रम गुरुङका अनुसार अहिले दैनिक तीन हजार चार सयदेखि तीन हजार पाँच सयसम्म पर्यटक गाउँ पुगिरहेका छन् । पर्यटकको चापले होटलमा कोठा पाउन कठिन भएपछि समितिले अग्रिम 'बुकिङ' गरेर मात्र भ्रमणमा आउन आग्रह गरेको छ ।घान्द्रुक पुग्नेमा अधिकांश आन्तरिक पर्यटक छन् भने भारतीय तथा अन्य मुलुकका पर्यटकको आगमन पनि भइरहेको छ । अन्नपूर्ण चक्रीय पदमार्गको प्रमुख गन्तव्यका रूपमा रहेको घान्द्रुक अन्नपूर्ण आधार शिविर र पुनहिल-घोरेपानी पदमार्गमा पर्ने भएकाले पदयात्रीका लागि विश्रामस्थलसमेत हो ।

अन्नपूर्ण र माछापुच्छे हिमशृंखलाको मनोरम दृश्य, गुरुङ समुदायको मौलिक संस्कृति, गाउँले परिवेश र स्थानीय आतिथ्य घान्द्रुकका मुख्य आकर्षण हुन् । सडक पहुँच विस्तार भएपछि पछिल्लो समय आन्तरिक पर्यटकको आगमन थप बढेको स्थानीय पर्यटन व्यवसायी बताउँछन् । पर्यटन व्यवस्थापन समितिका अनुसार गाउँमा रिसोर्टसहित ८० होटल र ३५ घरबास सञ्चालनमा छन् ।



मादी गाउँपालिका-१ स्थित सिक्लेस गाउँमा पनि पर्यटकको चाप उस्तै छ । पर्यटक सूचना केन्द्रका अनुसार तिहारको भोलिपल्ट एक हजार तीन सय २४ जना पर्यटक सिक्लेस पुगेका थिए । एकैपटक ठूलो संख्यामा पर्यटक आउँदा होटल व्यवस्थापनमा कठिनाइ भएको स्थानीय व्यवसायीले बताएका छन् ।

नमस्ते गेस्ट हाउसका सञ्चालक भरना गुरुङका अनुसार होटल आइतबारसम्मका लागि बुकिङ भइसकेको छ। नयाँ पाहुनालाई कोठा उपलब्ध गराउन कठिन भएपछि पर्यटकलाई होटलको अवस्था बुझेर अग्रिम बुकिङ गर्न आग्रह गरिएको उनले बताए ।

हिमालको काखमा अवस्थित सिक्लेस प्राकृतिक सौन्दर्यसँगै गुरुङ संस्कृति र परम्पराका लागि परिचित छ । एकै बान्कीका ढुंगा र जस्ताका छाना भएका घर, ढुगें आँगन र बाटा, पुराना शैलीका भ्यालढोका तथा साँघुरा गल्लीले गाउँको मौलिक पहिचान झल्काउँछन् । मादी खोला, हरियाली वनपाखा र हिमाली दृश्यले जोकोही मन्त्रमुग्ध हुन्छन् ।

गुरुङ सङ्ग्रहालय, शान्ति स्मारक, सिक्लेस पार्क, मौलिक भेषभूषा, नाचगान र स्थानीय परिकार यहाँका थप आकर्षण हुन् । सिक्लेस-कपुचे-कोरी पदमार्ग सञ्चालनमा आएपछि पदयात्राका लागि आउने पर्यटकको संख्या पनि बढेको स्थानीय व्यवसायी बताउँछन् । दुई दशकअघि सामुदायिक घरबासबाट सुरु भएको यहाँको पर्यटन व्यवसाय अहिले होटल र घरबाससम्म विस्तार भएको छ ।

पोखरा महानगरपालिकासँग जोडिएको माछापुच्छे गाउँपालिका-८ को ल्वाङ गाउँमा पनि पर्यटकको आगमन बढेको छ । तिहारको भोलिपल्टदेखि होटल र घरबासमा पाहुना भरिएपछि व्यवस्थापनमा कठिनाइ भएको ल्वाङ सामुदायिक घरबास व्यवस्थापन समितिकी निवर्तमान अध्यक्ष मञ्जु गुरुङले बताइन् ।

२०६७ सालमा सात घरबाट सुरु भएको ल्वाङको घरबास व्यवसाय अहिले २६ घरमा विस्तार भएको छ । यहाँका घरबासमा एकै रातमा ४०० सम्म पाहुनालाई आवासको व्यवस्था गर्ने क्षमता छ । प्रकृति र गुरुङ संस्कृतिको अनुभव लिन चाहने पर्यटकका लागि ल्वाङ लोकप्रिय गन्तव्य बन्दै गएको छ ।

समुद्र सतहबाट एक हजार ४०० मिटर उचाइमा रहेको ल्वाङबाट माछापुच्छे र अन्नपूर्ण हिमशृंखलामा देखिने सूर्योदयको दृश्य आकर्षक मानिन्छ । गाउँको सिरानमा एक हजार २०० रोपनी क्षेत्रफलमा फैलिएको चियाबारी यहाँको अर्को प्रमुख आकर्षण हो । चियाबारी, गुरुङ संस्कार, रैथाने खाना र स्थानीय जीवनशैलीको अनुभव लिन स्वदेशी तथा विदेशी पर्यटक गाउँ पुग्ने गरेका छन् ।

ल्वाङमा पर्यटकले स्थानीय परिकार बनाउने तरिका, खेतीपाती र निगालोबाट डोको तथा सेखुजस्ता सामग्री बनाउने सीपबारे जानकारी लिन पाउँछन् । अन्नपूर्ण आधार शिविर र मर्दी पदमार्ग जाने पर्यटकले पनि यहाँ विश्राम गर्ने गरेका छन् । नजिकैको पोखरा क्यानोनिङ र घलेल गाउँले यस क्षेत्रको पर्यटकीय आकर्षण थपेका छन् । पोखराबाट घान्द्रुक, सिक्लेस र ल्वाङसम्म सडकबाट पुग्न सकिने भएकाले यी गाउँको भ्रमण सहज बनेको छ । प्राकृतिक सौन्दर्य, मौलिक संस्कृति, पदयात्रा र घरबासको अनुभवले यी गन्तव्य पर्यटकको रोजाइमा पर्दै आएका छन् । तिहार र छठको बिदासँगै बढेको पर्यटक आगमनले स्थानीय पर्यटन व्यवसायलाई चलायमान बनाएको छ भने पर्यटकको चाप व्यवस्थापन र पर्याप्त आवासको उपलब्धता चुनौतीका रूपमा देखिएको छ ।

हेलिकप्टर बुकिङ गर्न 'गो हेलि नेपाल'

मध्यान्ह संवाददाता
काठमाडौं, २८ कात्तिक



नेपालमा हेलिकप्टर उडान हिमालको सुन्दर दृश्य हेर्ने माध्यम मात्र होइन । यसले दुर्गम गन्तव्यसम्म पुग्न, यात्राका विभिन्न स्थानहरूबीच छिटो सम्पर्क स्थापित गर्न, महत्वपूर्ण समय बचत गर्न तथा सडक पहुँच सीमित भएको अवस्थामा आकस्मिक मेडिकल ट्रान्सपोर्ट र आपत्कालीन उद्धारमा प्रयोग हुने गरेको छ । नेपाल घुम्न आउने विदेशी पर्यटक तथा ट्राभल व्यवसायीहरूका लागि सहज हेलिकप्टर सेवा बुकिङ सहजताको लागि गो हेलि नेपाल सञ्चालनमा ल्याइएको छ । एउटै बुकिङ सम्पर्क केन्द्रमार्फत यात्रु, ट्रेकिङ कम्पनी तथा ट्राभल एजेन्सीहरूले आफ्नो आवश्यकता, गन्तव्य र उडान मितिअनुसार हेलिकप्टर सेवाका विकल्पहरूबारे जानकारी लिन र बुकिङ प्रक्रिया गर्न सकिने कम्पनीले जनाएको छ । हेलिकप्टर सेवासम्बन्धी जानकारी प्राप्त गर्नेदेखि आवश्यक समन्वय र बुकिङसम्मको प्रक्रियालाई सहज, व्यवस्थित र पहुँचयोग्य बनाउने उद्देश्यसहित गो होली सञ्चालनमा ल्याइएको कम्पनीले जनाएको छ । ग्राहकहरूले गो हेलि नेपालको वेबसाइट, फोन, ह्वाट्सएप वा इमेलमार्फत सम्पर्क गरी आफूलाई आवश्यक सेवा र गन्तव्यबारे जानकारी दिन सक्नेछन् ।

हिमाली दृश्यावलोकन उडान, एक स्थानबाट अर्को स्थानसम्मको ट्रान्सफर, निजी हेलिकप्टर चार्टर, उपलब्धताअनुसार साझा सिट बुकिङ, मेडिकल फ्लाइट तथा आपत्कालीन उद्धार समन्वयलगायतका सेवाका लागि जानकारी तथा कोटेसन लिन सकिने कम्पनीको भनाई छ । कम्पनीको वेबसाइटमा खाली फर्कने हेलिकप्टर उडान, हवाई छायांकन, सामान ढुवानी तथा विशेष कार्यक्रमका लागि हेलिकप्टर व्यवस्थापनजस्ता सेवाहरू पनि समावेश गरिएका छन् । गो हेलि नेपाल भ्रमणमा आउने विदेशी पर्यटकहरूले आफ्नो यात्रा योजनाअनुसार उपलब्ध हेलिकप्टर सेवाबारे जानकारी लिन र उपयुक्त विकल्प छनोट गर्न सक्नेछन् । त्यस्तै, ट्रेकिङ कम्पनी, टुर अपरेटर तथा अन्तर्राष्ट्रिय ट्राभल एजेन्सीहरूले आफ्ना ग्राहकका लागि हेलिकप्टर उडानको कोटेसन माग गर्न र स्थानीय स्तरमा आवश्यक समन्वय गर्न सक्नेछन् ।

सिटिजन्स बैंक र द चौतारी हस्पिटालिटीबीच समझदारी

काठमाडौं/मस– सिटिजन्स बैंक इन्टरनेसनल र द चौतारी हस्पिटालिटी ग्रुप दरबारमार्गबीच सिटिजन्स बैंकका ग्राहकहरूलाई छुट दिने समझदारीपत्रमा हस्ताक्षर भएको छ । समझदारीपत्र अनुसार सिटिजन्स बैंकका कार्डबाहक र मोबाइल बैंकिङ ग्राहकहरूले द चौतारी हस्पिटालिटी ग्रुप दरबारमार्गको डिंक्स एन्ड बेभरेजेजमा ७ प्रतिशतसम्म छुट पाउनेछन् । यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरु लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबार तर्फ उत्प्रेरित हुने विश्वास बैंकले लिएको छ । बैंकले डिजिटल बैंकिङ माध्यमहरुको प्रयोगलाई बढाउन र ग्राहकहरुलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्न समय समयमा ग्राहकमैत्री सुविधाहरु सञ्चालनमा ल्याउँदै आएको छ ।



प्रोटोन ई.मास ५ लाई दुई अन्तर्राष्ट्रिय अवार्ड

काठमाडौं/मस– प्रोटोन ई.मास५ ले मलेसियामा आयोजित कारलिस्ट डट एमवाई पिपुल्स एन्ड एडिटर्स च्वाइस अवार्ड्स २०२६ मा दुई प्रतिष्ठित अवार्ड जितेको छ ।

प्रोटोन ई.मास५ ले आफ्नो विद्युतीय सवारी यात्रामा अर्को महत्वपूर्ण उपलब्धि हासिल गरेको छ । उक्त सवारीले उत्कृष्ट सब-कम्प्याक्ट ह्याचब्याक, पिपुल्स च्वाइस र उत्कृष्ट अफोर्डेबल कार, एडिटर्स च्वाइस विधामा अवार्ड जितेको हो । यस उपलब्धिले उपभोक्ता तथा अटोमोबाइल क्षेत्रका विज्ञहरूमाझ प्रोटोन ई.मास ५ को बढ्दो लोकप्रियता र आकर्षणलाई थप पुष्टि गरेको छ । यी दुई अवार्डले मलेसियाको प्रतिस्पर्धात्मक विद्युतीय सवारी बजारमा प्रोटोन ई.मास ५ ले प्राप्त गरिरहेको विश्वास र स्वीकार्यतालाई प्रतिबिम्बित गर्छन् । पिपुल्स च्वाइस अवार्डले उपभोक्ताको रोजाइ र विश्वासलाई सम्मान गरेको छ भने एडिटर्स च्वाइस अवार्डले अटोमोबाइल क्षेत्रका विज्ञहरूको मूल्यांकनका आधारमा यसको समग्र गुणस्तर, उपयोगिता र मूल्यलाई मान्यता दिएको छ ।



यो उपलब्धिले आधुनिक डिजाइन, उन्नत प्रविधि, स्मार्ट कनेक्टिभिटी र दैनिक प्रयोगका लागि आवश्यक व्यावहारिक सुविधासहित विद्युतीय सवारीलाई थप सहज र पहुँचयोग्य बनाउने प्रोटोनको प्रतिबद्धतालाई थप बलियो बनाएको छ । नेपालमा पनि विद्युतीय सवारीको बजार विस्तार हुँदै गएको र उपभोक्ताहरूले प्रविधिमैत्री, व्यावहारिक तथा उचित मूल्यका सवारी साधनलाई प्राथमिकता दिन थालेको वर्तमान सन्दर्भमा यो अन्तर्राष्ट्रिय उपलब्धि महत्वपूर्ण रहेको छ । यसले नेपाली अटोमोबाइल बजारमा प्रवेश गरिरहेको प्रोटोन ई.मास ५ को विश्वसनीयता र बजारप्रतिको आकर्षणलाई थप मजबुत बनाउने अपेक्षा गरिएको छ ।

नेपालमा प्रोटोन सवारी साधनको आधिकारिक वितरक जगदम्बा मोटर्सले नेपाली ग्राहकहरूका लागि अन्तर्राष्ट्रिय स्तरमा पहिचान बनाएका सवारी साधन तथा नवीनतम मोबिलिटी समाधान उपलब्ध गराउन प्रतिबद्ध रहेको जनाएको छ । प्रोटोन मलेसियासँगको सहकार्यमा कम्पनीले बिक्री तथा सेवा सञ्जाल विस्तार गर्दै ग्राहकलाई भरपर्दो र सहज सवारी स्वामित्वको अनुभव प्रदान गर्ने लक्ष्यसहित नेपालमा प्रोटोनको उपस्थिति थप सुदृढ बनाउँदै आएको छ । प्रोटोन ई.मास ७ को सफल परिचयपछि प्रोटोन ई.मास ५ को आगमन नेपालमा कम्पनीको विद्युतीय मोबिलिटी विस्तारको अर्को महत्वपूर्ण कदमको रुपमा हेरिएको छ ।

दराजको ११.११ अभियान नोभेम्बर १९ सम्म विस्तार

काठमाडौं/मस– दराजको किनमेल उत्सव 'दराज ११.११' मा ग्राहकहरूको उत्साहजनक सहभागिता भएपछि दराज नेपालले अभियानको अवधि बढाएर नोभेम्बर १९ सम्म पुऱ्याएको छ । ग्राहकहरूले चाडपर्वको अवसरमा ८० प्रतिशतसम्मको छुट, २ करोड रुपैयाँभन्दा बढीका भौचर तथा छनोट गरिएका सामग्रीमा निःशुल्क घरदैलोमा सामान पुऱ्याउने सुविधासहितका आकर्षक अवसर हरूको थप लाभ लिन सक्नेछन् । अभियानका सुरुवाती दिनहरूमा विभिन्न सामग्री तथा वस्तुहरूमा ग्राहकहरूको उल्लेखनीय चासो र सहभागिता देखिएपछि अभियानको अवधि विस्तार गर्ने निर्णय गरिएको हो । दराजले कुनै पनि ग्राहकलाई उपलब्ध आकर्षक छुट तथा विशेष सुविधाको अवसरबाट वञ्चित हुन नदिने उद्देश्य राखेको छ । यस वर्षको ११.११ सेल तिहार तथा छठ पर्वसँगै परेको छ, जसले चाडपर्वको तयारीमा रहेका उपभोक्ताका लागि यसलाई अझ विशेष बनाएको छ । यसअघि १०.१० अभियान दसैंको अवसरमा सञ्चालन गरिएको थियो । यसरी दराजले नेपालका प्रमुख चाडपर्वको अवसरमा उपभोक्ताका लागि निरन्तर किनमेलका आकर्षक अवसर दिइरहको कम्पनीले जनाएको छ ।



अभियानले नेपाली उपभोक्तामाझ विद्युतीय भुक्तानीको बढ्दो प्रयोगलाई समेत उजागर गरेको छ । दराजमा हुने कुल भुक्तानीमध्ये ६० प्रतिशतभन्दा बढी भुक्तानी अग्रिम भुक्तानी तथा क्यूआर भुक्तानीलगायतका विद्युतीय माध्यमबाट हुने गरेको छ । यसले नगदरहित कारोबारप्रति उपभोक्ताको बढ्दो विश्वास र आकर्षणलाई प्रतिबिम्बित गर्छ। बैंक तथा विद्युतीय भुक्तानी सेवा प्रदायकहरूसँगको सहकार्यमा उपलब्ध आकर्षक छुट, नगद फिर्ता तथा विशेष सुविधाले पनि ग्राहकहरूलाई विद्युतीय भुक्तानीतर्फ प्रोत्साहित गरेको कम्पनीले जनाएको छ । त्यसैगरी, आफ्नो सेवा विस्तारलाई निरन्तरता दिँदै दराजले दराज एक्सप्रेसमार्फत देशभरका ५१६ सहरमा सेवा पुऱ्याउँदै आएको छ ।

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएको छ ?
यदि छ भने हामीलाई सम्झनुहोस्
हाम्रा सेवा तथा सुविधाहरु
- कम्प्युटर, प्रिन्टर, ल्याप्टप, फोटोकपी आदि खरिद बिक्री तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्री तथा मर्मत
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु
- कम्प्युटर, प्रिन्टर फोटोकपी आदिको वार्षिक सर्भिस



नुम्स कम्प्युटर्स प्रा. लि.
सम्पर्क नं. ९८४१५६५७९४, ९८४१३०६५३०

मधुमेह (डायबिटिज) बाट बचौं

मधुमेहले,
- शरीरका विभिन्न अंगमा क्षति पुऱ्याउने,
- मुटु, मृगौलाले काम नगर्ने,
- अन्धोपन, पक्षघात लगायतका जोखिम बढाउन सक्छ ।



मधुमेहबाट बच्न,
- शरीरको तौल सन्तुलित राखौं,
- चिल्लो तथा चिनीजन्य परिकार कम खाऔं,
- जङ्कफुड, प्रशोधित तथा तारेका पदार्थहरु नखाऔं,
- धुम्रपान, मद्यपान नगरौं ।

तनाव व्यवस्थापन, नियमित व्यायाम एवम् स्वास्थ्य परीक्षण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: ०१-५३२६३६६, ०१-५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रक: एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: मदनकुमार श्रेष्ठ सम्पादक: जनक नेपाल